# अध्याय एक

# परिचय

## १.१. विषय प्रवेश

शैलीवैज्ञानिक अध्ययन विश्लेषणको माध्यमबाट नेपाली साहित्यको भाषापरक अध्ययन गर्ने परम्पराको ऐतिहासिक पृष्ठभूमि त्यति लामो पाइदैन । नेपाली शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्ने परम्परा वि.सं. २०३० को दशकदेखि हालसम्म गरिदैआएको पाइन्छ । तर शैलीवैज्ञानिक अध्ययन विश्लेषणको थालनी भने नेपाली भाषाले शैलीवैज्ञानिक अध्ययनमा पाश्चात्य आङ्गल अमेरिकाली र हिन्दी शैलीवैज्ञानिक अध्ययनबाट प्रमाणित भएको कुरालाई नकार्न सकिदैन ।

वासुदेव त्रिपाठीका अनुसार, विगत एक शताव्दी (सन् १९१५) यताका शैलीवैज्ञानिक यात्राका क्रममा शैली सम्बन्धी पाँच आधारभूत दृष्टिकोण देखा परेका छन् जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

क) शैलीलाई लेखकीय भावविचारको गुदीको भाषिक बाह्य आवरण वा सामान्य भाषामा थपिएको अतिरिक्त भाषिक पराभाषिक तत्व मान्ने ।

ख) शैलीलाई लेखकको मनोलोकको प्रतिविम्वक वैयक्तिक भाषिक प्रवृत्ति मान्ने ।

ग) शैलीलाई भाषागत मानक विचलनका  रुपमा हेर्ने ।

घ) शैलीलाई उपलव्ध भाषिक विकल्प मध्येको चयन र विन्यास मान्ने ।

ङ) शैलीलाई भाषका व्याकरणत्मक ढाँचा (समध्वनि, लेखिम, रुपिम, समरुप-शव्द, पद, पदावली, खण्डकाव्य, वाक्यभन्दा विशिष्ट अन्तरवाक्यीय वाक्योत्तर) सङ्कथनगत वैशिष्ट्य मान्ने ।

साहित्यिक कृतिको भाषिक पक्षको वस्तुपरक अध्ययन नै शैलीविज्ञान भएकाले साहित्यिक कृतिको संरचना, बनोट, बुनोट आदिको विश्लेषण र कृतिको अन्तरनिहित कला सौन्दर्यको समेत अध्ययन शैलीविज्ञानले गर्दछ । अध्ययनमा रविमान लमजेलको आस्थाका

पदचापहरु २०६९ कथा सङ्ग्रहमा समाविष्ट कथाहरुको क्षेत्रलाई सिमाङ्कन गरी यस कथासङ्गालो भित्रका कथाहरुको अध्ययन विश्लेषण गरिएको छ । तत्वगत आधारमा कथानक र पात्रको विश्लेषण गरिएको छ । ध्वनि, शव्द, वाक्य, आदिको विचलन र भाषिक विकल्पहरु मध्येबाट चयन, व्याकरणत्मक ढाँचालाई ध्यान दिएर ध्वनि व्यवस्था, शव्दरुप, वाक्य र अर्थको विश्लेषण गरिएको छ ।

(भण्डारी, २०६९) ले स्रष्टा रविमान लमजेल व्यक्तित्व र कृतित्वमा लेख्छन्, *रविमानका कथाहरुमा* सरल नेपाली भाषाका साथै कथ्य भाषा र पूर्वेली भाषिकाको पनि प्रयोग गरिएको छ । कथाका सामाजिक यथार्थ तथा वर्तमान वास्तविकतालाई कलात्मक ढङ्गमा प्रस्तुत गर्न एकदमै सक्षम छन् । कलात्मक अभिव्यक्तिको साधन नै भाषा हो । फलतः प्रस्तुत शोधको पृष्ठभूमि साहित्यकार रविमान लमजेलका कथासङ्गालो ‘आस्थाका पदचापहरु’ कथासङ्गालोमा समाविष्ट कथाहरुमा प्रयुक्त भाषिक प्रयोगको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

यस शोधको समस्या भनेको साहित्यकार रविमान लम्जेलको आस्थाका पदचापहरु कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययन गर्नु हो । यस कथा सङ्गालोमा सङ्कलित कथाहरुको लेखन शैली, भाषिक प्रयोग, रचना शिल्प, संरचना आदि विषयवस्तुका आधारमा हालसम्म शैलीवैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन नभएको हुँदा उल्लिखित कथा सङ्गालो भित्र समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु नै अध्ययनको मुख्य समस्या रहेको छ । ‘आस्थाका पदचापहरु’ कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन र विश्लेषण निम्न समस्याहरुमा केन्द्रित रहेको छ :

क) कथावस्तु र पात्रका आधारमा ‘आस्थाका पदचापहरु’ कथा सङ्गालो भित्रका धन बहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तिको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरु के-कस्ता रहेका छन् ?

ख) चयन र विचलनका आधारमा 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धन बहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तिको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथा के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन शोध शीर्षकसँग सम्बन्धित शोधकार्य निम्न उद्देश्यहरुमा केन्द्रित रहेको छ ।

क) कथावस्तु र पात्रका आधारमा 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका दश कथाको विश्लेषण गर्नु ।

ख) चयन, विचलनका आधारमा 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका दश कथाको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा र साहित्य एक अर्काका परिपूरक हुन् । साहित्यिक सौन्दर्यको मापन भाषावादी दृष्टिबाट हुन्छ । बनोट र बुनोटको विश्लेषणसँग अन्वित भएर भाषिक माध्यमबाट कृतिको सौन्दर्यलाई उत्कर्षमा पुऱ्याउने काम शैली वैज्ञानिक अध्ययन विश्लेषणले गर्दछ । साहित्यिक कृतिको अध्ययन विश्लेषणबाट साहित्यका विभिन्न स्रष्टाको प्रतिभा फस्टाउने अवसर हुन्छ भने अर्कातिर व्यक्तिमा निहित द्रष्टा व्यक्तित्व समेत प्रस्फुटित हुने राम्रो अवसर प्राप्त हुन्छ । साहित्यका विभिन्न विधाको अध्ययनबाट विद्यार्थीले आफ्नो वौद्धिक तथा संवेगात्मक अनुभूतिलाई क्रमशः अभिव्यक्त गर्दै त्यसबाट शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता साथै सामाजिक तथा नैतिक पक्षको विकासमा समेत टेवा पुग्दछ (अधिकारी, २०६२, पृ १०८) ।

शैली वैज्ञानिक अध्ययनले वस्तुवादी, पूर्वाग्रह रहित, प्राज्ञिक दृष्टिकोणले युक्त शोधार्थी, साहित्यकारहरुले ग्रहण गरिएको कथा विधानलाई प्रासङ्गिक, प्रभावकारी र सर्वमान्य विश्लेषण र गहिरो अन्वेषण गरी निष्कर्ष निकाल्न सक्ने उत्पादनशील र सिर्जनशील बनाउन शोधार्थीलाई सहयोग पुऱ्याइएको छ । प्रस्तुत 'आस्थाका पदचापहरु' कथासङ्गालोमा आधारित भएर समालोचकहरुले समालोचना वा टिप्पणी गरे पनि इमान्दार,

सदाचारयुक्त ज्ञानलाई युगानुकूल बनाउँदै लैजान शोधार्थीबााट मात्र यसको वैज्ञानिक, वस्तुगत तथा व्यवस्थित रुपमा कृतिकेन्द्री अध्ययनका लागि शैलीवैज्ञानिक अध्ययनले महत्वपूर्ण भूमिका खेलेको छ । यस्तो अध्ययनले जटिल बनेका कथाहरुको शिक्षण प्रक्रियामा सुधार भई सहजता ल्याउँदछ । यसरीनै शिक्षक, विद्यार्थी, विश्लेषक, समीक्षक, प्राज्ञिक, शैक्षिक र नयाँ शोधार्थीलाई सहयोग पुग्ने हुनाले यस अध्ययनको औचित्य र महत्व देखिएको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ । व्यापक क्षेत्रको अनुसन्धान गर्दा शोधकार्य वस्तुगत, वैज्ञानिक र सार्थक नभई सैद्धान्तिक रुपमा आधार र ढाँचा विहिन हुन्छ जसले गर्दा अध्ययन सूक्ष्म र विशिष्ट नभई शारीरिक संरचना नमिलेको मासुको थुप्रो जस्तो मात्र हुन्छ । यसकारण यो शोधकार्य पूरा गर्नका लागि निम्न सीमामा रही ‘आस्थाका पदचापहरु’ कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

क) कथाकार रविमान लमजेलको ‘आस्थाका पदचापहरु’ कथा सङ्गालोको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेको छ ।

ख) कथावस्तु र पात्र वा चरित्रका आधारमा ‘आस्थाका पदचापहरु’ कथा सङ्गालो भित्रका तोकिएका दश कथामा मात्र यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

ग) चयन र विचलनका आधारमा मात्र ‘आस्थाका पदचापहरु’ कथा सङ्गालो भित्रका छानिएका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको रुपरेखा

प्रस्तुत शोधपत्र आस्थाका पदचापहरु कथासङ्गालोमा समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययनको रुपरेखालाई निम्नानुसार राखिएको छ :

अध्याय  एक : शोधको परिचय

अध्याय  दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : अध्ययनको व्याख्या र विश्लेषण

अध्याय पाँच : उपसंहार

सन्दर्भ ग्रन्थसूची

# अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा

### २.१. पूर्वकार्यको समीक्षा

नेपालमा त्रि.वि.ले शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण शुरु गरेपछि भाषा शिक्षण सम्वन्धी अनुसन्धानहरु हुँदै आएका छन् । शिक्षा शास्त्र सङ्काय एम एड नेपाली दोस्रो वर्षको पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति अनुसन्धान भएका छन् । हालसम्म उपन्यास,नाटक, गीतिनाटक, खण्डकाव्य र निवन्धसङ्ग्रह, कथासङ्ग्रहका क्षेत्रमा शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । हालसम्म भएको शैली वैज्ञानिक अध्ययनहरुमा सबैभन्दा बढी उपन्यासहरुमा पाइन्छ ।

धमला (२०६१) अनिदो पहाडसँगै उपन्यासको शैली वैज्ञानिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौँ) ले शैली वैज्ञानिक अध्ययन गरेको पाइन्छ । राल्फाली आन्दोलन वि.सं. २०२३-२०३० लाई विसर्जन गरी प्रगतिवादी चिन्तनको नयाँ प्रवाहबाट लेखन सुरुवात गर्ने पारिजात अनिदो पहाडसँगै उपन्यासले उनलाई प्रगतिवादी चिन्तनको उत्कर्षमा पुऱ्याएको पाइन्छ । शव्द चयन र वाक्य चयन नै उपन्यासका प्राण जस्तो लाग्ने अनिदो पहाडसँगै उपन्यासका कोशीय विचलन, आर्थी विचलन, ध्वनि प्रक्रियात्मक विचलनले उपन्यासलाई सौन्दर्य प्रदान गरेको छ । प्रतीकको प्रयोगले भाषालाई मिठास र कोमल बनाएको छ भन्ने कुरा यस अध्ययनमा पाइन्छ ।

पन्थी, (२०६३) ले बसाइ उपन्यास शैली वैज्ञानिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुर :काठमाडौँ शैलीवैज्ञानिक अध्ययन गरेको पाइन्छ । उक्त अनुसन्धानमा उपन्यासको औपन्यासिक, चरित्र र भाषामा केन्द्रित भई अनुसन्धान गरेको देखिन्छ । उपन्यास आदि मध्य, र अन्त्यको शृङ्खला मिलेको र पूर्वेली भाषिकाको बाहुल्य रहेको  उक्त अनुसन्धानले देखाउँछ ।

बम (२०६४) ले उपसंहार अर्थात चौथो अन्त्य उपन्यासको शैलीवैज्ञानिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौँ)

शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरेको पाइन्छ । अवसरवादी र निष्ठावादी विचारको अवस्था देखाइएको यो उपन्यास नेपालको पञ्चायती व्यवस्थामा भएका, गरेका विभिन्न घटनाहरुलाई यसका मूल पात्र लक्ष्मी र रविका माध्यमबाट देखाइएको कुरा उल्लेख गरिएको पाइन्छ । शैलीवैज्ञानिक भाषाका आधारमा पनि यसको अध्ययन विश्लेषण गरेको पाइन्छ ।

थापा (२०७२) ले अन्तर्व्यथाः आजको कथा सङ्ग्रहमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन शीर्षकमा अप्रकाशित स्नातकोत्तर शोधपत्र शिक्षा शास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा : झापाबाट शैली वैज्ञानिक अध्ययन गरेको पाईन्छ । उक्त अनुसन्धानमा सङ्ग्रह भित्रका छनोट गरिएका कथाहरुको चरित्र, चयन, विचलन र समानन्तरतामा केन्द्रित भई अनुसन्धान गरेको देखिन्छ ।

रविमान लमजेलको साहित्यिक जीवनी व्यक्तित्व र कृतित्व अध्ययन र अध्यापनबाट साहित्यिक प्रष्फुटनको उजागर गरिए पनि वास्तवमा उनको कथा सङ्गालो भित्रका कथाहरुको शैलीवैज्ञानिक रुपमा छुट्टै अध्ययन, विश्लेषण, अनुसन्धान नभएबाट उनका कथामा प्रयुक्त शैलीविज्ञानलाई यथार्थ अध्ययन गरी पत्ता लगाउन यो शोधपत्र तयार पारिएको छ ।

### २.१.१ पूर्वकार्यको उपयोगिता

प्रमाणिक रुपमा अनुसन्धेय विषयसँग गाँसिएर सम्बन्धित पूर्व अध्ययनहरुले शोधकार्य सम्पन्न गर्न सहयोग पुर्‍याउँछन् । अध्ययनलाई विश्वस्त बनाउन पूर्वकार्यले आधारहरु निर्माण गर्दछ । भरपर्दो विश्वसनीय निष्कर्ष निकाल्न पूर्वकार्यको समीक्षाले निश्चित र वैज्ञानिक ढङ्गबाट सहयोग पुर्‍याएको हुन्छ ।

पूर्वकार्यको अभावमा शोधकार्यको उद्धेश्यले गति पाउन सक्दैन । तसर्थ अनुसन्धानलाई निश्चित ढाँचा प्रदान गरी उद्देश्यमूलक बनाउन पूर्वकार्यको समीक्षाले मार्गदर्शन गर्दछ । सङ्कलित सामग्रीको व्यवस्थापन र संगठन गर्न पूर्वकार्यले दिशावोध गर्दछ । तथ्याङ्क सङ्कलन र सङ्कलित तथ्याङ्कको विश्लेषण गरेर निष्कर्षमा पुर्‍याउन पूर्वकार्यले मार्गदर्शन गराउँछ । अध्ययनलाई चुनौतीपूर्ण समस्याहरुबाट मुक्त गर्न र निष्कर्ष निकाल्न पूर्वकार्यको समीक्षा आवश्यक छ ।

पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न, शीर्षक चयन गर्न सहयोग गर्ने प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरु निर्माण गर्न र अनुसन्धान पद्धति निर्क्योल गर्न अनुसन्धानलाई उपलब्धि मूलक बनाउन, नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न, अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न, पहिले भएका अनुसन्धानहरुको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका लागि यसभन्दा अगाडिका अनुसन्धानकार्यहरुले पूर्वकार्यको रुपमा सहयोग प्रदान गरेको छ । अतः प्रस्तुत शोधकार्यलाई निश्चित ठाउँमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ । हालसम्म रविमान लमजेलको 'आस्थाका पदचापहरु' कथा सङ्गालोको शैलीवैज्ञानिक अध्ययन अनुसन्धान कार्य नभएको हुँदा यो अध्ययन नै प्रारम्भिक अनुसन्धान रहेको छ ।

**सैद्धान्तिक अवधारणा**

**२.२.१ परिचय**

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार शैली वैज्ञानिक पद्धति मानिन्छ । यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ । यसमा सैद्धान्तिक स्वरुप, शैली विज्ञानको विश्लेषण प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

नेपाली भाषामा प्रचलित शैली संस्कृत भाषाको शील् धातुमा लक् प्रत्यय लागि व्युत्पन्न भएको तत्सम् शब्द हो ।  समालोचनाका क्षेत्रमा वर्तमानमा निकै प्रचलनमा आएको यो शब्द ल्याटिन भाषाको स्टिलबाट अङ्ग्रेजीमा आएको स्टाइल शब्दको नेपाली रुपान्तरण हो । ल्याटिन भाषामा स्टिल शव्दले धातुले लेख्ने साधन भन्ने जनाउँछ । अङ्ग्रेजीमा विभिन्न अर्थका लागि शैली शब्दको प्रयोग भएतापनि साहित्यका सन्दर्भमा अङ्ग्रेजीको स्टाइल शव्दले भावाभिव्यक्ति प्रकट गर्ने तरिका अर्थात वक्ताको वक्तृत्व शक्ति, लेखकको अभिव्यञ्जना पद्धति, व्यक्तिको वैयक्तिक विशिष्टता, विषय विवेचनाको प्रविधि, आचार विचार एवम् व्यवहारको ढङ्ग बोलाइको तौरतरिकालाई सङ्केत गरेको देखिन्छ ।

प्राचीन संस्कृत साहित्यमा शैलीको पर्यायका रुपमा विभिन्न साहित्याचार्यहरुले एकाधिक शव्दको प्रयोग गरेका छन् । तीमध्ये रीति शब्द सर्वाधिक प्रचलित र प्रसिद्ध छ (

नेपाल, सन् १९९२, पृ. ३२) । साहित्यको शैलीका निम्ति रीति शब्दको प्रयोग गर्नुपूर्व यसको स्थानमा वृत्ति, प्रवृत्ति, मार्ग आदि एकाधिक संज्ञा प्रचलित थिए ।

उपर्युक्त पृष्ठभूमितर्फ नियाल्दा अङ्ग्रेजी शब्द 'स्टाइल'को संस्कृत पर्यायका रुपमा रीति शव्द नै प्रचलित देखिन्छ (पूर्ववत, पृ.३३) । भारतीय आर्य भाषाका साहित्यमा शैली शव्दले अङ्ग्रेजी स्टाइल र संस्कृत रीतिको सर्वमान्य पर्यायका रुपमा प्रचलन र स्थिरता पाइसकेको देखिन्छ । शैलीलाई अर्थ्याउने क्रममा बृहत नेपाली शब्दकोशले निम्न अर्थ दिएको छ :

क) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँट, छन्द,

ख) असल शील स्वभाव भएका व्यक्तिबाट हुने कुरो,

ग) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन

घ) साहित्य रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव,

अभिव्यक्त हुने खास ढाँचा (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली) आदि ।

शैलीको सन्दर्भमा विभिन्न विद्वानहरुले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । ती अवधारणाहरु कुनै पाठकपरक, कुनै लेखककेन्द्री र कुनै श्रोताकेन्द्री छन् । यहाँ शैली सम्बन्धी केही धारणहरु प्रस्तुत गरिएका छन् :

शैली चयन हो । चयन भनेको छनोट हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पमध्ये कुनै एउटा भाषिक एकाइको सुविचारित छनोट गर्दछ । जस्तै : आमा र माता दुवैको अर्थ एउटै हो । स्रष्टाले यी दुवै शब्दमध्ये कुनै एकको छनोट गर्दछ । स्रष्टाले उपलब्ध विकल्पहरुमध्ये ज्यादै सुहाउँदो चाहिँ छानेर लिनु नै चयन हो । आमा र माताको अर्थ एउटा भए पनि शब्द स्रोताका क्रममा जुनलाई उपयुक्त ठान्छ त्यसैलाई छनोट गरेर लिनु नै चयन हो । चयन अभिव्यक्तिको तहमा पनि हुन्छ तर यसको खास प्रयोजन चाहिँ भाषिक तहमा देखापर्दछ (उही, पृ.५४१) ।

पूर्वीय आचार्य वामनका अनुसार विशिष्ट पद संघटना रीति हो भन्ने र पाश्चात्य विद्वान स्विस्टको काव्य उत्तम क्रममा उत्तम शव्द योजना हो भन्ने भनाइले शैली भाषिक विकल्पहरुबाट गरिएको चयन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ (उही, पृ २३) । स्रष्टाले विभिन्न उपलव्ध विकल्पहरुमध्ये उपयुक्त विकल्प छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ । संयोजनामा वैयक्तिक भिन्नता भए पनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्दति अवलम्बन गरिएको हुन्छ । विचलन भनेको व्याकरणगत नियमको अनभिज्ञतावश गरिने अव्याकरणिक प्रयोग होइन (नेपाल, सन् १९९२, पृ ४४) ।

शैली कथ्य र रुप दुवै हो । शैलीमा कथ्य र रुप दुबैको अन्विति पाइन्छ । चार्ल्स बाली र उनका अनुयायीहरुले शैलीलाई कथ्य वा विचारको आवरणका रुपमा परिभाषित गरेका छन् (उही, पृ ४०) । यसमा कृतिभित्रको कथ्य र कृति रचनाको कारण स्रष्टाको दृष्टिकोण एवम् लेखन पद्दतिको प्रभाव कलात्मक रुपमा भएको हुन्छ ।

शैली अर्थ हो । वास्तवमा शैली रुपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो । भाषिक संरचनाद्धारा सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ ।

शैली भाषा हो । सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाको माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रुपमा प्रस्तुत गर्दछ र यो भाषा विना सम्भव छैन । शैली भाषाको वैविध्य हो । सामान्य भाषा व्याकरणिक दृष्टिकोणले मिल्दोजुल्दो भएपनि स्रष्टाले व्याकरणका नियमहरुको अतिक्रमण गरेर आफ्ना रचनालाई बढी आकर्षक र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा अभिधात्मक, एकार्थक, अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्षणात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङ्कृत, विचलित, भावोपयोगी एवम् कलात्मक रुपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रुपमा लिइएको हो ।

उपर्युक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढङ्गका रुपमा अर्थ्याउन सकिन्छ । हरेक व्यक्तिको व्यक्तित्व फरक हुन्छ । व्यक्तित्व अनुसार हरेक व्यक्तिको अनुभव पनि फरक फरक हुन्छ । जे होस्, रचनामा स्रष्टाको व्यक्तित्व

विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

## २.२.२ शैली विज्ञानको परिचय

शैली विज्ञान साहित्यिक समालोचनाको नविनतम विधा वा प्रकार हो । शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्वपूर्ण अङ्ग वा शाखा मानिन्छ । भाषा विज्ञानले सामान्य भाषा झैँ काव्य भाषा वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि सो काव्यभाषाको विश्लेषणका निम्ति शैली विज्ञानको उदय भएको देखिन्छ । शैली विज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो, जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरुको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ । शैली विज्ञानको फाँटभित्र सामान्यको नभएर विशिष्ट ( साहित्यिक) भाषाको प्रयोगको अध्ययन विश्लेषण गरिन्छ । शैली विज्ञानको साहित्यिक कृति वा सङ्कलनको भाषिक आधारमा विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेको कलात्मक संवेगहरुको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित  सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ । त्यसैले शैली विज्ञानलाई भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैली विज्ञानको प्रारम्भ भएको मानिन्छ । शैलीका सम्बन्धमा भरत, भामह, दण्डी, आनन्दबर्धन, कुन्तक, आदिबाट साहित्यमा शास्त्रीय चिन्तन भएको पाइन्छ भने पश्चिममा प्लेटो, अरस्तु, सिसेरो आदिले शैलीका सम्बन्धमा चर्चा गरेको पाइन्छ ।

### क) सामान्य शैली विज्ञान

साहित्येत्तर अभिव्यक्ति सम्बन्धी भाषा वैज्ञानिक अध्ययनलाई सामान्य शैली विज्ञान अन्तर्गत राखिन्छ । यसमा सामान्य भेद र स्तरीय भेद, औपचारिक र अनौपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्ति सङ्गठनहरुको भाषिक अध्ययन विश्लेषण गरिन्छ । यसैमा एकअर्काबीच घनिष्ट शैली, आकस्मिक शैली उच्चारण सम्बन्धी विभिन्न भेद जस्तै : (संवाद, विवाद, छलफल आदि)को अध्ययन गरिन्छ । त्यसैगरी प्रयोजनपरक भेद (विज्ञान, कानुन, धार्मिक, अर्थशास्त्र, राजनीति आदि)लाई सामान्य शैली विज्ञानमा नै समेटिन्छ । चिठी पत्र, निवेदन, विज्ञापन, आदि पनि यसै अन्तर्गत पर्दछन् ।

**ख) साहित्यिक शैली विज्ञान**

भाषाका खास भेदको (साहित्य) अध्ययन गर्ने शैली विज्ञान साहित्यिक शैली विज्ञानका नामले चिनिएको पाइन्छ । साहित्यिक प्रसङ्गहरुको प्रकृति तथा साहित्यिक भाषाको उद्देश्यमूलक नियमको अनुशासनमा बाँधिएर अध्ययन गर्ने यसले भाषिक उपकरणका आधारमा व्यक्तिगत सौन्दर्यको उद्घाटन गर्न जोड दिएको हुन्छ । वाङ्मयको ललितकलाका स्वरुपहरु यसको अध्ययन क्षेत्रमा पर्दछन्, जस्तै : कथा उपन्यास, कविता, नाटक आदि भाषिक माध्यमबाट व्यक्त हुने प्रत्येक रुपलाई साहित्यका रुपमामात्र लिन नसकिने भएकाले मनुष्यको भाव संसारसित सम्बन्धित भाषिक कलालाई मात्र साहित्यिक शैली विज्ञान अन्तर्गत राखेर अध्ययन गरी साहित्यिक सौन्दर्य र उत्कृष्टताको खोजी गरिन्छ । साहित्यिक शैली विज्ञानमा भाषिक एकाइको पनि शैली वैज्ञानिक अध्ययन गरिन्छ ।

## २.२.४. शैली विज्ञानको सैद्धान्तिक स्वरुप

शैली विज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ । प्रतीकझैँ मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्षसँग (रुप) सम्बन्धित हुन्छ भने कथ्य आन्तरिक पक्ष (अर्थ, सन्दर्भ) सँग सम्बन्धित हुन्छ । प्रत्येक रचना यी दुवैको समन्वयात्मक रुप हुने भएको हुँदा शैली विज्ञानले अभिव्यक्ति वा रुपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्दछ र कृतिको संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन एवम् मर्मवोध गराउँछ ।

प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त रुप हुन्छ , जसलाई रचनाको बाह्यतल भनिन्छ । यस्तै रचनाको अमूर्त रुप पनि हुन्छ जसलाई कृतिको गहनतल भनिन्छ । शैली विज्ञानले कृतिको बाह्यतलबाट समतलमा ओर्लने प्रक्रिया अँगाल्दछ । अर्थात शैली विज्ञानले कृतिको अमूर्त रुपलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ ।

## २.२.५. शैली वैज्ञानिक समालोचनाको तह

शैली विज्ञानले खास तहमा आधारित भएर साहित्यिक कृतिको व्याख्या विश्लेषण गर्दछ । यसले प्रत्येक सिङ्गो पाठलाई कलाप्रतीकका रुपमा हेर्दछ । यसरी साहित्यिक

पाठलाई कलाप्रतीकका रुपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा पहिले शैली विज्ञान अध्ययन विश्लेषणका अरु केही स्तरहरु हुँदै अघि बढेको हुन्छ ।

**क) आधार सामग्रीको तह**

साहित्यिक कृतिमा प्रयोग गरिएको भाषा यस तह अन्तर्गत पर्दछ । यस तहको अध्ययन विश्लेषणमा नै कृतिमा प्रयुक्त ध्वनि, रुप, शव्द, पदावली, उपवाक्य र वाक्य आउँछन् । वाक्य चाहिँ रचनाको विश्लेषण गर्ने उत्तम एकाइ मानिन्छ । यो तह शैली विज्ञानको प्रारम्भिक तह भएकाले यसमा उक्त भाषिक एकाइहरुको संरचनात्मक तथा व्याकरणिक स्थिति बारे विश्लेषण गरिन्छ र यसले अन्य तहको लागि आधार प्रदान गर्दछ ।

**ख) कला माध्यमको तह**

यस अन्तर्गत वाक्यभन्दा माथिल्ला भाषिक एकाइको अध्ययन विश्लेषण गरिन्छ । यसभित्र छन्द, अलङ्कार, अर्थ, लय, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिलाई पनि विश्लेषण गरिन्छ । कलानुभूतिका विविध सामग्रीका माध्यमबाट अध्ययन विश्लेषणद्वारा कृतिको साहित्यिकताको अध्ययन गरिन्छ । यो साहित्यिक छविका रुपमा रहेको हुन्छ । यसमा वाक्य वा सोभन्दा माथिका भाषिक एकाइहरु समेटिन्छन् । जसलाई साहित्यिक शैली विज्ञानका रुपमा पनि चिनिन्छ ।

**ग) भाषिक प्रतीकको तह**

विश्लेषण गर्ने सिङ्गो संरचना नै भाषिक प्रतीक भएकाले यस तहमा कृतिको संरचनागत बनोट, वुनोट आदिको अध्ययन विश्लेषण गरिन्छ । साहित्यिक कृतिको संरचनाको अध्ययन गरिने भएकाले यो संरचनाभन्दा माथिल्लो एकाइ हुँदैन । त्यसैले कृतिको संरचना नै स्वायत्त एकाइको रुपमा रहन्छ । संरचना अन्तर्गत कृतिको विविध घटकहरु समावेश भएका हुन्छन् र संरचक घटकहरुको कुल योगभन्दा जे जति बढी हुन्छ, त्यसको अध्ययन पनि यसैमा गरिन्छ । निष्कर्षमा भन्दा शैली विज्ञानको यस तहले कृतिमा रहेको सौन्दर्य उद्घाटन गर्दछ । यसलाई संरचनात्मक शैली विज्ञान पनि भनिन्छ । यसरी हेर्दा कृतिको साङ्गोपाङ्ग अध्ययन गर्दा उपर्युक्त तीनवटै तह उपयोगी मानिन्छ ।

### २.२.६. कृति विश्लेषणको शैली वैज्ञानिक आधार

शैलीका माध्यमबाट कुनैपनि कृतिको विश्लेषण एवं मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने शैली विज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरु नै कृति विश्लेषणका शैली वैज्ञानिक आधारहरु हुन् । यसका आधारमा कुनै पनि कृतिको व्यवस्थित क्रमबद्ध एवं वस्तुपरक ढङ्गमा विश्लेषण गर्न सकिन्छ । कृति विश्लेषणको शैली वैज्ञानिक आधारलाई राम्रोसँग नबुझिकन शैली वैज्ञानिक तवरले कुनै पनि कृतिको अध्ययन गर्नुपूर्व निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ (शर्मा, २०५५, पृ ५४८)

क) विश्लेष्य कृतिको प्रकृति कस्तो छ ?

ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

ग) उसको आफ्नो क्षमता कस्तो छ ?

घ) यसको शक्ति र सीमा के हो ?

शैली विश्लेषण प्रक्रियामा विशेषतः साहित्यिक संरचना र भाषिक संरचनाका कुराहरु पर्दछन् । भाषिक संरचना अन्तर्गत वर्णदेखि वाक्यसम्मका कोटिहरु पर्दछन् । कुनै पनि भाषामा सिमीत स्वर र सीमित वर्णहरु रहेका हुन्छन् । तिनै भाषिक उपकरण (वर्ण, रुप, पदावली, उपवाक्य, वाक्य) बाट नै साहित्यको सिर्जना हुन्छ ।

### २.२.७. साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आ आफ्नै संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु अथवा प्रस्तुत प्रसङ्गमा कुनै कृतिमा पाइने साना साना संरचक घटकहरुको कुल योगका साथै त्यसभन्दा बढी अरु पनि केही हो । जस्तैः मानिस आँखा, नाक, मुख, कान, हात, खुट्टा आदि जस्ता अवयव वा शरीरका लघु घटकहरुको कुल योग हो र सो कुल योगभन्दा बढी अरु पनि केही कुरा वा व्यक्तित्व हो । संरचनालाई बृहत घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । साहित्यिक संरचनामा घटकहरु हुन्छन् भने ती घटकहरुको निम्नलिखित क्रम श्रेणी वा तह पाइन्छ  (उही, पृ १२५) ।

### क) बनोट

बनोट वा संरचना कृतिमा पाइने साना घटकहरुको कुल योग हो । जस्तैः अङ्क, दृश्य, संवाद, आदि लघु घटकहरुको कुल योग नाटक हो भने भाग, परिच्छेद, प्रसङ्ग, घटना, आदि लघु घटकहरुको कुल योग उपन्यास हो । कृतिका सन्दर्भमा उपयुक्त अङ्क, दृश्य, संवाद, आदि अथवा भाग परिच्छेद आदि क्रमशः साना घटक हुन् र शैली विज्ञानले यिनै साना घटकहरुको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्दछ । यसरी हेर्दा संरचित कृति साना वा तल्ला घटकमा विभाजित हुन्छन् तर ती आफ्ना घटकहरुमा क्रमबद्ध र श्रङ्खलित भएर आएका हुन्छन । त्यसैले संरचनालाई वस्तुको आन्तरिक र अन्तरसम्बन्धित नियम, विज्ञान र व्यवस्थाको समुच्चय पनि भनिन्छ (उही, पृ.२०) ।

### ख) वुनोट

साहित्यिक कृतिको बनोट अमूर्त हुन्छ भने वुनोट चाहिँ मूर्त हुन्छ । वुनोट बनोटका पर्यायधारमा पाइने लघु घटकहरुको आफ्नो कार्य हो र एउटा घटकको अर्को घटकसँगको सम्बन्ध पनि हो । यस तहलाई लङ्घन, सिमीत वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । कथानक, पात्र, छन्द, अलङ्कार, बिम्ब प्रतीक आदि यस अन्तर्गत पर्दछन् । यी घटकहरु देखिने वा पाठकका मनमा प्रतिबिम्बित हुने भएकाले वुनोट कृतिको रुपगत पक्ष अन्तर्गत पर्दछ । यस उपकरणद्वारा शैली विज्ञानले कृतिको रुपगत पक्ष अर्थात् छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदि कृतिगत वैयक्तिक वैशिष्ट्यलाई केलाउँछ (उही, पृ. २१) ।

### २.२.८. भाषिक संरचना

भाषा साहित्यिक कृतिको माध्यम वा आधार सामग्री हो । यो बिना साहित्यिक कृतिको निर्माण सम्भव छैन । प्रत्येक भाषाको आफ्नै संरचना र व्यवस्था हुन्छ । भाषाका क्रमशः तल्ला संरचक घटकहरुको क्रमश्रेणी वा सोपानक्रम यस प्रकार रहेका छन् ।

**क) व्याकरण व्यवस्था**

व्याकरण व्यवस्थाअन्तर्गत कृतिमा बिध्यमान सम्पूर्ण व्याकरणिक प्रयोगका अवस्थालाई नियाल्ने काम गरिन्छ । यो रुपक्रिया र वाक्यविज्ञानसँग सम्बन्धित छ । व्याकरणिक विवरण दिन सकिने सबैभन्दा ठूलो भाषिक एकाइ वाक्य हो । व्याकरणको सिद्धान्तगत चर्चाभित्र वाक्यातीत घटनाहरुलाई पूर्ण रुपले स्वीकार र वर्णन गर्ने अझसम्म अप्राप्य नै रहेका छन् (नेपाल, सन् १९९२, पृ १३४) । व्याकरणीय धारा (लिङ्ग, वचन, पुरुष, काल, वाच्य आदि) तथा व्याकरणीय एकाइहरु (वाक्य, उपवाक्य, पदसमूह, शब्द, रुपिम आदि) को व्यवस्थित अनुक्रम नै व्याकरण व्यवस्था अन्तर्गत गर्दछन् । भाषिक संरचनाभित्र कृतिमा व्याकरणीय पक्ष कस्तो छ भनी विश्लेषण गर्ने कार्य व्याकरण व्यवस्था अन्तर्गत पर्दछ ।

**ख) शब्द व्यवस्था**

विभिन्न रुपहरुको समुच्च्यबाट शब्दको निर्माण हुन्छ । रुपहरु मुक्त र बद्ध गरी दुई प्रकारका हुन्छन् । रुपबाट निर्मित शब्द र त्यसको अर्थसँग शब्दव्यवस्थाको सम्बन्ध हुन्छ । यसैले यसलाई रुपक्रिया र अर्थव्यवस्थासँग सम्बद्ध भाषिक संरचनाका रुपमा हेरिन्छ ।

साहित्य शब्दगत व्यापार हो । भाषमा सहचार क्रमिक ढाँचामा रहेका शब्दको चयन र विन्यासक्रमिक ढाँचामा तिनको संयोजन नै भाषिक प्रयोगको मूल ढाँचा हो । शब्दको अध्ययनका पनि दुई आधारक छन् : स्रोतका दृष्टिले र प्रायोगिक स्वरुपका दृष्टिले । तत्सम, तत्भव र आगन्तुक गरी शब्दस्रोतका दृष्टिले तीन र प्रयोगगत स्वरुपका दृष्टिले विकारी र अविकारी शब्दलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जे होस्, कृतिको शैली वैज्ञानिक अध्ययन गर्दा प्रयोक्ताले कुन किसिमको शब्द कुन रुपमा प्रयोग गरेको छ र पाठमा कस्ता शब्दहरुको प्रयोग गरिएको छ भनेर अध्ययन गरिने काम शब्द व्यवस्था अन्तर्गत गरिन्छ ।

**ग) ध्वनि व्यवस्था**

भाषामा ध्वनिव्यवस्था अन्तर्गत खण्डीय र खण्डेतर ध्वनिहरुको व्यवस्था गर्दछन् । खण्डीय ध्वनिलाई स्वर र व्यवञ्जन गरी दुई किसिममा विभाजन गरिएको छ । ध्वनि उच्चारण गर्दा स्वास प्रवाहमा कुनै पनि किसिमको अवरोध नभई उच्चारित भाषिक ध्वनिहरु

स्वर हुन् । यी आक्षरिक, बढी श्रवणीय, सुस्पष्ट र घोष हुन्छन् । खण्डेत्तर ध्वनि भनेको टुक्रा पार्न नसकिने वा टुक्राका रुपमा स्वतन्त्र उच्चारण गर्न नसकिने ध्वनि हुन् । सामान्यतया स्वर र व्यञ्जनको गुण भएर आउने र स्वतन्त्र रुपले उच्चारण हुन नसक्ने ध्वनि खण्डेत्तर ध्वनि हुन् । यी ध्वनिहरु छुट्टै अस्तित्व लिएर आउँदैनन् । खण्डीय ध्वनिसँग मिसिएर आउँदा यिनीहरुले पनि संयुक्त रुपमा आफ्नो स्पष्ट अस्तित्व राखेकै हुन्छन् । यसरी खण्डीय ध्वनिसँग साथ लागेर प्रयुक्त हुने अनुनासिकता, आघात, लय, मात्रा तान आदि पर्दछन् ।

### २.२.९. शैली

सामान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । **शैली** शब्दलाई **रीति** शब्दले पनि उद्भाषित गरेको पाइन्छ । शैली प्रत्येक व्यक्तिमा वैयक्तिक हुने गर्दछ अथवा व्यक्ति पिच्छे शैलीमा पनि फरकपन देखिन्छ । एउटा प्रकारको तरिका नै शैली हो र यसको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैली विज्ञान भनिन्छ (अधिकारी २०६२, पृ १६१) । उनका अनुसार शैलीको पहिचान गर्ने सम्बन्धगत पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### क) विकल्पन र चयन

भाषामा प्रशस्त विकल्पहरु हुन्छन् । तिनै विविध विकल्पहरुको छनोट गरेर स्रष्टाले साहित्यिक कृतिको निर्माण गर्दछ । नेपाली भाषामा स्वर, ध्वनि तथा शब्दस्रोतमा थुप्रै विकल्पहरु पाइन्छन् । यी मध्ये स्रष्टाले विभिन्न सन्दर्भहरुमा उपयुक्त विकल्पको छनोट गर्दछ । विकल्पको छनोटमा सन्दर्भले पनि प्रभाव पारेको हुन्छ । अर्थात् जुन भाषामा जति धेरै पर्यायहरु छन्, तिनले अवश्य विविधता ल्याउँछन् । यसका साथै समावेशी तथा विपरीतार्थी शब्द पनि विकल्पहरु हुन् । यसदेखि बाहेक भाषामा विद्यमान विविध भाषिक भेदले पनि शैलीको विशिष्टता प्रदान गर्दछ । अर्थात् भाषाका विविध भेदहरु नै विकल्प हुन् । भाषामा जति बढी भेदहरु हुन्छन् त्यति नै बढी विकल्पहरु पाइन्छन् । यसरी हेर्दा भनाइलाई विविधिकरण गरी शैलीमा विविधता सिर्जना गर्न विकल्पको महत्व ठूलो रहेको देखिन्छ ।

**ख) चयन**

चयन भनेको छनोट हो । भाषिक आधारमा भन्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पहरु मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । पाश्चात्य साहित्यशास्त्रमा चयन सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको यस निर्देशनमा पाइन्छ । बीउ बोराबाट निकालेर हातले छर्नु पर्दछ, बोरासहित होइन अर्थात् रचनाको रचनाधर्मिता त्यसको छनोटमा हुन्छ, जसका लागि रचनाकार विशेष रुपमा सजग रहेको हुन्छ ।

सर्जकले आफ्ना शब्दभण्डारबाट सन्दर्भ अनुसार उपयुक्त वर्ण, रुप, शब्द, वाक्य तत्व आदिको उपयुक्त र आवश्यक विकल्प छनोट गरेर साहित्यिक रचना गर्ने कार्य गर्दछ । चयन विकल्प भित्रैबाट गरिन्छ । जस्तै नेपाली शव्दतहमा पृथ्वी शव्दका धरती, धरणी, भूमि जस्ता थुप्रै पर्यायहरु छन् । यस्ता विकल्पमध्येबाट सर्जकले आफ्नो अभिव्यक्तिको कुनै एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्दछ भने त्यो अकारण हुँदैन ।

## २.२.९. अग्रभूमि निर्माण

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो । यो एक किसिमको युक्ति हो जसले कुनै कुरालाई ध्यानाकर्षण गर्न शीर्षिकरण गराउँछ । यसको सामान्य प्रयोग स्वचालित हुने र यस्तो प्रयोगलाई विशिष्ट तुल्याउन अग्रभूमि आवश्यक हुन्छ । यसैले शैली र अभिव्यक्तिमा नविनता ल्याउँछ । प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्व पूर्ण हुनु, अनौठापन र बक्रताले गर्दा चर्चित वा व्याख्यानीय बन्न सक्नु अग्रभूमिलाई पहिचान गर्ने आधार हुन् (अधिकारी, २०६२, पृ.१३) । अग्रभूमि, मध्यभूमि, पश्चभूमि वा पृष्ठभूमि चित्रकलामा बढी प्रचलित शब्द हुन् । प्रचलित परम्परामा पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नविकृत वा आकर्षक बनाउने युक्तिलाई अग्रभूमि भनिएको हो । कुनै पनि भाषा प्रयोगका क्रममा एउटै कुरा धेरै पटक प्रयोग गरेको खण्डमा त्यो यान्त्रिक बन्दछ । त्यसबाट जोगाउन लेखकले त्यसको परम्परागत प्रयोग क्षेत्रमा परिवर्तन ल्याएर प्रयोगमा नयाँ सन्दर्भ दिनु अग्रभूमि निर्माण गर्नु हो (अधिकारी, २०६२, पृ २६२) । स्रष्टाले आफ्ना कृतिमा अग्रभूमिको निर्माण निम्न दुई तरिकाबाट गर्दछन् ।

### २.२.९.१ विचलन

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण, उल्लङ्घन वा व्यतिक्रमलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ । यस्तो विचलन उद्देश्यपूर्ण र सार्थक हुन्छ अर्थात खास साहित्यिक विशिष्टता सृजना गर्नु यसको प्रयोजन हो । हरेक भाषाका आ-आफ्नै नियम हुन्छन् । भाषाका ध्वनि, रुपरचना, शव्दप्रयोग, वाक्य प्रयोग, अर्थाभिव्यक्ति आदिमा आ आफ्नै व्यवस्था हुन्छन् । भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ भने साहित्यिक भाषाले विशिष्ट खालको अनुभव प्रदान गर्दछ । विचलनमा सामान्य भाषाको नियम, बन्धन वा पथ छोडेर साहित्यिक भाषाको विशिष्ट रुप प्रस्तुत भएको हुन्छ । अर्थात मानकको अतिक्रमण वा उल्लङ्घनलाई नै विचलन भनिन्छ । सामान्य भाषाको तुलनामा साहित्यिक भाषामा विचलनको तिव्रता अधिक हुन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ (अधिकारी,२०६२, पृ १३) ।

विचलन अग्रभूमि निर्माणको एउटा विशिष्ट प्रक्रिया हो । विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यमा नविनता देखाउँछ । शब्दान्तरमा यसले भाषिक सौन्दर्यको पृथक र अर्थपूर्ण गोलार्धको खोजी गर्ने काम गर्दछ । जे होस्, विचलन उद्देश्यमूलक र सार्थक हुनुपर्छ । साहित्यिक कृतिमा भाषिक विचलनका विभिन्न सात प्रकार छन्, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

**क) कोशीय विचलन**

कोशीय विचलन भनेको कोशमा नभएका र सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरुको प्रयोग हो । यसबाट नवीन शब्दहरुको निर्माण गरिन्छ र यो शब्दनिर्माण र प्रचलित शव्दको संरचना माथि आक्रमण जस्ता दुबै कुराहरु यस अन्तर्गत पर्दछन् । गाबरी, फुलारु, चक्रेटो जस्ता शब्दहरु यस अन्तर्गत गर्दछन्, जुन शब्दकोशमा प्राप्य छैनन् ।

**ख) व्याकरणत्मक विचलन**

प्रत्येक भाषाको आ-आफ्नै किसिमको निश्चित व्याकरणिक व्यवस्था हुन्छ । साहित्यकारले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, काल ,

पक्ष, भाव, वाच्य जस्ता व्याकरणिक एकाइका नियमहरुको अतिक्रमण गर्न सक्छ । यस्तो अतिक्रमण नै व्याकरणिक विचलन हो । जस्तैः मेरा प्रत्येक सपनाहरु मसँग आएर कुस्ती खेल्छ । उक्त क्रममा व्याकरणिक धारा (वचन, लिङ्ग, पुरुष, काल, आदि) र व्याकरणिक एकाइहरु (रुपिम, शव्द, पदसमूह, उपवाक्य,आदिको) व्यवस्थित अनुक्रममा हुने अतिक्रमण नै व्याकरणिक विचलन हो ।

**ग) ध्वनि प्रक्रियात्मक विचलन**

भाषाका सबैभन्दा प्राथमिक संरचक तत्व भनेको ध्वनि तथा वर्णहरु नै हुन् । तसर्थ प्रत्येक भाषाका आ आफ्नै ध्वन्यात्मक व्यवस्था हुन्छन् र यी निश्चित नियम द्वारा सुव्यवस्थित हुन्छन । कतिपय स्रष्टाले आफ्ना रचनामा विशिष्ट प्रयोजनका लागि अज्ञानतावश कतिपय ध्वनिव्यवस्थाका मानक सीमाहरुको उल्लङ्घन तथा अतिक्रमण गरेका हुन्छन् । यो नै ध्वनि प्रक्रियात्मक विचलन हो ।

**घ) लेखन प्रक्रियात्मक विचलन**

नेपाली भाषाको लेखन प्रक्रियामा देवनागरी लिपिका माध्यमबाट शब्द र वाक्यको सुनिश्चित आलेख गरिन्छ तर यस नियमको अतिक्रमण गरी शव्द र वाक्यलाई अनियमित विन्यासद्वारा तोडमोड गरेर अनौठो रुप प्रस्तुत गरिन्छ । यो नै वास्तवमा लेखन प्रक्रियात्मक विचलन हो । यस्तो विचलनमा लेखाइलाई तलमाथि पारेर लेख्ने गरिन्छ ।

**ङ) अर्थतात्त्विक विचलन**

विचलन अभिव्यक्तिका क्रममा वैयक्तिक, युगविशेष तथा धाराविशेष गरी विभिन्न प्रकारका देखिन्छन् । यो बिम्ब निर्माणको एक विशिष्ट प्रक्रिया हो । स्रष्टाले अभिव्यक्तिका कतिपय सन्दर्भमा प्रस्तुत शब्दहरुले लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक, प्रतीकात्मक आदि अन्य अर्थ प्रतिपादन गरेका हुन्छन् । यसले कृतिलाई सुन्दर र जीवन्त राख्न ठूलो सहयोग पुऱ्याएको हुन्छ । यसर्थ विचलनको सबैभन्दा सार्थक, उर्वरशील र सुन्दर रुप भनेको अर्थतात्विक विचलन हो र यो सार्थक एवं उद्देश्यपूर्ण हुनुपर्दछ ।

### च) प्रयुक्ति विचलन

एउटा परिस्थिति वा प्रसङ्ग अनुरुपको भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । जस्तैः प्रत्येक रात मलाई लामखुट्टेले कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् ।

हरेक विषय क्षेत्रीय भाषाको आफ्नै प्रयोजनपरक निजत्व हुन्छ । जस्तैः विज्ञान र प्रविधिमा प्रयोग गरिएका भाषा वाणिज्यको भाषाभन्दा अलग हुन्छ । यी विभिन्न विषय क्षेत्रका आधारमा हुने भाषाको यही भेद नै प्रयोजनपरक वा प्रकार्यपरक प्रयुक्ति हो ।

साहित्यिक भाषामा प्रयुक्तिका सीमालाई अतिक्रमण गरी शैली निर्माणको विशिष्ट प्रणालीलाई आत्मसाथ गरिएको हुन्छ । यसरी हेर्दा कुनै निश्चित विषय क्षेत्रसँग सम्बद्ध भाषिक प्रयोगका प्राविधिक पक्षलाई अर्कै सत्तासँग गाँसी शैलीको सार्थकतालाई प्रतिष्ठित गराउने प्रक्रिया नै प्रयुक्ति विचलन हो ।

### छ) भाषिका विचलन

साहित्यिक कृतिमा भाषाको मानक रुपको प्रयोग नगरेर भाषिका विशेषका शव्दलाई अग्रभूमिमा ल्याई नवीनता दिने प्रयास गरियो भने भाषिका विचलन हुन्छ । मानक भाषाका बीचबीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु वास्तवमा भाषिकागत विचलन हो । सिर्जनात्मक लेखनका क्रममा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकागत उपयोग गरिएको छ भने त्यसबाट भएको भाषाका मानक रुपको अतिक्रमण भाषिका विचलन अन्तर्गत पर्दछ । यो आञ्चलिक पर्यावरणमा लेखेका विभिन्न रचनाहरुमा भेटिन्छ ।

# अध्याय तीन

## शोध विधि र प्रक्रिया

### ३.१. अनुसन्धान विधि

प्रस्तुत आस्थाका पदचाप कथा सङ्गालो समाविष्ट कथाहरुको श्ली वैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्न विधिहरु अपनाइएको छ :

### ३.२. वर्णनात्मक विधि

प्रस्तुत आस्थाका पदचाप कथा सङ्ग्रहमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन लाई वर्णनात्मकताको माध्यमद्वारा अनुसन्धान गरिएको छ । यसमा पुस्तकालयीय पद्धतिबाट अध्ययन, विश्लेषण र समीक्षा गरिएको छ । यस शोधकार्यमा 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट कथाहरुको चयन र विचलनको सैद्धान्तिक आधारमा प्रस्तुत अध्ययनलाई अगडि बढाइएको छ ।

### ३.३. तथ्याङ्क सङ्कलनको स्रोत

प्रस्तुत शीर्षक 'आस्थाका पदचापहरु' कथा सङ्ग्रहमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययनलाई पूरा गर्नका लागि आवश्यक पर्ने तथ्याङ्कहरुको स्रोत सङ्कलन निम्न दुई तरिकाबाट गरिएको छ :

#### (क) प्राथमिक स्रोत

रविमान लमजेलद्वारा रचना गरिएको आस्थाका पदचापहरु कथाका रुपमा यस कथा सङ्गालोलाई शोधको प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

#### (ख) द्वितीयक स्रोत

प्राथमिक स्रोतबाट सामग्री सङ्कलनले मात्र अध्ययन पूरा हुन नसक्ने भएकाले द्वितीय स्रोतको प्रयोग गरिएको छ । त्यसका लागि 'आस्थाका पदचापहरु' कथा सङ्गालोसँग सम्बन्धित विभिन्न लेखकहरुले लेखेका लेखरचनाहरुलाई सहयोगी सामग्री मानिएको छ ।

यसै गरी अध्ययन गरिने विषयसँग सम्बन्धित कार्यपत्र, अप्रकाशित शोधपत्र, प्रतिवेदन, पुस्तक सन्दर्भ सामग्री मानिएको छ ।

### ३.४. तथ्याङ्क सङ्कलनका साधन

यस शोध कार्यमा तथ्याङ्क सङ्कलन गर्न विभिन्न साधनहरुको प्रयोग गरिएको छ । पुस्तकालयको माध्यमको अवलम्वन गरी तयार गरिएको अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न पाठ पत्र, सूची पत्र, टिपोट पत्र, तालिका आदि साधनहरुको प्रयोग गरिएको छ ।

### ३.५. तथ्याङ्क सङकलन विधि

यस शोध कार्यलाई पूर्णता दिनका लागि तथ्याङ्कका साधनहरुको सहारा लिईएको छ । यसै क्रममा 'आस्थाका पदचापहरु' कथा सङ्ग्रहको अध्ययन पश्चात टिपोट पत्रमा मुख्य बुँदाहरु टिपोट गरिएको छ । यसै गरी कथामा प्रयुक्त चयन र विचलनका आधारमा तथ्याङ्कको आधारमा सूची बद्ध तालिकीकरण गरिएको छ । यसरी अध्ययन पश्चात टिपोट गरिएका तथ्याङ्कहरुलाई व्यवस्थित गरिएको छ ।

### ३.६. तथ्याङ्क विश्लेषण विधि

यस शोध कार्यमा तथ्याङ्क सङ्कलन गरेर त्यसलाई व्यवस्थित गरी विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा मूलतः वर्णनात्मक विधिलाई प्रयोग गरिएको छ । सङ्कलित सामग्रीहरुलाई शैलीविज्ञानको चयन र विचलनलाई विश्लेषणत्मक पद्धति अपनाएर अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययनको व्याख्या र विश्लेषण

### ४.१. परिचय

कथाकार रविमान लमजेलद्वारा सिर्जित कथा सङ्गालो 'आस्थाका पदचापहरु' भित्रका दश कथाको कथा वस्तु र चरित्र, चयन र विचलनका आधारमा शैलीविज्ञान अध्ययन गरिएको छ ।

### ४.२ कथावस्तु

कथा वस्तुका आधारमा छनोट गरिएका दश कथाहरुको विश्लेषण निम्न अनुसार रहेका छन् :

### ४.२.१ 'धनबहादुरको प्रतिशोध' कथाको कथानक

१) गरीवका कारण धनबहादुर भुजेललाई धने भुजेल नाम राखिनु ।

२) धनबहादुरका बाबुआमाको २ महिनाको अन्तरमा मृत्यु हुनु ।

३) विपत्ति आएपनि हतास नभई उद्देश्य प्राप्तिमा लागिरहनु ।

४) चुच्चे साहुको भैँसीको पाडो हुर्काउनु र मृत्यु हुनु ।

५) चुच्चेले स्याहार नगरी मरेको भन्दै घरबारी डिक राखी कागज बनाउनु ।

६) हलका गोरु र गाई समेत मर्नु ।

७) धनबहादुरका सन्तान नहुनु र गाउँलेले श्रीमतीलाई दोशी ठान्नु ।

८) बारीमा कमाई लगाउने बेला भएपनि श्रीमती बिरामी परेका कारण धनबहादुरले केही गर्न नभ्याउनु ।

९) चुच्चे साहुले धरान जान डाँडाबाट बोलाउनु ।

१०) भोलि उठिबास लगाउने डरले बिरामी श्रीमती छिमेकीहरुलाई जिम्मा लगाई धने साहुको भारी लिन धरान जानु ।

११) चुच्चेको दश पाथी नुन लिएर धने पाँच दिनमा घर फर्कनु ।

१२) घर आइपुग्नु अगावै श्रीमतीको मृत्यु हुनु र धने एक्लै बस्नु ।

१३) थोक्लुङ प्रा.वि.मा किशोरमान शर्माले शिक्षक काम गर्नु ।

१४) बिहान बेलुका गाउँलेहरुलाई सामाजिक कुसंस्कार अशिक्षा अन्धविश्वास विरुद्ध शिक्षा दिनु ।

१५) एक दिन शिक्षकले धनबहादुरलाई हालखबर सोध्नु ।

१६) चुच्चेको अन्यायप्रति विरोध र सामना गर्न उक्साउनु ।

१७) धनबहादुरले गाउँ छोडेर हिँड्नु र चुच्चेलाई धरानको फुस्रे खोलामा हातखुट्टा भाँचेर फ्याँकेको खबर आउनु ।

१८) गाउँमा फर्केपछि धनबहादुर साहसी र चुच्चे शोषक भएको गाउँलेले मूल्याङ्कन गर्नु ।

१९) नयाँ जिन्दगीको सुरुवात सँगै गरिबहरु एकबद्ध भई अगाडि बढेको खण्डमा परिवर्तन हुने आशा व्यक्त हुनु ।

२०) चुच्चेका परिवार रातारात गाउँ छोडेर हिँड्नु ।

### ४.२.२. 'धनबहादुरको प्रतिशोध' कथाको विश्लेषण

धनबहादुरको प्रतिशोध कथा र रविमान लमजेलद्वारा लेखिएको सामाजिक यथार्थवादी कथा हो । उनको रुचि क्षेत्र समाज भएकाले समाजमा घटेका यथार्थ घटनाहरुलाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । गाउँमा बसोबास गर्ने गरिब परिवारका मानिस कस्तो जीवनशैलीमा बाँचेका हुन्छन् । उनीहरुको इच्छा आकांक्षा माथि गाउँका अगुवाहरुले गरेको अन्याय अत्याचारमा कथाकारको दृष्टि पुगेको छ ।

यस कथामा तत्कालिन समाजमा साहुहरुले गरिबप्रति गरेको आसामी व्यवहारलाई प्रस्तुत गरेको छ । धनबहादुर गरिब भएर पनि कर्तव्यनिष्ठ, इमान्दार र विपत्तिलाई आत्मासाथ गर्दै अगाडि बढ्ने सङ्घर्षशील व्यक्तिका रुपमा देखिएको छ । आफ्नै श्रीमती अन्तिम स्वास फेर्दै गर्दा पनि चुच्चे साहुको भारी बोक्न गएकोले साहु प्रतिको डर त्रासले बाध्य बनाइएको कुरा देखाइएको छ । गाउँका शिक्षक किशोरमान शर्माले अन्यायको विरुद्ध लड्ने आत्मबोध गराएपछि धरानको फुस्रे खोलामा हातखुट्टा भाँचेर फ्याँकिदिएको चुच्चेका परिवार रातारात गाउँ छोडेर जानुले अन्याय गर्नेको भविष्य नभएको देखाउनुका साथै गरिब निमुखा जनताले साहसका साथ एकजुट भए समाज परिवर्तन गर्न सकिने साथै अन्यायका विरुद्ध प्रतिशोध दिन सकिने कुरा कथामा उल्लेख भएबाट कथाको शीर्षक सार्थक देखिन्छ ।

प्रस्तुत कथाले अन्यायले पराकष्ठ भोगेपछि प्रतिशोधको भावना उत्पन्न भई समाज परिवर्तन हुन पुग्छ भन्दै समाजका यथार्थता प्रस्तुत गरेको छ ।

### ४.२.३. 'चुनाव' कथाको कथानक

१) देउनारायण काठमाडौँको मूलपानीबाट मान्छे कुटेर आठराई आउँदा जयबहादुर पनि सँगै भरियाका रुपमा आउनु ।

२) देउनारायणले सोझासाझा मानिसलाई छलछाल गरी धैरै जग्गा आफ्नो बनाउनु ।

३) जग्गा धेरै जोगाउन भूमिसुधार लागु हुँदा ७ नं. फारम भर्नु ।

४) पछि फेरि जग्गाबाट धान उठाउन जानु ।

५) देउनारायण वि.सं.२०१८ सालमा पहिलो पल्ट प्रधानपञ्चमा विजयी हुनु ।

६) सरकारको प्रतिनिधिलाई आफ्ना घरको सबै काम गाउलेलाई लगाउनु ।

७) मन्त्री अञ्चलाधिस आउँदा खसी काटेर भोज खुवाउनु ।

८) देउनारायण चाकडी गरेर कदरपत्र प्राप्त गर्नु ।

९) फेरीको चुनाव पनि देउनारायणले जित्नु ।

१०) जयबहादुरको छोरो स्यामकर्णले एस.एल.सी. पास गरी शिक्षक बन्नु ।

११) सात नं. फारम भरेर दिएको जग्गाको धान उठाउन जानु ।

१२) स्यामकर्णले प्रतिवाद गर्नु ।

१३) व्यवस्था विरोध अन्तराष्ट्रिय तत्वको लाञ्छनालाई जेल पठाउन देउनारायण सफल हुनु ।

१४) हाकिमले व्यवस्था विरोध नगर्ने कार्यालयमा गरेर जानु भन्दा नमानी स्यामकर्ण ३ वर्ष जेल बस्नु ।

१५) श्यामकर्ण जेलबाट फर्किनु र गाउँलेले शिक्षक बन्ने आग्रह गर्नु ।

१६) श्यामकर्णले देउनारायणजस्ता सामन्तिको जरा उखेल्न चुनाव लड्ने निर्णय गर्नु ।

१७) श्यामकर्णले चुनाव जित्नु र देउनारायणले हार्नु ।

१८) चुनावको जीतमा जीत गरिवको र हार शोषकको नारा लाग्नु ।

१९) देउनारायणले चुनावको हारका कारण बासस्थान छोड्ने कुरा गर्नु ।

२०) सहयोगीहरु पनि निरास हुनु ।

२१) श्यामकर्णले चुनाव जिताएकामा सबैलाई धन्यबाद दिनु ।

### ४.२.४. कथानकका आधारमा 'चुनाव' कथाको विश्लेषण

चुनाव कथा कथाकार रविमान लम्जेलद्वारा लेखिएको एक सामाजिक यथार्थवादी कथा हो । कथाको शुरुवात कथाको अन्त्यको प्रसङ्गबाट गरिएको छ । चुनावमा हार बेहोरेपछि देउनारायण आफ्ना समर्थकका साथ घर पुगेको देउनारायणको आठराई बसोबासको कहानी प्रसङ्गसहित कथा शुरु भएको छ । काठमाडौंको मूलपानीबाट मान्छे कुटेर भागेर आउँदा साथै ढाकर बोक्न ल्याएको साथी जयबहादुर गरिबकै रुपमा रहेको तर देउनारायणले सोझासाझा मानिसलाई धाक धम्कीमा पारेर धेरै जग्गा जोडेको छ । वि.सं.२०१८ सालको चुनावमा प्रधानपञ्च भएर गाउँमा शासन गरेको छ । मन्त्री र

अञ्चलाधिसलाई खसी काटेर भोज खुवाई चाकडी गरेर नजिक भएको छ । भूमिसुधार आउँदा जनता भक्त भएको छ । वार्षिक धान उठाउने बेला फेरी सबै जनताकामा जाँदा जयबहादुरको  छोरा श्यामकर्णसँग झगडा हुन्छ । श्यामकर्ण स्थानीय विद्यालयको शिक्षक समेत भएकाले देउनारायणलाई त्यसो नगर्न भन्दा प्रहरी प्रशासन गुहारी व्यवस्था विरोधी अराष्ट्रिय तत्व भनी जेल पठाउँछ । तीन वर्ष जेलमा बसेर श्यामकर्ण फर्किएपछि चुनाव हुँदा देउनारायणले हारेपछि आठराई बसाइ नहुने कुरा गर्छ देउनारायण । तर श्यायकर्णभने चुनाव जिताएकोमा जनतालाई धन्यवाद दिएको प्रशङ्गबाट कथा अन्त्य हुन्छ ।

प्रस्तुत कथाले पञ्चायतकालीन राजनैतिक अवस्था र त्यसमा शोषकले गरेका अन्याय साथै त्यसको परिणाम देखाएर सधैँ सत्यको विजय हुने कुरा प्रस्तुत गरिएको छ ।

### ४.२.५. 'मूल्याङ्कन' कथाको कथानक

१) कुलनाथको मृत्यु पश्चात प्रशंसा हुनु ।

२) कुलनाथ पञ्चायतकालमा पटकपटक जेल पर्नु ।

३) गाउँले सबैले प्रशंसा गर्नु र उनको शालिक बनाउनु ।

४) शालिक उद्घाटन फाल्गुन २७ गते तय हुनु ।

५) उद्घाटन कार्यक्रमको आयोजना समाज जागृति मञ्चले गर्नु ।

६) समाज जागृति मञ्चका अध्यक्ष अयोध्या प्रसाद किसानको घरमा २०-२२ जना लठैत जानु र त्यसको विरोध गर्नु ।

७) लठैतहरुले एम. ए. गरेका,  पदक पाएका, पुस्तक लेखेका प्रतापसिंह वि.सि.को कुरा गर्नु ।

८) लठैतले कुलनाथलाई नराम्रो भन्नु ।

९) लठैतले मागेको कुराको उत्तर पाउन कार्यक्रम उद्घाटनका दिन आउन अयोध्या प्रसादले जानकारी दिनु ।

१०) शालिक उद्घाटनमा श्रममन्त्री तिर्थबहादुर लमजेल आउनु ।

११) कार्यक्रममा कृष्णबहादुर कन्दङवाबाट कुलनाथको योगदान माथि प्रकाश पार्नु ।

१२) कुलनाथलाई पञ्चायत शोषकले गरेको अन्यायको कुरा गरिनु ।

१३) गाउँका समाजसेवी दिलबहादुर मोक्तान र श्रममन्त्रीले कुलनाथले देखाएको बाटो हिँड्नुपर्ने बताउनु ।

१४) कुलनाथको शालिक देखेर उनले देखाएको बाटो नबिर्सिने कुरा चल्नु ।

१५) यस कार्यक्रमले पूर्व प्रधानपञ्च डम्बरसिंह वि.सि.लाई पिर पर्नु ।

१६) बहुदलले फटाहाहरुलाई सम्मान गऱ्यो भन्दै घर पुगेका डम्बरसिंह वि.सि. मुर्छा पर्नु ।

### ४.२.६. कथानकका आधारमा 'मूल्याङ्कन' कथाको विश्लेशण

मूल्याङ्कन कथा कथाकार रविमान लम्जेलद्वारा लेखिएको राजनैतिक विषय जोडिएको सामाजिक कथा हो । यसको सुरुवात लोकनाथको मृत्युको प्रशंसाबाट गरिएको छ । लोकनाथले गरेका कार्यको मूल्याङ्कनकै सेरोफेरोमा रहेर कथानकको अन्त्य भएको छ । पञ्चायत कालमा लोकनाथलाई तत्कालीन शासकहरुले दुःख दिएको र समाजमा उसले दिएको योगदानको कदर गर्दै आठराईको थोक्लुङमा उनको नाममा शालिक बनाएर श्रममन्त्रीलाई उद्घाटन गर्न लगाउने कामको नेतृत्व समाज जागृति मञ्चले लिएको प्रसङ्ग कथामा छ । यस कार्यको विरोध गर्दै गाउँका केही लठैत समाज जागृति मञ्चका अध्यक्ष अयोध्या प्रसादका घरमा गई प्रतापसिंह वि.सि.का नाममा गर्नुपर्ने कुरा गरेको छ । प्रतापसिंहका विषयमा धेरै कुरा गरेपनि अयोध्या प्रसादले शालिक अनावरणका दिन आएर सबै कुरा सुन्न आग्रह गरेको छ । कार्यक्रम पूर्व योजना अनुसार भएको र कार्यक्रममा दिलबहादुर मोत्तान, कृष्ण कन्दङ्वा र श्रम मन्त्रीले लोकनाथले देखाएको बाटो हिँड्नु पर्नेमा जोड दिएको छ । पूर्व प्रधानपञ्च डम्बरसिंह वि.सि. आसन र भाषण नपाएको भन्दै घर पुगेर मुर्छा परेको प्रसङ्गले गलत राजनैतिक कर्मबाट उत्तरार्ध सुखमय नहुने सामाजिक चेतको संप्रशेण कथाको माध्यमबाट गराइएको छ ।

### ४.२.७. 'हाकिमको कुटनीति' कथाको कथानक

१) हरिकृष्णले दुःख गरेर एस.एल.सि. पास गर्नु र आमाका गहना जाकडी राखी हाकिमलाई घुस दिएर करारमा जागिर सुरु गर्नु ।

२) जागिर पाउनका लागि हाकिमनीले हाकिम रिझाउनु भन्ने कुराबाट प्रभावित भई घुस दिनु ।

३) जागिरबाट आएको पैषाले राम्रा लुगा लगाउने सोच बनाउनु ।

४) जागिरको पहिलो महिनाको अन्तिममा हरिकृष्णका गाउँमा अञ्चलाधिशको मान्छे आएको हवला दिनु ।

५) हाकिमले आफ्नो सालोलाई राख्न प्रपञ्च रच्नु ।

६) हाकिम हाकिमनीको छलकपट कुरा हरिकृष्णले थाहा पाउनु ।

७) हरिकृष्णको काल्पनिक योजना बालुवाको घर हुनु ।

८) आफूले दुःख गरी एस.एल.सी. पास गरी जागिर खान थालेको कुरा साथीहरुलाई सुनाउनु ।

### ४.२.८. कथानकका आधारमा 'हाकिमको कुटनीति' कथाको विश्लेषण

'हाकिमको कुटनीति' कथा कथाकार रविमान लमजेलद्वारा लेखिएको कर्मचारी प्रशासन भित्रको घुसखोरी र आफन्तवाद प्रवृत्तिको उजागर गरेको यथार्थवादी कथा हो । जागिर खाई जीवन बदल्ने हरिकृष्णको योजना बालुवाको घर भएको प्रसङ्ग बाट कथाको शुरुवात गरिएको छ । हरिकृष्णले दुःख गरी एस.एल.सी. पास गरेको र जागिर खोज्न जाँदा हाकिम्नीले हाकिम रिझाउनु हुन्छ भनेकाले आफ्नी आमाका गहना जाकडी राखी हाकिमलाई दिएर जागिर खाएको तर एक महिना भित्र हाकिमको सालो आएकोले एकै महिनामा अञ्चलाधिशको हवला दिएर हरिकृष्णलाई जागिरबाट निकालिएको छ ।

प्रस्तुत कथामा सरकारी कार्यलयका हाकिमहरुले कुटनीति अपनाएर कसरी घुस खाएर सर्वसाधारण व्यक्तिको शोषण गर्छन् भन्ने कुरा प्रष्ट पारेको छ । देशको कर्मचारीतन्त्र आफन्तवादले जकडिएको कुरालाई उदाङ्गो पारेको छ ।

**४.२.९. 'कागजी बाघ' कथाको कथानक**

१) साहिंला मुखिया र साहिंली मुखिनीले आधा रातमा घर छाड्नु ।

२) साहिंली मुखिनीलाई घर छाड्ने कारण थाहा नहुनु ।

३) रामवीरेले गरेको सहयोगको प्रशंसा गर्दै घर छोड्नुको कारण साहिंली मुखिनीले जान्न खोज्नु ।

४) साहिंला मुखियाले आफ्ना भरौटे लगाएर पैशाको निहु गरी कुट्नु ।

५) रामवीरे प्रहरी ठाना गई उजुर गरेको थाहा पाउनु ।

६) भोलि घरमै प्रहरी आएर पक्रेर लाने डरले साहिंला मुखियाले राति नै साहिंली मुखिनी लिएर घर छाड्ने कारण बताउनु ।

७) बाटामा भेटिएका ढाक्रेहरुसित पनि साहिंला मुखिया डराउनु ।

८) हिँड्दा हिँड्दा थकाई मार्न बसेको ठाउँमा साहिंला मुखिया निधाउनु र मुखिनीले बोलाउँदा रामवीरेकै झल्को आउनु ।

९) बनको बाघले नखाए पनि मनको बाघले खाएको महसुस हुनु ।

१०) भोलि बस चढेर तराई पुग्ने खुसानभुतिको अनुभव गर्दै बाटो लाग्नु ।

**४.२.१०. कथानकका आधारमा 'कागजी बाघ' कथाको विश्लेषण**

कागजी बाघ कथा कथाकार रविमान लम्जेलद्वारा लेखिएको सामाजिक यथार्थबादी कथा हो । कथाको सुरुवात साहिंला मुखिया मुखिनी आठराईबाट हिँडेर लोरिपा पुग्दा एकआपसका गनथनबाट भएको छ । साहिंली मुखिनीले रातिनै घर छाड्ने कारण बुझ्न खोज्दा मुखियाले आफूले गरेको कुकृत खोल्छन् । आफ्नै काम सघाउने रामवीरेलाई रुपैयाँ

नतिरेको फतुर लगाउँदै यसकै घरमा बाँदेर कुट्न लगाएको हुन्छ । कुटाइको निल डाम जँचाएर प्रहरी ठानामा उजुरी गरेको कुरा आफ्नै भरौटेबाट थाहा हुन्छ । भोलि प्रहरी आएर ठानामा लगी कार्यवाहीमा परेर बेइज्जती हुने डरले रातिनै हिँडेको कुरा साहिंला मुखियाले बताउँछन् । बाटामा थकाइमार्न  बसेको बेला निदाउँदा साहिंला मुखियाले रामवीरेले घर खनतलास गरी साहिंला मुखियालाई समातेको सपना देख्छन् । मुखिनीले बोलाउँदा बरबराउँदै बिउँझन्छन् । बाटामा हिँड्ने ढाक्रे देख्दा पनि रामवीरेले पठाएको जस्तो लाग्छ । यस्तो कुरा गर्दै भोलि बस चढेर तराई पुगिने आशाका साथ दुबैजना बाटो लागेको कुराबाट कथाको अन्त्य भएको छ ।

प्रस्तुत कथामा परम्परागत सामन्ती संस्कार बोकेका सामन्तहरुले गरेको अन्यायको पर्दाफास गरिएको छ । नभएको फतुर लगाएर गरिवलाई अनाहकमा पिट्ने गाउँका अगुवा हुँ भन्नेका पछिल्ला दिनहरु नराम्रा हुने बताउँदै यस्ता कार्यबाट सचेत हुन सन्देश दिएको छ ।

### ४.२.११. 'शहिद दिवस' कथाको कथानक

१) आठराईमा २०६३ चैत्र २६ गते अखिल क्रान्तिकारी  युवा संघले शहिद दिवसको आयोजना गर्नु

२) बजार क्षेत्र तुल, व्यानर, ध्वजा, पतकाले सजी सजाउ हुनु ।

३) बजार भर्न आउने सबैमा प्रशन्नता छाउनु ।

४) प्रचण्ड र डा. बाबुरामले सम्बोधन गर्ने कुरा चल्नु ।

५) प्रत्येक गा.वि.स.का शिक्षा, समाजसेवा, राजनीति, कानुनी, साहित्य, संस्कृति क्षेत्रका व्यक्तित्वहरुलाई मन्तव्यमा राखिनु ।

६) संकटकालमा सरकारले सुराकी गर्ने र भाषण गर्नेलाई सामेल नगराउने निर्णय गरिनु ।

७) शहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै कार्यक्रम सुरु हुनु ।

८) उद्घोषक क. उद्योगले ऐतिसाहिक दिन भन्नु ।

९) प्रत्येक गा.वि.स.बाट २०० का दरले मानिस जम्मा हुनु ।

१०) राष्ट्रिय नेताहरु तराई बन्दले आउन नसकेको जानकारी दिनु ।

११) जन जागरण मञ्चका अध्यक्ष क. प्रफुल्लले देशलाई विश्वमा चिनाउन बामपन्थी एकताको कुरा गुर्न ।

१२) सत्ताको सुराकी गरी दुःख दिने हरि, पदम र रोहिणीलाई लछार पछार गर्दै सभामा ल्याउनु ।

१३) सभाध्यक्षले सभा सकिएपछि छानबिन गर्ने बताउनु ।

१४) नन्दसिंह निधारमा बगिरहेको घाउको रगत साथ अपशोष मान्दै बस्नु ।

१५) सहिद भएका व्यक्तिको शालिक निर्माण गर्ने घोषणा हुनु ।

१६) नन्दसिंहलाई कालोमोसो दलेर बजार घुमाई कहिल्यै सार्वजनिक पदमा रहन नपाउने घोषणा हुनु ।

१७) केरेपे गाउँका विजय विश्वकर्मा, विवश परियार, हरिलाल मोक्तान, कृष्ण वयलकोटी, जितेन्द्र कन्दङ्वा, विर्ख क्षेत्री, तुलाराम विसंखे आपसमा कुरा गर्दै शोषक बन्नु सिंहले पाएको कार्यवाही प्रति खुशी हुनु ।

### ४.२.१२. कथानकका आधारमा 'शहिद दिवस' कथाको विश्लेषण

शहिद दिवस कथा कथाकार रविमान लमजेलद्वारा लेखिएको जनआन्दोलन पछिको राजनैतिक विषयको कथा हो । यसमा शहिद दिवस मनाउने सन्दर्भमा गरिएका कार्यहरुको विवरण रहेको छ । शहिद दिवसका लागि वजार क्षेत्र सिगारिएको छ । केन्द्रीय नेताले सम्बोधन गर्ने भनिएकोले प्रत्येक गा.वि.स.बाट २०० का दरले जनता उतार्ने भनिएको छ । गाउँका शिक्षाप्रेमी, समाज सेवी, राजनीति, कानुनी, साहित्य, संस्कृतिका व्यक्तित्वलाई सम्बोधनमा बोलाइएको छ । वक्ताहरुले देशलाई विश्वमञ्चमा उभ्याउने हो भने बामपन्थी एकतामा जोड दिएको छ । कार्यक्रममा तराई बन्दले राष्ट्रिय नेता आउन नपाएको जानकारी गराइएको छ । केही युवाले आन्दोलनमा सरकारलाई सुराक गरी दुःख दिएको भन्दै हरी,

पदम र रोहिणीलाई लछारपछार पार्दा अध्यक्षले कार्यक्रमभरी केही नगर्नु भनी रोकेको छ । नन्दसिंह निधारमा चोट लागि रगत बगेको अवस्थामा निन्याउरो अनुहारमा बसेको छ । कार्यक्रममा शाहदात प्राप्त गर्ने शहिदहरुको शालिक निर्माण गर्ने घोषणा गरिन्छ । कार्यक्रमको समापन पश्चात नन्दसिंहलाई मोसो दलेर बजार परिक्रमा गराई सार्वजनिक पदमा कहिल्यै बस्न नपाउने घोषणा गरी छोडिन्छ । नन्दसिंहको कार्यवाहीको प्रसङ्गमा केरेपे गाउँका शोषित पिडित खुसी हुन्छन् र गरिबका दिन फिरेको महशुस गर्छन् ।

प्रस्तुत कथामा जनताका अधिकार प्राप्तिमा उठेका आन्दोलन दबाउन लाग्ने जो कोहीको पनि पछिल्लो दिन राम्रो नहुने कुरा उल्लेख भएको छ । अधिकार प्राप्तिका लागि ज्यान गुमाउने शहिदहरुले देखाएको बाटो नहिडे उनीहरुको रगतले सबैलाई पोल्नेछ । त्यसैले सबैले शहिदको सम्मान गर्ने हो भने मुखले होइन कामले सम्मान जनाउने कुरामा जोड दिएको छ ।

### ४.२.१३. 'हात्तीको देखाउने दाँत' कथाको कथानक

१) दिलेन्द्र गुरुको आदर्शको सबैले प्रशंसा गर्नु ।

२) दिलेन्द्र गुरुले प्र.अं. हुँदा भ्रष्टचारको दलदलकमा परिन्छ भनेर छोडेको बताउनु ।

३) जयकृष्ण पहिला बफादार भए पनि पछि विग्रनु ।

४) आफ्नो छात्र भएपनि अम्लेस महतारालाई प्र.अ. दिनु ।

५) अहिलेका मानिसहरु स्वार्थ, लोलुप, सङ्किर्ण र चाकडीवाज भएकाले मुलुक डुबेको गुरुले बताउनु ।

६) दिलेन्द्र गुरुलाई पुरस्कृत गरिनु पर्ने आवाज उठ्नु ।

७) गाउँको भ्रमणमा आउनेलाई पुरस्कृत गर्न आग्रह गुर्न ।

८) सिराहा जिल्ला क्षेत्र नं २ बाट हरिहर सिंहले सांसद जित्नु ।

९) शिक्षा दिवसमा दिलेन्द्र गुरुलाई पुरस्कृत र सम्मान हुनु ।

१०) हरिहर सिंह खाद्य आपूर्ति मन्त्री बन्नु ।

११) दिलेन्द्र गुरुले मन्त्रीलाई भेटी खाद्यको महाप्रबन्धक बनाउन आग्रह गर्नु ।

१२) २ महिना पछि दिलेन्द्र गुरु महाप्रबन्धक बन्नु ।

१३) गाउँका मानिसले आफ्नो विद्यालयलाई सहयोग गर्ने आशाले भेट्न जानु ।

१४) गुरुले यसपाली घर बनाएको र खाद्य संस्थाको पैषा जथाभावी खर्च गर्न नमिल्ने बताउनु ।

१५) गाउँलेलाई बल्ल थाहा हुनु दिलेन्द्र गुरुको आदर्श व्यवहार त हात्तीको देखाउने दाँत भएको ।

### ४.२.१४. कथानकका आधारमा 'हात्तीले देखाउने दाँत' कथाको विश्लेषण

हात्तीले देखाउने दाँत कथा कथाकार रविमान लमजेलद्वारा लेखिएको आदर्शोन्मुख यथार्थवादी कथा हो । यस कथाको शुरु आदर्शवादी भावनाका दिलेन्द्र गुरुको आदर्श अभिव्यक्तिबाट भएको छ । आफू आदर्शवादी देखाउन गुरुले प्र.अ.पद आफ्नो विद्यार्थीलाई दिएर भ्रष्टाचार मुक्त भएको कुरा गरेका छन् । शिक्षक जयकृष्ण पहिले बफादार भएको र नेताको आडमा पद र पुरस्कार प्राप्त गरेर आदर्श विर्सिएको कुरा गरिएको छ । गुरु गाउँमा स्वार्थ, लोलुप, सङ्कीर्ण र चाकडीवाज भएर समाज विकास नभएको बताउँछन् । गाउँका सोझासाझा मानिसले गुरुको प्रशंसा गरी पुरस्कृत गर्नु पर्नेमा जोड दिन्छन् । गाउँमा आएका सबैलाई गुरु प्रशंसा गर्छन् । सिराहा क्षेत्र नं २ का हरिहर सिंह सांसद भएपछि शिक्षा दिवसको अवसरमा गुरु पुरस्कृत हुन्छन् । त्यसको दुई महिना पछि हरिहर खाद्य तथा आपूर्ती मन्त्री बनेपछि दिलेन्द्र गुरु हरिहरलाई भेटेर खाद्य संस्थानको महाप्रबन्धक बनाइदिन आग्रह गदर्छन् । ७ महिना पछि दिलेन्द्र गुरु महाप्रबन्धक हुन्छन् र कमाई गरी काठमाण्डौमा घर समेत बनाउँछन् । गाउँको आफ्नो विद्यालयलाई सहयोग हुने आशाले गाउँले गुरु भेट्न जान्छन् तर गुरुले संस्थाको पैषा दिन नमिल्ने र आफ्नो पनि घर बनाएकाले पैषा नभएकोले सहयोग गर्न नसकेको बताएपछि गाउँलेलाई दिलेन्द्र गुरुको आदर्श हात्तीको देखाउने दाँत भएको महसुस सहति कथा अन्त्य भएको छ ।

प्रस्तुत कथामा मानिसले मौका नपाउन्जेल आदर्श बुझ्ने र मौका पाउँदा सबै स्वार्थी हुने कारण हाम्रो समाज पछि परेको देखाउँदै यस्तो व्यवहार छोड्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ ।

### ४.२.१५. 'जन्तरे काका' कथाको कथानक

१) जन्तरे काकाको वास्तविक नाम थाहा नहुनु ।

२) ओखलढुङ्गाबाट बुबा आमा कालिपा बसाईं आउनु ।

३) गाउँका रिजाल साहुसँग जन्तरे काका विराटनगर बसाईं सर्नु ।

४) विराटनगरमा जन्तरे काकाको परिवार साह्रै विरामी हुनु ।

५) साहुले ४ विघा जग्गा दिने आश्वासन दिनु ।

६) २० वर्ष हलो जोत्नु ।

७) भूमिसुधार लागु हुँदा साहुले १२ विघा आफ्नो नाममा दर्ता गरिदिनु ।

८) हरेक वर्ष आफ्ना नामको जग्गाको पनि साहूलाई कुत तिर्नु ।

९) छोरो पढेर वि.ए. पास गरेपछि आफ्ना जग्गाको कुत तिरेको थाहा पाई तिर्न छोड्नु ।

१०) साहुसँग बोलचाल बन्द हुनु ।

११) जन्तरे काकाले भारी बोक्दा छाला उक्किएको खत देखाउनु ।

१२) जन्तरे काका ८० वर्ष नाघ्नु र नातीको साहारामा भित्र बाहिर गर्नु ।

१३) आफ्ना पालामा पढ्न लेख्न नपाएर भारी बोकेर हलो जोतेर गुजारा गरेको सुनाएर प्रगतितर्फ लाग्न प्रेरित गर्नु ।

१४) जन्तरे काकाको मृत्यु भएको १ वर्ष वित्नु ।

१५) जन्तरे काकाको परिश्रमले छोराहरु सुधिर र मनोज राष्ट्रका प्रतिष्ठित व्यक्ति हुनु ।

१६) गाउँको उदाहरण र नमूनाका रुपमा जन्तरे काका स्मरणमा सँधै रहनु ।

### ४.२.१६. कथानकका आधारमा 'जन्तरे काका' कथाको विश्लेषण

जन्तरे काका कथा कथाकार रविमान लमजेलद्वारा लेखिएको एउटा श्रमजीवि व्यक्तिको जीवनीमा आधारित आदर्शोन्मुख यथार्थवादी कथा हो । कथाको शुरुवात कालिपा गाउँमा ओखलढुङ्गाबाट बसाइँ आएका जन्तरे काकाको प्रसङ्गबाट भएको छ । यस कथामा गाउँका रिजाल साहुसँग आफ्नो परिवारकासाथ विराटनगर बसाइँ सरेका जन्तरे काकाको विराटनगरको गर्मी पचाउँदाको कष्ट उल्लेख गरिएको छ । शुरुमा साहुले ४ विघा जग्गा दिने भनेपनि नदिएको तर साहुको अधियाँले गुजारा चलाएको छ । विद्यालय भएकाले छोराछोरी पढाएर राष्ट्रका प्रतिष्ठित व्यक्ति बनेका छन् । भूमि सुधार लागु हुँदा साहुले दिएको १२ विघा जग्गाको अधियाँ तिरिरहेको तर छोरो पढेर जान्ने भएपछि तिर्न छोड्दा साहुसँग बोलचाल हराएको छ । आफू ८० वर्ष काटेको, नातीका साहारामा भित्र बाहिर गर्नुपरेपनि खुशी रहेको उल्लेख छ । सबै कुरा शिक्षा प्राप्त गर्नु नै ठूलो ठान्ने जन्तरे काका वितेका वर्ष दिन हुँदा पनि उनलाई सम्भने र उनकै सिको गर्नुपर्नेमा गाउँका मान्छेले जोड दिएको कुरासँगै कथा टुङ्गिएको छ ।

प्रस्तुत कथामा आफ्नो इमान्दारी परिश्रम र शिक्षाले मानिसलाई सुखी तुल्याउने र शोषणबाट मुक्त हुन सकिने भएकाले शिक्षा लिन आग्रह गरिएको छ ।

### ४.२.१७. 'मोलतोल' कथाको कथानक

१) हरिभक्त साहित्य साधनामा लाग्नु ।

२) कवि गोष्ठीमा प्रथम भई ५००० पुरस्कार पाउनु ।

३) शारदा खुशीले गदगद हुनु ।

४) शारदाले नयाँ सारी र चोलो किन्ने कल्पना गर्नु ।

५) पुरस्कार पाउँदा धेरैले स्याबासी दिनु ।

६) बेलुका हरिभक्त शर्मा सँगै सैलेन्द्र खतिवडा, होमनाथ थपलिया र तिर्थराज श्रेष्ठलाई एक एक हजार दिनु ।

७) शारदाले जिज्ञासा राख्नु ।

८) हरिभक्तले साहित्यमा पनि सौदाबाजी चल्ने बताउनु ।

९) एक एक हजार दिने भन्दा पुरस्कृत गरिएको बताउनु ।

१०) दुई हजार शारदालाई शर्माले दिनु।

११) शारदाले श्रष्टाको सम्मान नहुने भए हलो जोत्ने सल्लाह दिनु ।

१२) हरिभक्तले शीर झुकाउनु ।

### ४.२.१८. कथानकका आधारमा 'मोलतोल' कथाको विश्लेषण

मोलतोल कथा कथाकार रविमान लमजेलद्वारा लेखिएको साहित्यिक क्षेत्रमा भएको विकृति देखाएको व्यङ्ग्यात्मक कथा हो । यसमा धेरै वर्ष देखि साहित्य साधनामा लागेको हरिभक्त शर्माले पुरस्कार छनोटमा बसेको व्यक्तिलाई एक एक हजार दिने सर्तमा ५ हजारको पुरस्कार प्राप्त गरेकामा श्रीमती शारदा खुशी छन् । धेरैले बधाई दिएका छन् । शारदाले उक्त पुरस्कारको रकमले सारी चोलो किन्ने कल्पना गरेकी हुन्छिन् । बेलुका हरिभक्तसँगै आएका तिन जनाले एक एक हजार लिएर गएपछि शारदाले जिज्ञासा राख्छिन् । हरिभक्त साहित्यमा पनि सौदाबाजी नगरी नहुने बताउँछन् । शारदा श्रष्टाको सम्मान हुँदैन भने हलो जोत्ने सल्लाह दिन्छिन् । आफ्नो स्वाभिमानमा ठेस लागेपछि शिर निहुराएको अवस्थामा कथा टुङ्गिएको छ ।

प्रस्तुत कथाले साहित्य क्षेत्रमा पनि मोलतोल र चाकडी नगरे सही मूल्याङ्कन हुन छाडेको भन्दै वौद्धिक क्षेत्रमा पनि  सौदाबाजी हुने गरेको प्रति व्यङग्य प्रस्तुत गरिएको छ ।

### ४.२.१९. 'भिनाजुको करामत' कथाको कथानक

१) कवि गोष्ठीमा कल्पना वस्ताकोटी प्रथम हुनु ।

२) सबैले प्रशंसा गर्नु ।

३) चिया पान भव्य रुपमा सम्पन्न हुनु ।

४) कविगोष्ठी समापन हुनु ।

५) बाटामा प्रभुनाथले रीमालाई कविगोष्ठीको बारे सोध्नु

६) छिमेकी कल्पना प्रथम भएको कुरा गरेर नारी अघी बढ्नुपर्ने सल्लाहा दिनु ।

७) रीमाले प्रभुनाथलाई आफैं कविता लेखी आफैं निर्णायकमा बस्दा प्रथम भएको बताउनु ।

८) कल्पना प्रभुनाथकी साली हुनु ।

९) प्रभुनाथले कल्पनालाई कन्छी श्रीमती बनाउन खोज्नु ।

१०) प्रभुनाथ रीमाको जवाफले डिस्स्रिक्क पर्नु ।

### ४.२.२०. कथानकका आधारमा 'भिनाजूको करामत' कथाको विश्लेषण

भिनाजुको करामत कथा कथाकार रविमान लमजेलको यथार्थपरक लघु कथा हो । यस कथामा आजकाल हुने गरेका कवि गोष्ठीमा निर्णयक मण्डलमा बस्ने व्यक्तिले आफैं साहित्यिक सिर्जना गरेर आफन्तलाई प्रस्तुत गर्न लगाई प्रथम बनाउने र पुरस्कार हत्याउने दुष्प्रवृति प्रति व्यङ्ग्य प्रहार गरिएको छ । यसमा प्रभुनाथले आफ्नी साली कल्पनालाई प्रथम बनाई रीमालाई ढाडस दिँदा रीमाले आफ्नी साली प्रथम बनाएको र कान्छी श्रीमती बनाउन खोजेको भनेपछि सबैकुरा खुलासा भएको छ ।

प्रस्तुत कथाले साहित्य स्रष्टामाथि गरिने योजनाबद्ध खुशामत र सौदाबाजीले सही मूल्याङ्कन हुन छोडेको प्रति व्यङ्ग्य गरिएको छ ।

'आस्थाका पदचापहरु' कथा सङ्गालोमा कथाकार लमजेलले सामाजिक र आर्थिक जीवनको यथार्थ वस्तु स्थितिलाई रेखाङ्कित गरेका छन् । उनका कथामा निम्न र अभिजात वर्गका मानिसहरु बीच हुने गरेको द्वन्द्व र संघर्षलाई देखाइएको छ । साहित्य क्षेत्रमा देखिएको वेथिति प्रति व्यङ्ग्य र आक्रोश व्यक्त गरिएको छ । जसका कारण साहित्यले

नेपाली समाजमा देखिएका विविध नकारात्मक प्रवृत्तिले जरागाडी समाजलाई सही दिशा निर्देश नगरेको कुरा देखाइएको छ ।

## ४.३. चरित्रका आधारमा कथाहरुको विश्लेषण

### ४.३.१. चरित्र

कथामा कथानकको क्रिया व्यापार प्रत्यक्ष रुपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई अगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेत्तर चरित्रको मुख्य भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँछ ।

### ४.३.२. वर्गीकरणको आधार

कथाका चरित्रहरु एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरु लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरु पनि महत्वपूर्ण केही आधारहरु हुन् भने निम्न लिखित आधारहरु पनि महत्वपूर्ण रहेका छन् । यस्ता आधारहरुमा लिङ्ग, कार्य, प्रवृति, स्वभाव, सामाजिक सम्बन्धका आधारमा आसन्नता र आबद्धता पर्दछन् ।

क) **लिङ्गका आधारमा**

कथामा चरित्रलाई प्राकृतिक रुपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यस भित्र नायक, नायीका, सहनायक सहनायिका, खलनायक आदि तौर तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

**ख) कार्यका आधारमा**

कथामा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा वर्गीकरण गरिन्छ । मुख्य पात्र कथाको केन्द्रीय चरित्र हो, सहायक पात्र कथाको केन्द्रीय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, कथामा नभए पनि फरक नपार्ने पात्र हो ।

**ग) प्रवृत्तिका आधारमा**

कथामा पात्र अनुकुल र प्रतिकुल गरी दुई वर्गका हुन्छन् । कथाको कथा वस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनुकूल चरित्र हुन आउँछ र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकूल चरित्र हुन्छ ।

**घ) स्वभावका आधारमा**

कथामा गतिशील र गतिहीन दुई स्वभावका पात्र हुन्छन् । कथाको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र हुन्छन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन्छन् ।

**ङ) सामाजिक सम्बन्धका आधारमा**

कथामा सहभागि हुने पात्रले देखाएको सामाजिक सम्बन्धका आधारमा भनौ उसले लेखेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना नीजि स्वभाव तथा वैयक्तिताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र हुन्छ ।

**च) आसन्नताका आधारमा**

कथामा पात्रहरु मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नाम उच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चिय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**छ) आबद्धताका आधारमा**

कथाको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आवद्धता भनिन्छ । यस कथामा पात्रहरु वद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । वद्ध पात्रलाई झिक्दा कथाको संरचना

भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुदैन ।

### ४.३.४. 'आस्थाका पदचापहरु' कथा सङ्गालो कथाका पात्रहरुको शैलीवैज्ञानिक विश्लेषण

आस्थाका पदचापहरु सङ्गालोमा दश ओटा कथाहरु समावेश गरिएका छन् । जसमा प्रयोग भएका पात्रहरुको तालिका सहित निम्न अनुसार विश्लेषण गरिएको छ :

#### ४.३.४.१. धनबहादुरको प्रतिशोध कथाको चरित्र/पात्र

धनबहादुरको प्रतिशोध कथाको चरित्र वा पात्रको तालिकाबद्ध विश्लेषण निम्नानुसार गरिएको छ :

**तालिका सङ्ख्या -४. १ धनबहादुरको प्रतिशोध कथाको चरित्र/ पात्र तालिका**

| क्र. स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | धनबहादुर भुजेल | + | | | + | + | | | + | | | | + | + | | + | |
| २ | चुच्चे साहु | + | | + | | + | | | | + | + | | | + | | + | |
| ३ | लीलामाया | | + | + | | | + | | + | | | | + | | + | | + |
| ४ | ललिते | + | | + | | | + | | | + | | | + | | + | | + |
| ५ | पानी साहिलो | + | | | + | | | + | + | | | | + | | + | | + |
| ६ | सिक्तेल जेठो | + | | | + | | | + | + | | | | + | | + | | + |
| ७ | पाखाली कान्छो | + | | | + | | | + | + | | | | + | | + | | + |
| ८ | किशोरमान शर्मा | + | | | + | | + | | + | | | | + | + | | + | |
| ९ | गाउँलेहरु | + | + | + | | | | + | + | | | | + | | + | | + |
| १० | चुच्चेका परिवार | + | + | + | | | | + | | + | + | | | | + | | + |

(स्रोत,लमजेल २०६९, पृ.१-२)

**लिङ्गका आधारमा**

लिङ्गका आधारमा यस 'धनबहादुरको प्रतिशोध' कथाका पुरुष पात्रहरु धेरै छन् । जसमा धनबहादुर र चुच्चे साहुले कथाको मुख्य भूमिका निर्वाह गरेकोले मुख्य पात्र र अरुले सहायक भूमिका निर्वाह गरेकोले सहायक र गौण पात्रका रुपमा देखिएका छन् ।

**धनबहादुर**

'धनबहादुरको प्रतिशोध' कथाको मुख्य भूमिका निर्वाह मुख्य पुरुष पात्र धनबहादुर हो । यसलाई कथाबाट हटाउँदा कथाको विषय नै बन्दैन । सिङ्गो कथा नै उसको जीवनमा आधारित छ ।

**चुच्चे साहु**

'धनबहादुरको प्रतिशोध' कथाको अर्को मुख्य पात्र चुच्चे साहु हो । जसले कथालाई अगाडि बढाउन र कथालाई सार्थक बनाउन मद्दत गरेको छ । चुच्चे साहुको व्यवहारले धनबहादुरमा प्रतिशोधको भावना विकास भएको छ ।

**सहायक पुरुष पात्रहरु**

'धनबहादुरको प्रतिशोध' कथामा सहायक पुरुष पात्रमा किशोरमान शर्मा रहेका छन् । उनले धनबहादुरमा शुषुप्त अवस्थामा रहेको अन्याय नसहने भावनालाई उजागर गरी प्रतिशोध लिन जागरुक बनाएकाले चुच्चे साहुसँग प्रतिशोध लिएको देखाएको छ ।

**अनुकूल पुरुष पात्र**

अनुकूल पात्रहरु ती हुन् जसले कथाको कथानकलाई अगाडि बढाउदा सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रा कुराहरु सिकाउन खोजिएको छ । यस कथाका पात्र धनबहादुर र किशोरमान अनुकूल पात्र हुन् । जसको भूमिकाले शोषण र थितोमिचो सधै सहनु हुदैन भन्ने सकारात्मक सन्देश दिएको छ ।

**प्रतिकूल पुरुष पात्रहरु**

जुन पात्रले कथाको कथावस्तुलाई अगाडि बढाउँदा नकारात्म भएका छन् । ति पात्रहरु प्रतिकूल हुन् । यस 'धनबहादुरको प्रतिशोध' कथामा चुच्चे साहु प्रतिकुल पात्रका रुपमा आएको छ । उसले बिरामी श्रीमती रुगेर बसेका धनबहादुरलाई शारीरिक यातना दिदै धरान भारी बोक्न लगेको छ भने धनबहादुर धरानबाट आईनपुगी श्रीमतीको मृत्यु भएको देखाइएकोले प्रतिकुल पात्रका रुपमा देखाइएको छ ।

**स्थिर पुरुष पात्रहरु**

'धनबहादुरको प्रतिशोध' कथाको स्थिर पात्रको रुपमा चुच्चे साहु रहेको छ । उसले अन्तिम अवस्थामा रहेकी श्रीमती रुगेर बसेको धनबहादुरलाई बाध्य बनाएर भारी बोक्न लगी ढुक्क भएको छ ।

**गतिशील पुरुष पात्रहरु**

'धनबहादुरको प्रतिशोध' कथाको मुख्य गतिशील पात्र धनबहादुर हो । उसले आफ्नी श्रीमती अन्तिम अवस्थामा रुगेर बसेको वेला पनि आफूलाई भारी बोक्न जान वाध्य वनाउने शोषक चुच्चे साहुसँग प्रतिशोध लिई परिवार नै गाउँ छोड्न बाध्य वनाएको छ ।

**मञ्चीय पुरुष पात्रहरु**

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष सम्लग्न रहेका पात्रहरुलाई मञ्चीय पात्र भनिन्छ । यस कथामा प्रयोग भएका धनबहादुर, चुच्चे साहु र किशोरमान मञ्चीय पात्रहरु हुन् । जसको भूमिका निर्वाह प्रत्यक्ष सम्लग्नताको आधारमा भएको छ ।

**नेपथ्य पुरुष पात्रहरु**

'धनबहादुरको प्रतिशोध' कथाको नेपथ्य पात्रको रुपमा ललिते, पानी साहिंलो , सिक्तेल जेठो, पाखाली कान्छो, गाउँलेहरु, चुच्चेका परिवार रहेका छन् । यी पात्रहरुको कथामा प्रत्यक्ष भूमिका देखिदैन ।

### वद्ध पुरुष पात्रहरु

जुन पात्रहरुलाई कथाबाट हटाउँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ त्यस्ता पात्रहरुलाई वद्ध पात्र भनिन्छ । यस कथाको वद्ध पुरुष पात्रहरु धनबहादुर, चुच्चे साहु हुन । यस कथाका धनबहादुर र चुच्चे साहुलाई झिकिदिने हो भने कथानक नै टुङगिन्छ र कथा अगाडि बढाउन सकिदैन ।

### स्त्री पात्रहरु

लिङ्गका आधारमा 'धनबहादुरको प्रतिशोध' कथामा धनबहादुरकी श्रीमती लीलामाया सहायक स्त्री पात्र हुन् । यस कथामा मुख्य स्त्री पात्र रहेका छैनन् ।

### अनुकूल स्त्री पात्रहरु

'धनबहादुरको प्रतिशोध' कथाको अनुकूल सहायक स्त्री पात्र लीलामाया हुन् । यस कथालाई उत्कर्षमा पुऱ्याउन लीलामायाको मृत्युले सहयोग पुऱ्याएको छ ।

### स्थिर स्त्री पात्रहरु

'धनबहादुरको प्रतिशोध' कथाको स्थिर सहायक स्त्री पात्र लीलामाया हुन् । उनी यस कथामा समय परिस्थिति अनुकूल परिवर्तन हुन नसकी आफू अन्तिम अवस्थामा पुग्दा पनि श्रीमान्लाई भारी बोक्न जानबाट रोक्न सकेकी छैनन् ।

### वद्ध स्त्री पात्रहरु

'धनबहादुरको प्रतिशोध' कथामा वद्ध स्त्री पात्रका रुपमा लीलामाया आएकी छन् । जसलाई यस कथाबाट हटाउने हो भने कथानक उत्कर्षमा पुग्न सक्दैन् । त्यसैले उनी यस कथाकी वद्ध स्त्री पात्र हुन् ।

### मञ्चीय स्त्री पात्रहरु

'धनबहादुरको प्रतिशोध' कथामा धेरै स्त्री पात्रहरु छैनन् । यस कथाको मञ्चीय स्त्री पात्र लीलामाया हुन् । उनको विरामी अवस्थाका आधारमा कथाले उत्कर्ष प्राप्त गरेको छ ।

### ४.३.४.२ 'चुनाव' कथाको चरित्र/पात्र

चुनाव कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ४.२. 'चुनाव' कथाको चरित्र/ पात्र तालिका**

| क्र. स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | देउनारायण | + | | + | | + | | | | + | + | | | + | | + | |
| २ | बोलकुमारी | | + | + | | | + | | | + | + | | | | + | + | |
| ३ | श्यामकर्ण | + | | | + | + | | | + | | | | + | + | | + | |
| ४ | जयबहादुर | + | | | + | | + | | + | | | | + | | + | | + |
| ५ | हाकिम | + | | + | | | | + | | + | | + | | | + | | + |
| ६ | श्यामकर्णका साथीहरु | + | | | + | | | + | + | | | | + | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.६-७)

**लिङ्गका आधारमा**

उल्लेखित तालिका अनुसार लिङ्गका आधारमा यस 'चुनाव' कथामा पुरुष पात्रहरुको प्रमुखता रहेको छ । जसमा देउनारायण, श्यामकर्ण जस्ता पात्रहरुलाई कथामा कथाबाट हटाउने हो भने कथा नै असफल हुने भएकोले उनीहरुलाई मुख्य पुरुष पात्रहरुका रुपमा राखिएको छ भने अन्य पात्रहरुको कथामा कम भूमिका भएको सहायक पात्रको रुपमा राखिएको छ ।

**देउनारायण**

देउनारायण 'चुनाव' कथाको मुख्य पुरुष पात्र हो । कथाबाट देउनारायणको भूमिका हटाउँदा कथा नै असफल हुन्छ । उसले कथामा प्रमुख भुमिका खेलेको पाइन्छ ।

कथानकलाई उत्कर्षमा पुऱ्याउने प्रमुख भुमिका देउनारायणको रहेको छ र परम्परित सोचको प्रतिनिधित्व समेत गरेको छ ।

### श्यामकर्ण

श्यामकर्ण पनि 'चुनाव' कथाको प्रमुख भुमिका निर्वाह गर्ने पात्र हो । उसले यस कथाको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । कथामा श्यामकर्णले केन्द्रीय भुमिका खेल्नुका साथै परिवर्तनकारीहरुको प्रतिनिधित्व समेत गरेको छ ।

### सहायक पात्रहरु

कार्यका आधारमा 'चुनाव' कथाका सहायक पुरुष पात्रहरुमा जयबहादुर र प्रहरी थानाको हाकिम हुन् । जयबहादुरले कथाको शुरुमा सहायक भूमिका निर्वाह गरेका छन् । प्रहरी हाकिमले कथाको मध्य भागमा सहायकको भुमिका खेलेका छन् । जयबहादुर र देउनारायण बाल्यकाल देखिका साथी हुन् भने प्रहरी हाकिम देउनारायणलाई सहयोग गर्ने व्यक्ति हुन् । यसरी नै श्यामकर्णका साथीहरु पनि सहायक पात्रका रुपमा देखिएका छन् । उनीहरुले कथाको अन्तिम अवस्थामा श्यामकर्णलाई साथ दिई चुनाव जिताएर नारा जुलुसमा सहयोग गरेका छन् । त्यसैले जयबहादुर, प्रहरी हाकिम र श्याकर्णका साथीहरु यस कथाका सहायक पात्र हुन् ।

### अनुकूल पुरुष पात्रहरु

कथाको कथानकलाई अगाडि बढाउँन सकारात्मक भूमिका देखिने पात्रहरु अनुकूल पात्रहरु हुन्छन् । जसले कथाबाट केही राम्रा कुराहरु सिकाउन खोजिएको हुन्छ । 'चुनाव' कथाको अनुकूल पात्र श्यामकर्ण हो । जसको भुमिकाले समाजमा शोषण गर्ने जाली फटाहाको दवदवा धेरै दिन टिक्न नसक्ने सन्देश दिन खोजेको छ ।

### प्रतिकूल पुरुष पात्रहरु

कथाको विषय वस्तुलाई अगाडि बढाउँदा नकारात्मक भूमिकामा देखिने पात्रहरु प्रतिकूल पात्रहरु हुन् । 'चुनाव' कथाका प्रतिकूल पात्रका रुपमा देउनारायण र प्रहरी हाकिम देखिएका छन् । देउनारायणले श्यामकर्णलाई झुट्टा मुद्दामा फसाएको छ भने प्रहरी

हाकिमले देउनारायणबाट पैषा लिएर बढी समय श्यामकर्णलाई जेल राख्ने काम गरेको छ । यसरी कथामा नकारात्मक कार्य गरेर प्रतिकूल पात्र देखिएका छन् ।

**स्थिर पुरुष पात्रहरु**

'चुनाव' कथाको स्थिर पुरुष पात्रका रुपमा देउनारायण रहेको छ । उसले श्यामकर्णलाई झुट्टा मुद्दा लगाई जेल हालेर ढुक्क भएको छ ।

**गतिशील पुरुष पात्रहरु**

'चुनाव' कथाको गतिशील पुरुष पात्रका रुपमा श्यामकर्ण देखिएको छ । देउनारायणले झुट्टा मुद्दा लगाएर जेल हाले पनि जेल मुक्त भए पछि गाउँमा आएर देउनारायणलाई चुनाव हराएर गाउँको ठूलो मान्छे बनेको छ । यस कथाको श्यामकर्ण गतिशील पुरुष पात्र देखिएको छ ।

**मञ्चीय पुरुष पात्रहरु**

प्रमुख रुपमा कथामा बाधिएका र कार्य व्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरुलाई मञ्चीय पात्र भनिन्छ । 'चुनाव' कथामा प्रयोग भएका देउनारायण र श्यामकर्ण मञ्चीय पात्रहरु हुन् जसको भुमिका प्रत्यक्ष संलग्नताका आधारमा भएको छ ।

**नेपथ्य पुरुष पात्रहरु**

'चुनाव' कथाको नेपथ्य पात्रको रुपमा प्रहरी हाकिम, जयबहादुर र श्यामकर्णका साथीहरु आएका छन् । यी पात्रहरुको भुमिका प्रत्यक्ष रुपमा कथामा देखिदैन ।

**वद्ध पुरुष पात्रहरु**

कथामा जुन पात्रहरुलाई हटाउँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ त्यस्ता पात्रलाई वद्ध पात्र भनिन्छ । 'चुनाव' कथाको वद्ध पुरुष पात्र देउनारायण र श्यामकर्ण हुन् । यी दुई पात्रको भुमिका हटाइ दिने हो भने कथावस्तु नै टुङ्गिन्छ । त्यसैले देउनारायण र श्यामकर्ण कथाका वद्ध पात्र हुन् ।

**स्त्री पात्रहरु**

लिङ्गका आधारमा 'चुनाव' कथामा एक मात्र स्त्री पात्र बोलकुमारी देखिएकी छन् जसले सहायक पात्रको भुमिका निर्वाह गरेको पाईन्छ ।

### ४.३.४.३. 'मूल्याङ्कन' कथाको चरित्र

मूल्याङ्कन कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या -४.३ 'मूल्याङ्कन' कथाको चरित्र/ पात्र तालिका**

| क्र. स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | अयोध्याप्रसाद | + | | | + | + | | | + | | | + | | + | | + | |
| २ | तीर्थबहादुर लमजेल | + | | | + | | + | | + | | | + | | + | | + | |
| ३ | भविलाल शर्मा | + | | | + | | + | | + | | | + | | + | | + | |
| ४ | कृष्णबहादुर कन्दङवा | + | | | + | | + | | + | | | + | | + | | + | |
| ५ | दिलबहादुर मोक्तान | + | | | + | | + | | + | | | + | | + | | + | |
| ६ | दिननाथ खतिवडा | + | | | + | | + | | + | | | + | | + | | + | |
| ७ | डम्बर सिंह वि.सी. | + | | + | | | | + | | + | + | | | | + | + | |
| ८ | लठ्ठीधारी जमात | + | | + | | | | + | | + | | + | + | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.११-१२)

## चरित्र चित्रण तालिकाको विश्लेषण

### लिङ्गका आधारमा

लिङ्गका आधारमा 'मूल्याङ्कन' कथामा सबै पात्रहरु पुरुष मात्र रहेका छन् । कथा कार्यक्रमको ढाँचामा रहेकाले वक्ताहरुलाई पात्रका रुपमा राखिएको छ । यस कथाका प्रमुख पुरुष पात्रहरु अयोध्याप्रसाद र दीननाथ खतिवडा देखिएका छन् ।

### मुख्य पुरुष पात्रहरु

### अयोध्याप्रसाद

'मूल्याङ्कन' कथामा मुख्य भूमिका निर्वाह गर्ने पात्र अयोध्याप्रसाद हुन् । उनको भूमिकाले कथानकलाई पूर्णता दिएको छ । त्यसैले अयोध्या प्रसाद यस कथाका प्रमुख पात्र हुन् ।

### दीननाथ

'मूल्याङ्कन' कथाका अर्को मुख्य पात्र दीननाथ हुन् । उनले कथाको विषय वस्तुलाई कार्यक्रम सञ्चालकको भूमिका निर्वाह गरी अगाडि बढाएका छन् । कथाको कथानक नै कार्यक्रम रहेकाले दीननाथले उद्घोषक बनेर कथाको शुरु देखि अन्त्य सम्म केन्द्रीय भूमिका निर्वाह गरेका छन् ।

### सहायक पुरुष पात्रहरु

कार्यका आधारमा 'मूल्याङ्कन' कथा कार्यक्रममा आधारित भएकाले यसको मन्तव्यमा भाग लिने सबै पुरुष पात्रहरु सहायक पात्रका रुपमा देखिएका छन् ।  तीर्थबहादुर, भविलाल, कृष्णबहादुर, दिलबहादुरले सहायक पात्रको भूमिका निर्वाह गरेका छन् । उल्लेखित पात्रहरुले कथाको विकासमा सहयोग पुऱ्याएका छन् ।

### गौण पुरुष पात्रहरु

'मूल्याङ्कन' कथाका गौण पुरुष पात्रहरुमा डम्बर सिंह र लाठीधारी जमात रहेका छन्  जसले कथालाई उत्कर्षमा पुऱ्याउने काम गरेको पाईन्छ ।

### अनुकूल पुरुष पात्रहरु

'मूल्याङ्कन' कथाका अनुकूल पुरुष पात्रहरुमा अयोध्याप्रसाद, तीर्थबहादुर, भविलाल, कृष्ण बहादुर, दिलबहादुर र दीननाथ रहेका छन् । उनीहरु कथाको विषय वस्तुलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् । कथाबाट केही राम्रा कुराहरुको सिकाइ भएको छ । समाजमा राम्रो काम गर्नेलाई सबैले सम्मान गर्छन् भन्ने सकारात्मक कुरा देखाइएको छ ।

### प्रतिकूल पुरुष पात्रहरु

कथालाई अगाडि बढाउँदा नकारात्मक भूमिकामा देखिने पात्रहरु प्रतिकूल पात्र हुन् । यस कथामा डम्बरसिंह र लाठीधारी जमात प्रतिकूल पुरुष पात्रका रुपमा देखिएका छन् जसले कार्यक्रममा सालिक निर्माण गरिने कुलनाथको विरुद्धमा आवाज उठाएका छन् ।

### गतिशील पुरुष पात्रहरु

समय परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्ने पात्र गतिशील हुन् । यस कथाका अयोध्या प्रसाद, तीर्थबहादुर, भविलाल, कृष्णबहादुर, दिलबहादुर, दीननाथ गतिशील पुरुष पात्रहरु हुन् । जसले शुरुको राज्य व्यवस्थाले रोके पनि व्यवस्था परिवर्तन सँग गाउँको परिवर्तनगामी कुलनाथको शालिक बनाई अनावरण गर्न मन्त्री ल्याई समाजका अगुवाको सम्मान गरेको छ ।

### मञ्चीय पुरुष पात्रहरु

'मूल्याङ्कन' कथाका मञ्चीय पुरुष पात्रहरु अयोध्याप्रसाद, तीर्थबहादुर, भविलाल, कृष्णबहादुर, दिलबहादुर र दीननाथ हुन् । उनीहरु कथाको कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष रुपमा सम्लग्न भएका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'मूल्याङ्कन' कथाका वद्ध पुरुष पात्रहरु अयोध्या प्रसाद, तीर्थबहादुर, भविलाल, कृष्णबहादुर, दिलबहादुर र दीननाथ हुन् ।कथामा उनीहरुको भूमिकालाई झिकिदिदा कथाको संरचना नै भताभुङ्ग हुन्छ । कथालाई अगाडि बढाउन सकिदैन ।

**स्त्री पात्रहरु**

'मूल्याङ्कन' कथामा स्त्री पात्रहरुको संयोजन रहेको पाइदैन ।

### ४.३.४.४ **'हाकिमको कुटनीति' कथाको चरित्र/पात्र तालिका**

'हाकिमको कुटनीति' कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका संख्या -४.४.'हाकिमको कुटनीति' कथाको चरित्र/ पात्र तालिका**

| क.स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | हाकिम | + | | | + | + | | | | + | + | | | + | | + | |
| २ | हाकिम्नी | | + | | + | | + | | | + | + | | | | + | + | |
| ३ | म | + | | | + | + | | | + | | | | + | + | | + | |
| ४ | कर्मचारीहरु | + | + | | + | | | + | + | | | + | | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.३८-३९)

**चरित्र चित्रण तालिकाको विश्लेषण**

**लिङ्गका आधारमा**

लिङ्गका आधारमा 'हाकिमको कुटनीति' कथाका पुरुष पात्रहरु हाकिम, म र कर्मचारी रहेका छन् ।

**प्रमुख पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरु नै यस कथाका मुख्य पुरुष पात्रहरु ह्न् । यस कथामा मुख्य भूमिका खेल्ने हाकिम रम पात्र हुन् । उनीहरुले कथाको शुरु देखि अन्तिम सम्म मुख्य भूमिका खेलेको छ । हाकिम र म कै केन्द्रीयतामा कथानकको शुरु, विकास र अन्त्य भएको छ ।

**गौण पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथामा गौण पात्रहरु कर्मचारीहरु हुन् । कथामा कम भूमिका खेलेको र कथाको अन्त्यमा देखा परेका पात्रहरु हुन् ।

**अनुकूल पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथाको अनुकूल पात्रहरु हाकिम र म हुन् । कथावस्तुलाई अगाडि बढाउँदा सकारात्मक भूमिका निर्वाह गरेको पाइन्छ ।

**गतिशील पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथाको गतिशील पुरुष पात्रहरु हाकिम र म हुन् । उनीहरु कथामा समय परिस्थिति अनुसार परिवर्तन भएको पाईन्छ ।

**मञ्चीय पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथाका मञ्चीय पुरुष पात्रहरु हाकिम र म हुन् । उनीहरु कथाको कथानकमा प्रत्यक्ष सम्लग्न रहेका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'हाकिमको कुटनीति' कथाका वद्ध पुरुष पात्रहरु हाकिम र म हुन् । उनीहरुलाई कथाबाट झिकिदिदा कथानकलाई अगाडि बढाउँन सकिदैन ।

### स्त्री पात्र

लिङ्गका आधारमा 'हाकिमको कुटनीति' कथाका स्त्री पात्र हाकिमनी मात्र हुन् । उनले सहायक पात्रको भूमिका निर्वाह गरेको पाईन्छ । हाकिमलाई घुस खान उद्यत गराउने सहायक पात्रका रुपमा रहेकी छिन् ।

### मञ्चीय स्त्री पात्र

'हाकिमको कुटनीति' कथाका मञ्चीय स्त्री पात्र हाकिमनी मात्र हुन् । हाकिमनीले कथाको कथानक विकासमा केही भूमिका निर्वाह गरेकी छन् ।

### वद्ध स्त्री पात्र

'हाकिमको कुटनीति' कथाका वद्ध स्त्री पात्र हाकिमनी मात्र हुन् । जसले कथालाई चरमोत्कर्ष तर्फ बढाउँन सहयोग पुऱ्याएको छ ।

### ४.३.४.५. 'कागजी बाघ' कथाको चरित्र/पात्र

'कागजी बाघ' कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका संख्या -४.५.'कागजी बाघ' कथाको चरित्र/ पात्र तालिका**

| क.स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | साहिंला मुखिया | + | | + | | + | | | | + | + | | | + | | + | |
| २ | साहिंली मुखिनी | | + | + | | + | | | | + | + | | | + | | + | |
| ३ | रामवीरे | + | | | + | + | | | + | | | | + | + | | + | |
| ४ | केटाहरु | + | | + | | | | + | | + | | | + | | + | | + |
| ५ | च्याङवा | + | | + | | | + | | | + | | | + | | + | | + |
| ६ | हवल्दार | + | | | + | | + | | + | | | + | | + | | + | |
| ७ | ढाक्रेहरु | + | | + | | | | + | + | | | | + | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.४०-४१)

**चरित्र चित्रण तालिकाको विश्लेषण**

**लिङ्गका आधारमा**

लिङ्गका आधारमा 'कागजी बाघ' कथाका पुरुष पात्रहरु स्त्री पात्रका तुलनामा धेरै छन् । साहिंला मुखिया, रामवीरे, केटाहरु, च्याङवा, हवल्दार र ढाक्रेहरु यस कथाका पुरुष पात्रहरु हुन् ।

**मुख्य पुरुष पात्रहरु**

**साहिंला मुखिया**

'कागजी बाघ' कथामा मुख्य भूमिका निर्वाह गर्ने पात्र पुरुष पात्रहरु मात्र छन् । यस कथामा साहिंला मुखिया मुख्य पुरुष पात्र हुन् । उनले कथाको प्रमुख भूमिका खेलेको पाइन्छ । उनी परम्परावादी प्रवृत्तिको मुख्य भूमिकामा रहेकाछन् । उनको भूमिकालाई झिकिदिने हो भने कथानक अगाडि बढ्न सक्दैन । साहिंला मुखियाले कथामा केन्द्रीय भूमिका खेलेको हुनाले मुख्य पात्रका रुपपमा देखिएका छन् ।

**रामवीरे**

रामवीरे पनि 'कागजी बाघ' कथाको प्रमुख भूमिका निर्वाह गर्ने पात्र हो । रामवीरेले यस कथाको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । परम्परावादी सोच र अन्यायको विरुद्धमा लागेर कथानकलाई पूरा गरेको छ । यस कथामा रामवीरेले केन्द्रीय भूमिका खेलेको छ ।

**सहायक पुरुष पात्रहरु**

कार्यका आधारमा 'कागजी बाघ' कथाका सहायक पुरुष पात्रहरु च्याङवा र हवल्दार हुन । कथाको विषयलाई अगाडि बढाउन सहायक भूमिका खेल्ने पात्रहरु हुन् । कथामा साहिंला मुखियालाई उनका विरुद्धमा भएका कुरा सुनाउने काम च्याङवाले गरेको छ भने अन्याय गर्नेलाई कार्यवाही गर्ने कुरामा दृढ रहने पात्र हवल्दार हुन् । उनीहरुले कथा पूरा गर्न सहयोगी भूमिका निर्वाह गरेका छन् ।

**गौण पुरुष पात्रहरु**

'कागजी बाघ' कथाको गौण पात्र ढाक्रेहरु हुन् । उनीहरुले साहिंला मुखिया गाउँ छोडेर हिड्दा बाटामा भ्रस्काउने काम गरेका छन् । त्यसैले कथामा कम भूमिका खेलेको र कथाको अन्त्य तिर देखिएका पात्र हुन् ।

**अनुकूल पुरुष पात्रहरु**

'कागजी बाघ' कथाको अनुकूल पात्र रामवीरे हो । यस कथाको कथावस्तुलाई अगाडि बढाउँदा सकारात्मक रुपमा अन्याय र शोषण विरुद्ध आवाज उठाएर सकारात्मक भूमिका निर्वाह गरेको छ । यसैले कथामा रामवीरे अनुकूल पात्रका रुपमा रहेको छ ।

**गतिशील पुरुष पात्रहरु**

'कागजी बाघ' कथाको गतिशील पुरुष पात्र रामवीरे हो । ऊ कथामा समय परिस्थिति अनुसार परिवर्तन भएको छ । शुरुमा साहिंला मुखियाको अन्याय सहने रामवीरे पछि विद्रोह गरेर साहिंला मुखिया भाग्नु परेको छ ।

**मञ्चीय पुरुष पात्रहरु**

'कागजी बाघ' कथाका मञ्चीय पुरुष पात्रहरु साहिंला मुखिया, रामवीरे र हवल्दार हुन । उनीहरु कथाको कथानकमा प्रत्यक्ष रुपमा संलग्न रहेका छन् ।

**नेपथ्य पुरुष पात्रहरु**

'कागजी बाघ' कथाका नेपथ्य पुरुष पात्रहरुमा च्याङवा, केटाहरु र ढाक्रेहरु रहेका छन् । उनीहरुले कथानकलाई पूर्णता दिन सहयोग गरेका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'कागजी बाघ' कथाका वद्ध पुरुष पात्रहरु साहिंला मुखिया, रामवीरे र हवल्दार हुन् । उनीहरुको भूमिका कथाबाट हटाउँदा कथानकलाई अगाडि बढाउँन सकिदैन ।

**मुक्त पुरुष पात्रहरु**

'कागजी बाघ' कथाका मुक्त पुरुष पात्रहरु च्याङवा, केटाहरु र ढाक्रेहरु हुन् । उनीहरुले कथालाई पूर्णता दिन सामान्य भूमिका निर्वाह गरेका छन् ।

**स्त्री पात्रहरु**

लिङ्गका आधारमा 'कागजी बाघ' कथाको स्त्री पात्र साहिंली मुखिनी मात्र हुन् ।

**प्रमुख स्त्री पात्र**

'कागजी बाघ' कथामा मुख्य भूमिका निर्वाह गर्ने स्त्री पात्रहरु नै यस कथाका प्रमुख स्त्री पात्रहरु हुन् । यस कथाको शुरु देखि अन्त्य सम्मको भूमिकामा साहिंली मुखिनी रहेकी छन् । उनले साहिंला मुखियालाई शुरुदेखि नै साथ दिएकी छिन् ।

**स्थिर स्त्री पात्रहरु**

'कागजी बाघ' कथाकी स्थिर स्त्री पात्र साहिंली मुखिनी हुन् । उनले साहिंला मुखियालाई शुरु देखि नै साथ दिएकी छन् । त्यसैले उनी कथामा स्थिर स्त्री पात्रका रुपमा देखिएकी छिन् ।

**प्रतिकूल स्त्री पात्रहरु**

'कागजी बाघ' कथामा प्रतिकूल स्त्री पात्रका रुपमा साहिंली मुखिनी रहेकी छन् । उनले कथनमा परम्परावादी सोचका साहिंला मुखियालाई साथ दिएर परिवर्तनलाई आत्मासाथ नगर्ने पात्रका रुपमा देखिएकाले कथाको प्रतिकूल पात्रका रुपमा देखिएकी छन् ।

**मुक्त स्त्री पात्रहरु**

'कागजी बाघ' कथामा रहेकी स्त्री पात्र साहिंली मुखिनी मुक्त पात्रका रुपमा रहेकी छन् । उनकोको भूमिका कथाबाट निकालिदिदा पनि त्यति प्रभाव नपर्ने देखिन्छ । त्यसैले उनी मुक्त पात्र हुन् ।

### ४.३.४.६ 'शहिद दिवस' कथाको चरित्र/पात्र

'शहिद दिवस' कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका संख्या -४.६. 'शहिद दिवस' कथाको चरित्र/ पात्र तालिका**

| क.स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | क.उद्योग | + | | | + | + | | | + | | | + | | + | | + | |
| २ | क. जगत सिंह | + | | | + | + | | | + | | | + | | + | | + | |
| ३ | नन्दु सिंह | + | | + | | + | | | | + | + | | | + | | + | |
| ४ | युवाहरु | + | | | + | | + | | + | | | | + | + | | + | |
| ५ | हरि | + | | + | | | + | | | + | | + | | | + | | + |
| ६ | पदम | + | | + | | | + | | | + | | + | | | + | | + |
| ७ | रोहिणी | + | | + | | | + | | | + | | + | | | + | | + |
| ८ | विजय विश्वकर्मा | + | | | + | | | + | + | | | | + | | + | | + |
| ९ | हरिलाल मोक्तान | + | | | + | | | + | + | | | | + | | + | | + |
| १० | कृष्ण बयलकोटी | + | | | + | | | + | + | | | | + | | + | | + |
| ११ | जितेन्द्र कन्दङवा | + | | | + | | | + | + | | | | + | | + | | + |
| १२ | विवश परियार | + | | | + | | | + | + | | | | + | | + | | + |
| १३ | विर्ख क्षेत्री | + | | | + | | | + | + | | | | + | | + | | + |
| १४ | तुलाराम विसंखे | + | | | + | | | + | + | | | | + | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.५५-५६)

### चरित्र चित्रण तालिकाको विश्लेषण

### लिङ्गका आधारमा

लिङ्गका आधारमा 'शहिद दिवस' कथाका मुख्य पुरुष पात्रहरु क. उद्योग, क. जगत सिंह, नन्दु सिंह आदि हुन् ।

**प्रमुख पुरुष पात्रहरु**

'शहिद दिवस' कथा कार्यक्रममा आधारित भएकाले यसमा रहेका वक्ताहरु प्रमुख पात्रका रुपमा देखिएका छन् । यस कथाका प्रमुख पुरुष पात्रहरु क. उद्योग, क. जगत सिंह र नन्दु सिंह रहेका छन् । उनीहरु कै केन्द्रीयतामा कथावस्तु विकास भएको देखिन्छ ।

**सहायक पुरुष पात्रहरु**

'शहिद दिवस' कथाका सहायक पुरुष पात्रहरु युवाहरु, पदम, रोहिणी आदि हुन् । उनीहरुले कथामा प्रमुख पात्रहरुको सहयोगी भूमिका निर्वाह गरेको पाईन्छ ।

**गौण पुरुष पात्रहरु**

शहिद दिवस' कथाका गौण पुरुष पात्रहरु विजय, विवश, हरिलाल, कृष्ण, जितेन्द्र, विर्ख र तुलाराम आदि हुन् । यस कथामा उनीहरुको कम भूमिका रहेको र कथाको अन्त्य भागमा देखा परेका पात्र हुन् । जसले शहिदको भूमिका बारे आ-आफूमा चर्चा गरेका छन् ।

**अनुकूल पुरुष पात्रहरु**

'शहिद दिवस' कथाको अनुकूल पुरुष पात्रहरु क. उद्योग, क.जगत, युवाहरु, विजय, विवश, हरिलाल, कृष्ण, जितेन्द्र, विर्ख र तुलाराम देखिएका छन् । जसले कथामा सकारात्मक भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पुरुष पात्रहरु**

'शहिद दिवस' कथाको प्रतिकूल पुरुष पात्रहरु नन्दु सिंहि, हरि, पदम र रोहिणी हुन् । यस कथामा व्यवस्था परिवर्तनको विरुद्धमा लागेर अन्त्यमा जनकार्यवाही भोग्नु परेको छ । त्यसैले उनीहरु कथामा प्रतिकूल पात्रका रुपमा देखिएका छन् ।

**मञ्चीय पुरुष पात्रहरु**

'शहिद दिवस' कथाका मञ्चीय पुरुष पात्रहरु क. उद्योग, क. जगत, नन्दसिंह, युवाहरु, हरि,पदम र रोहिणी हुन् । उनीहरु कथाको कथानकमा प्रत्यक्ष सम्लग्न देखिन्छन् ।

**नेपथ्य पुरुष पात्रहरु**

'शहिद दिवस' काथाका नेपथ्य पुरुष पात्रहरु विजय, विवश, हरिलाल, कृष्ण, जितेन्द्र, विर्ख र तुलाराम हुन् । जसले कथामा प्रत्इक्ष रुपमा नभई सूक्ष्म रुपमा शहिदका बारेमा कुराकानी गरेका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'शहिद दिवस' कथाका वद्ध पुरुष पात्रहरु क. उद्योग, क. जगत, नन्दसिंह, युवाहरु हुन् । उनीहरु कथाबाट झिकिदिदा कथानकलाई पूर्णता दिन सकिदैन ।

**मुक्त पुरुष पात्रहरु**

'शहिद दिवस' कथाका मुक्त पात्रहरु हरि, पदम, रोहिणी, विजय विवश, हरिलाल, कृष्ण, जितेन्द्र, विर्ख र तुलाराम हुन् । उनीहरुलाई कथा पूर्ण बनाउन पुरकका रुपमा मात्र लिइएको छ ।

**स्त्री पात्रहरु**

'शहिद दिवस' कथामा प्रत्यक्ष रुपमा कुनै पनि स्त्री पात्रहरुको उपस्थिति रहेको पाइदैन ।

**४.३.४.७ 'हात्तीको देखाउने दाँत' कथाको चरित्र/ पात्र**

'हात्तीको देखाउने दाँत' कथाको चरित्र/ पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

## तालिका संख्या -४.७ 'हात्तीको देखाउने दाँत' कथाको चरित्र/ पात्र तालिका

| क्र. स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | दिलेन्द्र गुरु | + | | | + | + | | | + | | | + | | + | | + | |
| २ | जयकृष्ण | + | | + | | | | + | + | | | + | | | + | | + |
| ३ | हरिहर सिंह | + | | | + | | + | | + | | + | | | + | | + | |
| ४ | प्रतिनिधि मण्डल | + | | + | | | + | | + | | | | + | | + | | + |

(स्रोत लमजेल २०६९, पृ.६७-६८)

## चरित्र चित्रण तालिकाको विश्लेषण

### लिङ्गका आधारमा

लिङ्गका आधारमा 'हात्तीको देखाउँने दाँत' कथाका पुरुष पात्रहरु दिलेन्द्र गुरु, जयकृष्ण, हरिहर सहिं र प्रतिनिधि मण्डल रहेका छन् ।

### प्रमुख पुरुष पात्रहरु

'हात्तीको देखाउँने दाँत' कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरु नै यस कथाका मुख्य पुरुष पात्रहरु हुन् । यस कथामा दिलेन्द्र गुरु मुख्य पात्रका रुपमा देखिएका छन् । कथाको शुरु देखि अन्त्य सम्म उनकै केन्द्रीयतामा कथा घुमेको छ ।

### सहायक पुरुष पात्रहरु

'हात्तीको देखाउँने दाँत' कथाको सहायक पुरुष पात्रहरु हरिहर सिंह र प्रतिनिधि मण्डल रहेका छन् । उनीहरुले कथामा दिलेन्द्र गुरुको भूमिकालाई बाहिर ल्याउन सहयोग पुऱ्याएका छन्  साथै कथानकलाई पूर्णता दिन मद्दत गरेका छन् ।

**गौण पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाको गौण पुरुष पात्र जयकृष्ण हो । कथामा दिलेन्द्र गुरुको प्रधान अध्यापक पद सम्हालेको मात्र देखाएकोले भूमिका गौण रहेको छ । जसको उपस्थिति विना पनि कथानक अगाडि बढ्न सक्छ ।

**अनुकूल पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाको अनुकूल पुरुष पात्र दिलेन्द्र गुरु हुन् । यस कथाको कथावस्तुलाई अगाडि बढाउनमा सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ ।

**गतिशील पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाको गतिशील पुरुष पात्रहरु दिलेन्द्र गुरु र हरिहर सिंह हुन ्। उनीहरुले कथामा समय र परिस्थिति अनुसार आफ्ना भावना, विचार र व्यवहार परिवर्तन गरेका छन् । शुरुमा आदर्श छाट्ने दिलेन्द्र गुरु र हरिहर पछि गएर आफै कुम्ल्याउ धन्दामा लागेका छन् ।

**स्थिर पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाको स्थिर पुरुष पात्रहरु जयकृष्ण र प्रतिनिधि मण्डल हुन् । कथामा शुरुको दिलेन्द्र गुरु प्रतिको भावना र गुरु प्रति गरिने व्यवहार अन्त्यमा पनि त्यही रुपमा रहेको देखिन्छ ।

**मञ्चीय पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाका मञ्चीय पुरुष पात्रहरु दिलेन्द्र गुरु र हरिहर सिंह हुन् । उनीहरु कथाको कथानकमा प्रत्यक्ष सम्लग्न रहेका छन् ।

**नेपथ्य पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाका पुरुष पात्रहरु जयकृष्ण र प्रतिनिधि मण्डल हुन् । कथामा उनीहरुको भूमिका एक पटक थोरै समय मात्र रहेको छ । उनीहरुको भूमिका कथाबाट हटाउँदा पनि ठूलो प्रभाव नपर्ने देखिन्छ ।

**वद्ध पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाका वद्ध पात्रहरु दिलेन्द्र ग्रु र हरिहर सिंह हुन् । उनीहरुको भूमिकालाई  कथाबाट झिकिदिदा कथानकलाई अगाडि बढाउन सकिदैन ।

**मुक्त पुरुष पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथाका मुक्त पुरुष पात्रहरु जयकृष्ण र प्रतिनिधि मण्डल हुन् । उनीहरुको भूमिका कथामा न्यून रुपपमा रहेको छ ।

**स्त्री पात्रहरु**

'हात्तीको देखाउँने दाँत' कथामा स्त्री पात्रहरुको संयोजन गरिएको पाइदैन ।

### ४.३.४.८ 'जन्तरे काका' कथाको चरित्र/पात्र

'जन्तरे काका' कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका संख्या -४.८. 'जन्तरे काका' कथाको चरित्र/ पात्र तालिका**

| क.स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | जन्तरे काका | + | | | + | + | | | + | | | | + | + | | + | |
| २ | रिजाल साहु | + | | + | | | + | | | + | + | | | + | | + | |
| ३ | नाती | + | | | + | + | | | + | | | | + | + | | + | |

(स्रोत लमजेल २०६९, पृ ९४)

**चरित्र चित्रण तालिकाको विश्लेषण**

**लिङ्गका आधारमा**

लिङ्गका आधारमा 'जन्तरे काका' कथाका पुरुष पात्रहरु जन्तरे काका, रिजाल साहु र नाती रहेका छन् ।

**प्रमुख पुरुष पात्रहरु**

'जन्तरे काका' कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरु नै यस कथाका मुख्य पुरुष पात्रहरु हुन् । यस कथाका जन्तरे काका र नाती प्रमुख भूमिका खेल्ने पात्रहरु हुन् । उनीहरुले कथाको शुरु देखि अन्त्य सम्म मुख्य भूमिका खेलेका छन् । उनीहरुकै केन्द्रीयतामा कथानक विस्तार भएको छ ।

**सहायक पुरुष पात्रहरु**

'जन्तरे काका' कथाको सहायक पुरुष पात्र रिजाल साहु हुन् । उनी कथामा सहायक पात्रका रुपमा देखिएका छन् ।

**अनुकूल पुरुष पात्रहरु**

'जन्तरे काका' कथाको अनुकूल पुरुष पात्रहरु जन्तरेकाका र नाती रहेका छन् । उनीहरुले कथाको कथा वस्तुलाई अगाडि बढाउँदा सकारात्मक भूमिका खेलेका छन् ।

**प्रतिकूल पुरुष पात्रहरु**

'जन्तरे काका' कथाको प्रतिकूल पुरुष पात्र रिजाल साहु हुन् । कथामा विषय वस्तु अगाडि बढाउँदा नकारात्मक भूमिकामा देखिएको पाईन्छ ।

**गतिशील पुरुष पात्रहरु**

'जन्तरे काका' कथाको गतिशील पुरुष पात्रहरु जन्तरे काका र नाती हुन् । कथामा रिजाल साहुको शोषणलाई चुपचाप सहने यी पात्रहरु कथाको अन्त्यमा रिजाल साहुको विपक्षमा उभिएर विद्रोह गरेका छन् ।

**स्थिर पुरुष पात्रहरु**

'जन्तरे काका' कथाको स्थिर पुरुष पात्र रिजाल साहु हुन् । उनले कथामा शुरु देखि अन्त्य सम्म एउटै भूमिका निर्वाह गरेको देखिन्छ ।

**मञ्चीय पुरुष पात्रहरु**

'जन्तरे काका' कथाका मञ्चीय पुरुष पात्रहरु जन्तरे काका, रिजाल साहु र नाती हुन् । उनीहरु कथाको कथानकमा प्रत्यक्ष रुपमा सम्लग्न रहेका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'जन्तरे काका' कथाका वद्ध पुरुष पात्रहरु जन्तरे काका, रिजाल साहु र नाती हुन् । उनीहरुलाई यस कथाबाट झिकिदिदा कथानकलाई अगाडि बढाउन सकिदैन ।

**स्त्री पात्रहरु**

'जन्तरे काका' कथामा प्रत्यक्ष स्त्री पात्रहरुको संयोजन गरिएको पाइदैन ।

### ४.३.४.९. 'मोलतोल' कथाको चरित्र/ पात्र

'मोलतोल' कथाको चरित्र/ पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका संख्या -४.९ 'मोलतोल' कथाको चरित्र/ पात्र तालिका

| क्र. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स. | गौ. | अनु. | प्रति. | उ. | मध्म | नि. | म. | ने. | वद्ध | मुक्त |
| १ | शारदा | | + | | + | + | | | + | | | | + | + | | + | |
| २ | हरिभक्त शर्मा | + | | | + | + | | | + | | | | + | + | | + | |
| ३ | शैलेन्द्र खतिवडा | + | | + | | + | + | | | + | | + | | + | | + | |
| ४ | होमनाथ थपलिया | + | | + | | | + | | | + | | + | | + | | + | |
| ५ | तीर्थराज श्रेष्ठ | + | | + | | | + | | | + | | + | | + | | + | |

(स्रोत लमजेल २०६९, पृ.१०९)

## चरित्र चित्रण तालिकाको विश्लेषण

### पुरुष पात्र

लिङ्गका आधारमा 'मोलतोल' कथाका पुरुष पात्रहरु हरिभक्त, शैलेन्द्र, होमनाथ र तीर्थराज हुन् ।

### मुख्य पुरुष पात्रहरु

'मोलतोल' कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरु नै यस कथाका मुख्य पुरुष पात्रहरु हुन् । यसकथाको मुख्य पुरुष पात्र हरिभक्त शर्मा हुन् । उसलाई कथाबाट झिकिदिने हो भने कथानक नै अन्त्य हुन्छ । त्यसैले यस कथाको मुख्य पुरुष पात्र हरिभक्त हुन् ।

### सहायक पुरुष पात्रहरु

कार्यका आधारमा 'मोलतोल' कथाका सहायक पुरुष पात्रहरु शैलेन्द्र, होमनाथ र तीर्थराज हुन् । उनीहरु कथाको शुरुमा प्रत्यक्ष नदेखिए पनि अन्त्यमा पुरस्कारको मोल बाढ्ने समयमा देखा परेर सहायक पात्रको भूमिका निर्वाह गरेका छन् ।

### अनुकूल पुरुष पात्रहरु

'मोलतोल' कथाका अनुकूल पुरुष पात्र हरिभक्त हुन् । उनका मध्यमबाट कथाको विषयवस्तुलाई अगाडि बढाउँदा साहित्य क्षेत्रमा देखिएका मोलतोललाई व्यङग्य गर्दै सकारात्मकताको खोजी गरिएको छ ।

### प्रतिकूल पुरुष पात्रहरु

कथालाई अगाडि बढाउँदा नकारात्मकताको प्रतिनिधित्व गर्ने पात्रलाई प्रतिकूल पात्र भनिन्छ । यस 'मोलतोल' कथामा शैलेन्द्र, होमनाथ र तीर्थराज प्रतिकूल पुरुष पात्रका रुपमा देखिएका छन् । उनीहरुले कथामा साहित्यिक पुरस्कारको रकम बाढ्ने शर्तमा हरिभक्तलाई छानेका छन् ।

**गतिशील पुरुष पात्रहरु**

समय परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्ने पात्र गतिशील पात्र हुन् । 'मोलतोल' कथाका गतिशील पुरुष पात्र हरिभक्त हुन् । कथाको शुरुमा साहित्यमा सही मूल्याङ्कन हुने कुरामा ढुक्क रहेका हरिभक्त कविता गोष्ठीमा प्रथम हुनका लागि पुरस्कारको मोलतोल गरी बाढ्ने पक्षमा पुग्छन् । त्यसैले हरिभक्त गतिशील पुरुष पात्र हुन् ।

**स्थिर पुरुष पात्रहरु**

'मोलतोल' कथाका स्थिर पुरुष पात्रहरु शैलेन्द्र, होमनाथ र तीर्थराज हुन् । उनीहरुले पहिले देखिनै साहित्य प्रतियोगितामा पुरस्कार मोलतोलका आधारमा मूल्याङ्कन गर्दै आएका छन् ।

**मञ्चीय पुरुष पात्रहरु**

'मोलतोल' कथाका मञ्चीय पुरुष पात्रहरु हरिभक्त, शैलेन्द्र, होमनाथ र तीर्थराज हुन् । उनीहरु कथाको कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत सम्लग्न भएका छन् ।

**वद्ध पुरुष पात्रहरु**

'मोलतोल' कथाका वद्ध पुरुष पात्रहरु शैलेन्द्र, होमनाथ र तीर्थराज हुन् । कथाबाट उनीहरुको भूमिकालाई झिकिदिदा कथाको संरचना बिग्रन्छ र कथालाई पूर्णता दिन सकिदैन ।

**स्त्री पात्र**

लिङ्गका आधारमा 'मोलतोल' कथामा एकमात्र स्त्री पात्र शारदा रहेकी छन् । यस कथामा उनको भूमिका प्रमुख, अनुकूल, निम्न वर्ग र वद्ध रुपमा रहेको छ । उनले परम्परा देखि साहित्यिक क्षेत्रमा रहेको मूल्याङ्कन प्रवृत्तिलाई हटाई सही मूल्याङ्कन हुनु पर्ने कुरामा जोड दिएकी छन् ।

### ४.३.४.१० 'भिनाजुको करामत' कथाको चरित्र/पात्र तालिका

'भिनाजुको करामत' कथाको चरित्र/पात्रको तालिकाबद्ध रुपमा निम्नानुसार विश्लेषण गरिएका छ :

**तालिका संख्या -४.१० 'भिनाजुको करामत' कथाको चरित्र/ पात्र तालिका**

| क्र. स. | पात्रहरु | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृति | | सामाजिक सम्बन्ध | | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | स | गौ | अनु | प्रति. | उ. | मध्म | नि | म. | ने | वद्ध | मुक्त |
| १ | कल्पना बस्ताकोटी | | + | | + | + | | | + | | | + | | + | | + | |
| २ | प्रभुनाथ | + | | | + | + | | | + | | | + | | + | | + | |
| ३ | रीमा | | + | | + | + | | | | + | | + | | + | | + | |

(स्रोत लमजेल २०६९, पृ.११०)

**चरित्र चित्रण तालिकाको विश्लेषण**

**पुरुष पात्र**

लिङ्गका आधारमा 'भिनाजुको करामत' कथाको पुरुष पात्र प्रभुनाथ हुन् ।

**प्रमुख पुरुष पात्र**

'भिनाजुको करामत' कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरु नै कथाका मुख्य पुरुष पात्रहरु हुन् । यस कथामा मुख्य भूमिका खेल्ने पात्र प्रभुनाथ हुन् । उनले कथाको शुरु देखि अन्त्य सम्म मुख्य भूमिका खेलेका छन् । उनकै केन्द्रीयतामा कथानक विस्तार र विकास भएको छ ।

**अनुकूल पुरुष पात्रहरु**

'भिनाजुको करामत' कथाको अनुकूल पुरुष पात्र प्रभुनाथ हुन् । उनले साहित्यिक प्रतियोगितामा आफैले रचना सिर्जना गरी आफै मूल्याङ्कन गर्न बसी पुरस्कार आफ्नै सालीलाई उपलब्ध गराई कथाको शीर्षकलाई सार्थक बनाएका छन् ।

**गतिशील पुरुष पात्र**

'भिनाजुको करामत' कथाको गतिशील पुरुष पात्र प्रभुनाथ हुन् । उनी कथामा समय परिस्थिति अनुसार परिवर्तन भएका छन् ।

**मञ्चीय पुरुष पात्रहरु**

'भिनाजुको करामत' कथाको मञ्चीय पुरुष पात्र प्रभुनाथ हुन् । उनी कथाको कथानकमा प्रत्यक्ष रुपमा सम्लग्न रहेको देखिन्छ ।

**वद्ध पुरुष पात्रहरु**

'भिनाजुको करामत' कथाको वद्ध पात्र प्रभुनाथ हुन् । उनको भूमिकालाई कथाबाट झिकिदिदा कथानक अगाडि बढ्न सक्दैन ।

**स्त्री पात्रहरु**

लिङ्गका आधारमा 'भिनाजुको करामत' कथाका स्त्री पात्रहरु कल्पना र रीमा हुन् ।

**प्रमुख स्त्री पात्रहरु**

'भिनाजुको करामत' कथामा मुख्य भूमिका निर्वाह गर्ने स्त्री पात्रहरु नै यस कथाका प्रमुख स्त्री पात्रहरु हुन् । कथाको शुरु देखि अन्त्य सम्म केन्द्रीय भूमिका कल्पना र रीमाले खेलेका छन् । त्यसैले उनीहरु यस कथाका प्रमुख स्त्री पात्रहरु हुन् ।

**गतिशील स्त्री पात्रहरु**

'भिनाजुको करामत' कथाका रीमा र कल्पना गतिशील स्त्री पात्रहरु हुन् । उनीहरु कथाको विकासमा समय र परिस्थिति अनुसार परिवर्तन भएका छन् ।

### अनुकूल स्त्री पात्रहरु

'भिनाजुको करामत' कथामा सकारात्मक भूमिका खेल्ने स्त्री पात्र नै कथाका अनुकूल स्त्री पात्र हुन् । कथामा सकारात्मकताको भूमिका कल्पनाले निर्वाह गरेकी छन् । भिनाजुले लेखेको रचना वाचन गरेर भिनाजुकै मूल्याङ्कनमा प्रथम हुनुले शीर्षक सार्थक भएबाट कल्पना कथाकी अनुकूल स्त्री पात्र भएकी छन् ।

### प्रतिकूल स्त्री पात्रहरु

'भिनाजुको करामत' कथामा रीमा प्रतिकूल स्त्री पात्र हुन् । कल्पनाले प्राप्त गरेको पुरस्कार प्रति विरोध गर्दै आफै लेखेर आफै मूल्याङ्कन गर्दा पुरस्कार पाएको कुरा प्रति व्यङ्ग्य गरेकी छन् ।

### मञ्चीय स्त्री पात्रहरु

'भिनाजुको करामत' कथामा मञ्चीय स्त्री पात्रहरु कल्पना र रीमा हुन् । उनीहरु कथानकको विकासमा प्रत्यक्ष संलग्न रहेका छन् ।

### वद्ध स्त्री पात्रहरु

'भिनाजुको करामत' कथाकी वद्ध स्त्री पात्रहरु कल्पना र रीमा हुन् । उनीहरुलाई कथाबाट झिकिदिने हो भने कथालाई अगाडि बढाउन सकिदैन ।

## ४.४ चयनका आधारमा कथाहरुको विश्लेषण

### ४.४.१. शब्द चयनका आधारमा

भाषको न्यूनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनीहरुको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई ओजपूर्ण, उपयुक्त र भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा शब्द चयन महत्वपूर्ण हुन्छ । साहित्यकारले एउटै अर्थ दिने समाजमा प्रचलित विभिन्न शब्दहरु मध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछन् । 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा कथाकार रविमान लमजेलले शब्द चयनका माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट प्रस्तुत गरेको पाईन्छ ।

### ४.४.१.१. तत्सम शब्दको चयन

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रुप परिवर्तन नभईकन जस्ताको तस्तै प्रयोगमा आएका शब्द नै तत्सम शब्द हुन् । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका तोकिएका दस कथाहरुमा तत्सम शबदहरु सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाईन्छ ।

(क) इमान्दार, सरल, मृदुभाषी धनबहादुरको टाउकामा विपत्तिको पहाड बज्रने गर्छ वर्षेनी

(लमजेल, २०६९, पृ.१)

(ख) मुटुमाथि ढुंङ्गा राखेर काजकिरिया सिध्यायो धनबहादुरले (लमजेल, २०६९,पृ.१)

(ग) हुनुहार दैव नटार भने झैं लीलामाया दुई महिना देखि थला परेकी छन् । (लमजेल, २०६९,पृ.१)

(घ) रात्री पाठशालामा अनेकौ नर नारीलाई शिक्षादीक्षा दिनुको साथ साथै सामाजिक कुसंस्कार, अशिक्षा र अन्धविश्वासले जरा गाडेको मष्तिष्कमा चेतनाको ज्योति बाल्ने चेष्टा गर्थे उनी (लमजेल, २०६९,पृ.२)

(ङ) भिजेको धोती निचोरे जस्तो मरेको मुख लगाएको थियो । (लमजेल, २०६९,पृ.६)

(च) रकम फेला परेपछि श्रमदान जुटाएर भवन निर्माण गरी रकम च्वाट पाऱ्यो ।

(लमजेल, २०६९,पृ.६)

(छ) शिक्षक मात्र भएर सम्भव नहुने देखेर चुनावलाई नै अमोध अश्त्र बनाउने उपाय निकाल्यो (लमजेल, २०६९,पृ.७) ।

(ज) उसको शरिर मात्र विश्राम लिएको छ (लमजेल, २०६९,पृ.११) ।

(झ) कार्य सञ्चालनमा विघ्न वाधा खडा गरिएन (लमजेल, २०६९,पृ.११) ।

(ञ) मसान्तको दिन खुशीले भरिएर तलव थाप्ने आसाले अफिस तर्फ पाइला बढाउँछु

(लमजेल, २०६९,पृ.३८) ।

(ट) हाकिम सान्त्वनाको स्वरमा श्रीमतीलाई जवाफ दिन्छन् (लमजेल, २०६९,पृ.३९) ।

(ठ) तर आज सुनसान रातमा आफू र स्वास्नी कसैलाई सुँईको नदिई हिडिरहेछन् (लमजेल, २०६९,पृ.४०) ।

(ड) कति वर्षको तमसुक भनेर सोधे छ (लमजेल, २०६९,पृ.४०) ।

(ढ) साहिंला मुखिया रातको अनिद्राले ढुंङ्गामा पल्टिए (लमजेल, २०६९,पृ.४१) ।

(ण) बजार क्षेत्र जताततै तुल,व्यानर र ध्वजा पतकाले नव दुलही भैं सिंगारिएको थियो ( लमजेल, २०६९,पृ.५५) ।

(त) विशाल जुलुसले बजार परिक्रमा गरे पछि जुलुस सभामा परिणत भयो (लमजेल, २०६९,पृ.५५) ।

(थ) शहिदहरु प्रति श्रद्धान्जली प्रकट गर्दै सभाले मूर्तरुप लियो (लमजेल, २०६९,पृ.५५) ।

(द) उनी परिचित मित्रहरुका अगाडि दर्शन छाट्थे,त्यागउत्सर्ग र सेवा भाव जव मनुष्य हृदयबाट विलुप्त हुन्छ तब त्यो मनुष्य लास तुल्य हुन्छ (लमजेल, २०६९,पृ.६७) ।

(ध) शुभेच्छुकहरुले सोचे दिलेन्द्र गुरु जस्ता विवेकी मान्छे संस्थानमा पुगे पछि देशको विकास हुनेछ (लमजेल, २०६९,पृ.६७) ।

(न) विहेवारी यतै भयो,छोरा छोरी जन्मे, बुबा आमाको पनि देहान्त भयो (लमजेल, २०६९,पृ.९४) ।

(प) साहुको वर्षभरी हलो कोदालो गर्दा पनि सिपाही लगाएर कुटाउँथे (लमजेल, २०६९,पृ.९४) ।

(फ) हाम्रो पूर्खाका हड्डी मक्काएका छन् (लमजेल, २०६९,पृ.९४) ।

(ब) आजको बृहत कवि गोष्ठीमा प्रथम भएर पाँच हजार नगद रुपैया प्राप्त गर्दा हरिभक्तलाई स्यावासी र वधाई नदिने विरलै थिए (लमजेल, २०६९,पृ.१०९) ।

(भ) साहित्यमा पनि सौदाबाजी चल्छ (लमजेल, २०६९,पृ.१०९) ।

(म) सभपतिको आज्ञा बमोजिम सबै घर घर लागे (लमजेल, २०६९,पृ.११०) ।

(य) अब नारीहरु पनि जाग्नु पर्छ (लमजेल, २०६९,पृ.११०) ।

माथिका रेखाङ्कित गरिएका शब्दहरु धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरु हुन् । यस्ता शब्दहरु कथामा सार्थक रुपमा प्रयोग भएका छन् । कथाकार द्वारा उल्लेखित कथाहरुमा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरु मध्येबाट गरिएको तत्सम शब्दको चयनले कथाहरुको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै कथाहरुलाई प्रभावकारी बनाएका छन् ।

### ४.४.१.२. तद्भव शब्दको चयन

संस्कृतबाट रुप फेरिएर नेपाली भाषामा प्रयुक्त शब्दलाई तद्भव शब्द भनिन्छ । धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) पोहोर दुई महिनाको अन्तरमा उसका बाबु आमाले स्वर्गको बाटो साफ गरे (लमजेल, २०६९,पृ.१) ।

(ख) बिरामी श्रीमती रुगेर बसिरहेको बखत घरमाथिको बरबोटे डाँडाबाट एक बिहान तिखो स्वर सुनिन्छ (लमजेल, २०६९,पृ.१) ।

(ग) त्यो दिन रात पऱ्यो (लमजेल, २०६९,पृ.२) ।

(घ) पानी साहिंलो, सिक्तेल जेठो, पाखाली कान्छो आएर सम्झाई बुझाई गरे (लमजेल, २०६९,पृ.२) ।

(ङ) त्यसैलाई भोट दिने आँखा फुटेका अन्धाहरु (लमजेल, २०६९,पृ.६) ।

(च) केरेपे गाउँ कै प्राथमिक विद्यालयमा शिक्षक काम गर्न थाल्यो (लमजेल, २०६९,पृ.६) ।

(छ) थुना परेको तीन वर्ष पछि श्यामकर्ण करागार मुक्त भयो र घर फर्कियो (लमजेल, २०६९,पृ.७) ।

(ज) घर नजिक जुलुस आइपुग्दा देउनारायण स्वास्नीको गुन्यु भित्र लुक्न खोज्दै थियो ( लमजेल, २०६९,पृ.७) ।

(झ) प्रष्ट चिन्ने मान्छेहरु अझै भन्छन कुलनाथ मरेको छैन् (लमजेल, २०६९,पृ.११) ।

(ञ) उद्घाटन हुन तीन दिन बाँकी हँदा अनिष्ट संकटको आँधि मडारियो (लमजेल, २०६९,पृ.११) ।

(ट) हामीले कुलनाथ पहाडीले देखाएको बाटोमा तत्पर भएर लागि रहनु पर्छ (लमजेल, २०६९,पृ.१२) ।

(ठ) अनि मैले आँसुको घुट्का पिएर भोक र शोकमा तड्पिएर उपवास बस्नु पर्ने छ ( लमजेल, २०६९,पृ.३८) ।

(ड) आमालाई सान्त्वना दिन थाले (लमजेल, २०६९,पृ.३८) ।

(ढ) कतिले जागिर खाएर ठूलो मान्छे भए पनि घरपरिवार, समाज र राष्ट्रलाई नभुल्नु भन्ने सुझाव दिए (लमजेल, २०६९,पृ.३८) ।

(ण) म बाहिरबाट कान थुनेर सुने पनि नसुने झैं गरे (लमजेल, २०६९,पृ.३९) ।

(त) बिहानी पख शीतलमा बाटो काटिएकोमा खुशी मान्छन् (लमजेल, २०६९,पृ.४०) ।

(थ) दस वर्ष भयो बाबु मरेको मैले चाराना ऋण गरेको छैन् (लमजेल, २०६९,पृ.४०) ।

(द) साहिंला मुखिया रातको अनिद्राले ढुंगामा पल्टिए (लमजेल, २०६९,पृ.४१) ।

(ध) हामीले शहिदले देखाएको बाटोमा हिंडेर नयाँ नेपालको मार्ग चित्र कोर्न तन मन धनले सहयोग गर्नु पर्छ (लमजेल, २०६९,पृ.५५) ।

(न) उसको निधारबाट रगत वगिरहेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(प) हाम्रो विद्यालयको शिक्षक जयकृष्ण साच्चै बफादार देखिन्थ्यो (लमजेल, २०६९,पृ.६७) ।

(फ) उनले चोयाबाँसको टुप्पो नुहे झै झुकेर नमस्कार गरे (लमजेल, २०६९,पृ.६७) ।

(ब) उनले तिक्त शब्दमा जवाफ दिएकी 'जसले मह काढ्छ उसले हात चाट्छ' (लमजेल, २०६९,पृ.६८) ।

(भ) ओखलढुंगाबाट बसाई आउँदा आमा बुबासँग उनी पनि यहाँ आएका थिए (लमजेल, २०६९,पृ.९४) ।

(म) म लाटो मान्छे साहुको जग्गाको अँधिया तिर्न नै आफ्नो कर्तव्य ठानें (लमजेल, २०६९,पृ.९४) ।

(य) अब नारीहरु पनि जाग्नु पर्छ (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.३. आगन्तुक शब्द चयन

संस्कृत भन्दा बाहेक अन्य भाषाबाट नेपाली भाषमा आएका शबदलाई आगन्तुक शब्द भनिन्छ । धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका आगन्तुक शब्दहरुको उदाहरणलाई निम्न प्रस्तुत गरिएको छ :

(क) उसको बरगतले भ्याए सम्म धामी झाक्री, डाक्टर सब लगाई सकेको छ (लमजेल, २०६९,पृ.१) ।

(ख) पुगेको भोलिपल्ट चुच्चेको दस पाथी नुनको बोरा ढाकरमा खादेर धरानबाट घर फर्कियो (लमजेल, २०६९,पृ.२) ।

(ग) भिजेको धोती निचोरे जस्तो मरेको मुख लगाएको थियो (लमजेल, २०६९,पृ.६) ।

(घ) छोरो पनि माष्टर, आफूलाई खेतबारी, श्रीमती सहित तीन जनाको जहान, जयबहादुर छोरोको विहे गर्ने सपना देख्दै थियो (लमजेल, २०६९,पृ.६) ।

(ङ) आखिर चुनाव भयो (लमजेल, २०६९,पृ.७) ।

(च) धेरै धेरै पदक र प्रशंसा पत्र पनि प्राप्त गरेको थियो (लमजेल, २०६९,पृ.११) ।

(छ) प्रतापसिंह वि.सी.एम.ए. गरेर पनि कहिलै गाउँ फर्केनन् (लमजेल, २०६९,पृ.१२) ।

(ज) हाकिम साहेवलाई मनाउनु भईहाल्छ (लमजेल, २०६९,पृ.३८) ।

(झ) ठ्याक्क एक जोर सुट,टाई, चप्पल, जुत्ता, चश्मा किन्नु पऱ्यो (लमजेल, २०६९,पृ.३८) ।

(ञ) आइ.ए. प्राइभेट अध्ययन गरेर परीक्षा दिन्छ (लमजेल, २०६९,पृ.३८) ।

(ट) बजार क्षेत्र जतातातै तुल व्यानर ध्वजा पताकाले नव दुलही झैं सिंगारिएको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ठ) यसो गर्दा नन्दसिंहका धुपौरेहरु शोषक बजिया मरेको विरालो रछ्यानमा गनाए जस्तो मुख लगाएर घर फर्किए (लमजेल, २०६९,पृ.५६) ।

(ड) अहिलेका मानिसहरु स्वार्थ, लोलुप, सङ्किर्ण र चाकडिवाज भएकाले मुलुक डुबिरहेछ (लमजेल, २०६९,पृ.६७) ।

(ढ) यति भन्दै आफ्नो मन्तव्य शेष गरे (लमजेल, २०६९,पृ.६७) ।

(ण) शिक्षक विद्यार्थी वीच पनि दिलेन्द्र गुरुको विषयमा बढिया चर्चा हुन्थ्यो (लमजेल, २०६९,पृ.६७) ।

(त) साहुको वर्षभरी हलोकोदालो गर्दा पनि सिपाही लगाएर कुटाउँथें (लमजेल, २०६९,पृ.९४) ।

(थ) छोरो शुधिर पनि वि.ए. मा पुग्यो (लमजेल, २०६९,पृ.९४) ।

(द) सबैको हाईहाई भयो कविजीको श्रीमती भनेर शारदाले पनि प्रशस्त प्रशंसाको झोली भरी (लमजेल, २०६९,पृ.१०९) ।

(ध) शारदाले फेरी जवाफ फर्काई दुई हजारको निम्ति यत्रो मोलतोल र चाकडी स्रष्टाको सम्मान हुदैन् (लमजेल, २०६९,पृ.१०९) ।

(न) आफै निर्यायक मण्डलमा बसे पछि प्रथम हुदैन र ? (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.४. झर्रा तथा अनुकरणात्मक शब्द चयन

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा लोक जीवन परम्परामा आफै उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरु नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रुपबाट उत्पन्न भई उत्पन्न ध्वनीलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्मक शब्द हुन् । यस्ता शब्दहरुले भाषालाई निख्खर, झरिलो, मीठो र गुलियो पार्ने काम गर्दछ । धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका झर्रा शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) पेट कटकटी खान्छ (लमजेल, २०६९,पृ.१) ।

(ख) चुच्चेको पछि हिड्यो लुरुलुरु (लमजेल, २०६९,पृ.२) ।

(ग) अर्को दिनदेखि टक्क एक्लै भयो त्यो घरमा धनबहादुर (लमजेल, २०६९,पृ.२) ।

(घ) काठमाण्डौ मूलपानी गाउँबाट मान्छे कुटेर रातारात भागेर देउनारायण यहाँ आएको रे (लमजेल, २०६९,पृ.६) ।

(ङ) जेल परेपछि चेत पायो, आएर शरण पर्नेछ, पहिले झै ढलीमली गर्नेछु (लमजेल, २०६९,पृ.७) ।

(च) कसैले ढुंगा ओसारे, कसैले माटो थुपारे, कसैले गारो लगाए, विजुली वेगमा चौतारा निर्माण भयो (लमजेल, २०६९,पृ.११) ।

(छ) जुन पुलबाट भविष्य पार गर्न खोज्दा चकानाचुर भए (लमजेल, २०६९,पृ.१२) ।

(ज) किन दुःख गरेको पर्ने पनि थिएन भनेर मुसुक्क हाँसे (लमजेल, २०६९,पृ.३८) ।

(झ) आठराई देखि हिडेका साहिंला मुखिया लोरिपा पुग्दा मात्र झुकझुके उज्यालो छरियो (लमजेल, २०६९,पृ.४०) ।

(ञ) नभएको झेल, फत्तुर थापेर आठराईका कुमाई मासिएका (लमजेल, २०६९,पृ.४०) ।

(ट) जानिन रामवीरे ज्यान बचाइदे .... कहलिन्दै झडङ्गिएर उठे (लमजेल, २०६९,पृ.४१) ।

(ठ) प्रत्येक गा.वि.स. क्षेत्रबाट २००/२०० सयका दरले दर्शकहरु उपस्थित भई दिए पनि काफी हुन्छ (लमजेल, २०६९,पृ.५५) ।

(ड) अनुहार गोबरमा कुल्चे जस्तो क्याच्च परेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ढ) सरुवा, बढुवा, पुरस्कार, पद भन्दा हुरुक्कै, कसैलाई गरौं भन्ने भावना छैन, अनि कसरी बन्छ मुलुक ? (लमजेल, २०६९,पृ.६७) ।

(ण) उनले तिक्त शब्दमा जवाफ दिएकी ...(लमजेल, २०६९,पृ.६८) ।

(त) विराटनगरको उखरमाउलो गर्मीले एक वर्ष सम्म टिक्न निकै मुस्किल पऱ्यो (लमजेल, २०६९,पृ.९४) ।

(थ) दुई छाक खान हम्मे भई रहेको समयमा पाँच हजारको थैली त ठूलै हो (लमजेल, २०६९,पृ.१०९) ।

(द) हरिभक्तले सुस्तरी जवाफ दियो (लमजेल, २०६९,पृ.१०९) ।

(ध) रीमाको जवाफले डिस्रिक्क पऱ्यो (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.५. द्वित्व शब्द चयन

एउटै शब्द उही क्रममा दोहोरिएर आउनुलाई द्वित्व भनिन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) गरीबमारा शोषकको कति सेवा गर्नु ? मनमनै दाह्रा किट्यो (लमजेल, २०६९,पृ.१) ।

(ख) अनि गाउँलेहरुलाई हप्काई-दप्काई काम लगायो (लमजेल, २०६९,पृ.६) ।

(ग) काठमाण्डौ मूलपानी गाउँबाट मान्छे कुटेर रातारात भागेर देउनारायण यहाँ आएको रे (लमजेल, २०६९,पृ.६) ।

(घ) यो समाजको हर्ताकर्ता कुलनाथ पहाडीको मृत्यु भएको छ (लमजेल, २०६९,पृ.११) ।

(ङ) म मा छाएको खुशीको लहर आफूमा मात्र सिमित राख्न उचित ठानिन, टाढा-टाढाका साथी भाइलाई पनि पत्र लेखें (लमजेल, २०६९,पृ.३८) ।

(च) यो भन्दा अघिकाले आदर्श छाटेर भ्रष्टचारको दलदलमा भासिएका थिए (लमजेल, २०६९,पृ.६८) ।

(छ) उनी पिठ्यौ देखाउदँदै भारी ओसार्दा ओसार्दै छाला उक्किएको छ (लमजेल, २०६९,पृ.९४) ।

(ज) हरिभक्त शिर झुकाएर भुईमा हेरीरह्यो क्वार क्वारर्ती एकटक (लमजेल, २०६९,पृ. १०९) ।

(झ) सभापतिको आज्ञा बमोजिम सबै घर घर लागे (लमजेल, २०६९,पृ.११०) ।

माथिका रेखाङ्कित शब्दहरु द्वित्व शब्दहरु हुन् । यस्ता शब्दले कथालाई जीवनतता प्रदान गरेका छन् ।

### ४.४.१.६. नाम शब्दको चयन

नेपाली परम्परागत व्याकरण अनुसार नाम शब्दलाई व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रुपमा परिभाषित गरिएको पाईन्छ । कुनै पनि व्यक्ति, वस्तु, स्थान, गुण, भाव आदिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरण अनुसार कर्ता, कर्म र पुरक भई आउने शब्दलाई नाम भनिन्छ । व्यकरणीक कार्यका आधारमा नामलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ : सङख्येय र असङख्येय नाम, मानवीय र मानवेत्तर नाम, सजीव र निर्जीव नाम, व्यक्तिगत र जातिवाचक नाम गरी चार भागमा वर्गीकरण गरिएको पाइन्छ ।

'आस्थाका पदचापहरु' कथा सङगालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका नाम शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) उसको वास्तविक नाम धनबहादुर भुजेल भए पनि गरीबिको कारणले धने भुजेलको नामबाट परिचित बन्न पुगेको छ ऊ (लमजेल, २०६९,पृ.१) ।

(ख) चुच्चे साहुको भैंसीको पाडो ल्याएर हुर्कायो (लमजेल, २०६९,पृ.१) ।

(ग) थोक्लुङ प्राथमिक विद्यालयका शिक्षक कटहरे जेठा कहाँ डेरा गरी बस्थें (लमजेल, २०६९,पृ.२) ।

(घ) देउनारायणका भरौटेहरु टोलाएर हेरिमात्र रहे (लमजेल, २०६९,पृ.६) ।

(ङ) ७ नं. फारम भरिदिएका जग्गाहरुमा जयबहादुरको नाममा एकमुरी बीऊ लाग्ने खेत परेको थियो (लमजेल, २०६९,पृ.६) ।

(च) श्यामकर्णको निर्भिकता देखेर हाकिमले तर्सदै भनेको थियो (लमजेल, २०६९,पृ.७) ।

(छ) पञ्चायती शासनमा पटक पटक जेलपर्दा पनि निराश भएन (लमजेल, २०६९,पृ.११) ।

(ज) प्रतापसिंह वि.सी. एम.ए. गरेर पनि कहिल्यै गाउँ फर्केन (लमजेल, २०६९,पृ.१२) ।

(झ) उनले धेरै चोटी प्रहरी लगाएर चुटाए (लमजेल, २०६९,पृ.१२) ।

(ञ) टोपी नलगाई अफिस जानु मनाही थियो (लमजेल, २०६९,पृ.३८) ।

(ट) के छ हरिकृष्ण खबर ? (लमजेल, २०६९,पृ.३९) ।

(ठ) आफ्नै गतिमा स्वाँ तमोर नदी सुसाई रहेछ (लमजेल, २०६९,पृ.४०) ।

(ड) लोरिपा पाखामा पुगे पछि साहिंली मुखिनी आफ्नो पोइसँग कुरा थुत्न खाज्छिन् (लमजेल, २०६९,पृ.४०) ।

(ढ) अगाडि एक हुल ढाक्रेहरु देखा पर्दछन, रामवीरे कै पल्टन उभिएर कुट्न आए जस्तो लाग्छ साहिंला मुखियालाई (लमजेल, २०६९,पृ.४०) ।

(ण) कोही क. प्रचण्ड, डा. बाबुराम भट्टराईलाई पनि निम्त्याएको छ आउनु हुन्छ होला भनेर अड्कल काट्थे (लमजेल, २०६९,पृ.५५) ।

(त) शहिद दिवसको दिन वातावरण उल्लासमय छ (लमजेल, २०६९,पृ.५५) ।

(थ) सभा विसर्जन गरिए पछि कालो मोसो दलेर नन्दसिंहलाई बजार पक्रिमा गरियो ( लमजेल, २०६९,पृ.५६) ।

(द) हरिहर सिंह खाद्य आपूर्ती मन्त्री बन्न पुगे (लमजेल, २०६९,पृ.६७) ।

(ध) प्रतिनिधि मण्डलले आफ्नो विद्यालयको समस्या दर्शाएर रकम माग गरे सहयोग स्वरुप (लमजेल, २०६९,पृ.६८) ।

(न)बाबै भान्सा गर्न जाऊ, असी वर्ष नाघिसकेका जन्तरे काका नातीको हातको वैशाखी समाएर भान्सा कोठा जान्छन् (लमजेल, २०६९,पृ.९४) ।

(प) जन्तरे काकाको परिश्रमले नै सुधिर र मनोज राष्ट्रका प्रतिष्ठित व्यक्तित्व बने (लमजेल, २०६९,पृ.९४) ।

(फ) शारदालाई लाग्यो दुई छाक खान हम्मे भई रहेको समयमा पाँच हजारको थैली त ठूलै हो (लमजेल, २०६९,पृ.१०९) ।

(ब) शैलेन्द्र खतिवडा, होमनाथ थपलिया, तीर्थराज श्रेष्ठ ती सबैलाई चिया पिलाए पछि हरिभक्तले १/१ हजाररुपैया प्रतिव्यक्ति दिएर विदा गर्‍यो (लमजेल, २०६९,पृ.१०९) ।

(भ) कवि गोष्ठीमा प्रथम भए पछि सबैको मुखबाट प्रशंसाको छहरा छुट्यो कल्पना बस्ताकोटी साँच्चै प्रतिभाशाली कवयित्री हो (लमजेल, २०६९,पृ.११०) ।

(म) बाटामा आउँदै गर्दा प्रभुनाथले रीमालाई सोध्यो (लमजेल, २०६९,पृ.११०) ।

माथि रेखाङ्कित गरिएका शब्दहरु नाम हुन् । कथामा यस्ता नामको प्रयोगले कथालाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको छ ।

### ४.४.१.७. सर्वनाम शब्दको चयन

परम्परागत व्याकरण अनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग गरिने शब्दलाई जनाउँछ । आधुनिक व्याकरणले नाम, उपवाक्य र वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ । सर्वनाम शब्द प्रयोगको औचित्य नै एउटै अभिव्यक्तिलाई पटक पटक आवृत्ति एवम् पुनः प्रयोग हुन नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ ।

'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका सर्वनाम शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ ।

(क) आफू मात्र आफ्नो जातको भए पनि यो गाउँसँग तीन पुस्ता देखि नाता गाँसिएको छ उसको (लमजेल, २०६९,पृ.१) ।

(ख) उनी जहिले पनि गरीबको हक हित न्याय र समानताको पक्षमा कुरा गर्थे (लमजेल, २०६९,पृ.२) ।

(ग) उसकी श्रीमती बोलकुमारी बाहिर निस्की (लमजेल, २०६९,पृ.६) ।

(घ) कुलनाथ बरालिने मान्छे भए पनि व्यक्तिगत स्वार्थमा कहिलै लागेन । ऊ एउटा अथक योद्धा हो (लमजेल, २०६९,पृ.११) ।

(ङ) उनी यो गाउँको पूर्व प्रधानपञ्च र चल्तापूर्ता मान्छेमा गनिन्थे (लमजेल, २०६९,पृ. १२) ।

(च) उनले किन दुःख गरेको भनेर मुसुक्क हाँसे (लमजेल, २०६९,पृ.३८) ।

(छ) अब तिमीले लोक सेवा आयोग लड्नु पास भईहाल्छौ (लमजेल, २०६९,पृ.३९) ।

(ज) म पनि तेरा करङ नभाची कहाँ छोड्छु भन्दै घर तिर फर्के (लमजेल, २०६९,पृ.४०) ।

(झ) उनलाई रामवीरेले सपनामा खेद्दै ल्याए जस्तो लाग्यो (लमजेल, २०६९,पृ.४१) ।

(ञ) उसको निधारबाट रगत बगिरहेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ट) हामी सबै मिलेर शोषक विरुद्ध उभिनु पर्छ, हामी मिले कसैले केही गर्न सक्तैन ( लमजेल, २०६९,पृ.५६) ।

(ठ) उनी परिचित मित्रहरुका अगाडि दर्शन छाँट्थे (लमजेल, २०६९,पृ.६७) ।

(ड) उनका पिताको जन्म थलो ओखलढुंगा रे (लमजेल, २०६९,पृ.९४) ।

(ढ) हाम्रो पालामा यस्तो थिएन (लमजेल, २०६९,पृ.९४) ।

(ण) त्यो नाम मात्रको कागज अँधिया बाली उसैलाई बुझाउनु पर्थ्यो (लमजेल, २०६९,पृ.९४) ।

(त) मलाई पुरस्कृत गराई देऊ म हजार रुपैया दिन्छु भनेर कबुल गरेका थिए (लमजेल, २०६९,पृ.१०९) ।

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर कथाको भाषालाई चिटिक्क बनाएको छ ।

### ४.४.१.८. विशेषणको शब्दको चयन

नाम वा सर्वनामको गुण, दोष, संख्या, मात्रा आदि जनाउने पद नै विशेषण शब्द हुन् । विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका विशेषण शब्दलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) ईमान्दार, सरल, मृदुभाषी धनबहादुरको टाउकामा विपत्तिको पहाड बज्रने गर्छ (लमजेल, २०६९,पृ.१) ।

(ख) चुच्चेको ढुंगे हृदय पग्लेन (लमजेल, २०६९,पृ.२) ।

(ग) धनबहादुर एक बिहान भुत्ते खुकुरी उध्याई रहेको थियो (लमजेल, २०६९,पृ.२) ।

(घ) देउनारायण निराशाले ढाकेको रुञ्चे स्वरमा वोल्यो (लमजेल, २०६९,पृ.६) ।

(ङ) देउनारायण चाहिं बुढो कुकुर कुँइके झै स्वास्नीसँग के-के गन्गनाउँदै थियो (लमजेल, २०६९,पृ.६) ।

(च) ऊ एउटा अथक योद्धा हो (लमजेल, २०६९,पृ.११) ।

(छ) हेरौ त्यो माथ्लो गाउँको प्रतापसिंह वि.सी. क्या जेहेन्दार, शिक्षित र लायक मान्छे थियो (लमजेल, २०६९,पृ.११) ।

(ज) जाली हाकिमका चिप्ला कुरा म जस्ता गाउँलेले के बुझ्न सक्थें (लमजेल, २०६९, पृ.३८) ।

(झ) यस्तो ज्याम्से कमिज सुरुवाल के लाउनु ? (लमजेल, २०६९,पृ.३८) ।

(ञ) स्वास्नीको रामवीरे तर्फको वकालती सोधाईले साँहिला मुखिया हाँडी घोप्ट्याए जस्तो कालो मुख लाउँछन् (लमजेल, २०६९,पृ.४०) ।

(ट) एक छिन फुस्सै निदाए (लमजेल, २०६९,पृ.४१) ।

(ठ) शहिद दिवसको दिन वातावरण उल्लासमय छ (लमजेल, २०६९,पृ.५५) ।

(ड) अनुहार गोबरमा कुल्चे जस्तो क्याच्च परेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ढ) सभा विसर्जन गरिए पछि कालो मोसो दलेर नन्दुसिंहलाई बजार परिक्रमा गरियो (लमजेल, २०६९,पृ.५६) ।

(ण) दिलेन्द्र गुरु पनि आफ्नो निष्ठा र आदर्श विर्सेर मन्त्री ज्यूलाई विन्ती विसाउन पुगे (लमजेल, २०६९,पृ.६७) ।

(त) उनले तिक्त शब्दमा जवाफ दिए (लमजेल, २०६९,पृ.६८) ।

(थ) मीठो नमीठो केही नभनी खानेछन् (लमजेल, २०६९,पृ.९४) ।

(द) म लाटो मान्छे, साहुको जग्गाको अँधिया तिर्नु नै कर्तव्य ठानें (लमजेल, २०६९,पृ.९४) ।

(ध) बेलुका हरिभक्त शर्मा सँगै अन्य तनि जना नयाँ मान्छे पनि अएका थिए (लमजेल, २०६९,पृ.१०९) ।

### ४.४.१.९. क्रियापदको चयन

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्य व्यापारको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अर्थात् कुनै काम हुने वा भएको बारेमा बुझाउने पद नै क्रियापद हुन् । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका क्रियापद शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) लोत्ताङ गाउँमा एउटा मात्र भुजेलको घर छ भने त्यो धनबहादुरको मात्रै छ (लमजेल, २०६९,पृ.१) ।

(ख) पोहोर दुई महिनाको अन्तरमा उसका बाबु आमाले स्वर्गको बाटो साफ गरे (लमजेल, २०६९,पृ.१) ।

(ग) गरस्बमारालाई ठीकै गऱ्यो धनबहादुरले (लमजेल, २०६९,पृ.२) ।

(घ) घरि घरि मतदान केन्द्रबाट आवाज आएको सुनिन्थ्यो (लमजेल, २०६९,पृ.६) ।

(ङ) मन्त्री, अञ्चलाधिस भ्रमणमा आउँदा उसै कहाँ आउँथें (लमजेल, २०६९,पृ.६) ।

(च) चुपचाप जमात तितर वितर भयो (लमजेल, २०६९,पृ.११) ।

(छ) विपक्षीहरु एक न दुई भएर घर फर्के (लमजेल, २०६९,पृ.१२) ।

(ज) हाकिम्नीले पनि मान्छे घरबारी बेचेर खोज्दा पनि जागिर पाउँदैनन् (लमजेल, २०६९,पृ.३८) ।

(झ) समाज र राष्ट्रलाई नभुल्नु भन्ने सुझाव दिए (लमजेल, २०६९,पृ.३८) ।

(ञ) ऐले जाउ,बस्दै गर, म तल झर्छु (लमजेल, २०६९,पृ.३९) ।

(ट) कृत्रिम मुस्कानले उनको अनुहारमा साम्राज्य जमाउन नपाउँदै शंकाको कालो बादल मडारिन्छ उनको छातीभरी (लमजेल, २०६९,पृ.४०) ।

(ठ) श्यामलाल, कर्णध्वज, मानवीरे पनि असारमा रिसाएका थिए (लमजेल, २०६९,पृ.४०) ।

(ड) अध्यक्षले अहिले होइन, दिवस सकिए पछि छानबिन गर्छौं (लमजेल, २०६९,पृ.५५) ।

(ढ) चुहानडाँडा देखि थोक्लुङ सम्मको बाटो खन्नु पर्ने कायलनामा गराइयो (लमजेल, २०६९,पृ.५६) ।

(ण) लाग्थ्यो दिलेन्द्र गुरु साँच्चै त्याग र निष्ठाका प्रतिमूर्ती हुन् (लमजेल, २०६९,पृ.६७) ।

(त) आकाश छुने घर बनाए, आफन्तहरुलाई जागिर मिलाए (लमजेल, २०६९,पृ.६७) ।

(थ) आफू बस्ने गाउँ भरी उनी अब जन्तरे काकाको नामबाट परिचित हुन पुगे (लमजेल, २०६९,पृ.९४) ।

(द) अघि बढ, संघर्ष गर , सफलता प्राप्त हुने छ (लमजेल, २०६९,पृ.९४) ।

(ध) सबैको हाई हाई भयो, कविजीकी श्रीमती भनेर शारदाले पनि प्रशस्त प्रशंसाको झोली भरी (लमजेल, २०६९,पृ.१०९) ।

(न) हरिभक्त शिर झुकाएर भुँईमा हेरिरयो क्वारक्वारर्ती एकटक (लमजेल, २०६९,पृ.१०९) ।

(प) लेख्दै गई भने भविष्यमा राष्ट्रलाई ठूलो योगदान मिल्नेछ (लमजेल, २०६९,पृ.११०) ।

(फ) रीमाको जवाफले डिस्रिक्क पऱ्यो (लमजेल, २०६९,पृ.११०) ।

माथि रेखाङकित शब्दहरु क्रियापद हुन् । शुरुमा, वीचमा र अन्त्यमा क्रियापद प्रयोग गरिए पनि पाठकलाई कथा बुझ्न सरल भएको छ ।

### ४.४.१.१०. क्रियाविशेषणको चयन

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रिया विशेषण भनिन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो कथा भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका क्रियाविशेषण शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) चुच्चेको पछि हिड्यो लुरुलुरु (लमजेल, २०६९,पृ.२) ।

(ख) धरानबाट हिड्को पाँच दिनमा मरितरी घर आइपुग्यो (लमजेल, २०६९,पृ.२) ।

(ग) रकम फेला परेपछि श्रमदान जुटाएर भवन निर्माण गरी रकम च्वाट पाऱ्यो (लमजेल, २०६९,पृ.६) ।

(घ) जुन पुलबाट भविष्य पार गर्न खोज्दा चकनाचुर भएँ (लमजेल, २०६९,पृ.३८) ।

(ङ) अपराधीलाई जस्तो सबै मलाई ताकेर हेर्छन् (लमजेल, २०६९,पृ.३८) ।

(च) मैले भनेको कुरा नमान्दा अञ्चलाधिस कहाँ पुऱ्याउँछु भन्दिएको थिए, मसँग चुरभएर रिसाएको थियो (लमजेल, २०६९,पृ.४०) ।

(छ) स्वास्नीको यस्तो मुटु छेड्ने कुरा सुनेर साहिंला मुखियाको हंसले ठाउँ छोड्छ, नाजवाफ कालोनिलो हुन्छन् (लमजेल, २०६९,पृ.४०) ।

(ज) अनुहार गोबरमा कुल्चे जस्तो क्वाच्च परेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(झ) शिक्षक र विद्यार्थी वीच पनि दिलेन्द्र गुरुको विषयमा बढिया चर्चा हुन्थ्यो (लमजेल, २०६९,पृ.६७) ।

(ञ) हरिभक्तले सुस्तरी जवाफ दियो (लमजेल, २०६९,पृ.१०९) ।

(ट) रीमाको जवाफले डिस्रिक्क पऱ्यो (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.११. नामयोगी शब्दको चयन

नाम वा नाम झै प्रयोग हुने अथवा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ, सम्बन्धहरु जनाउनका लागि नामसँग जोडिएर आउनेशब्दैनामयोगी हुन् । 'आस्थाका पदचापहरु' कथा सङगालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका नामयोगी शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) मुटुमाथि ढुंगा राखेर काजकिरीया सिध्यायो धनबहादुरले (लमजेल, २०६९,पृ.१) ।

(ख) थोकलुङ प्राथमिक विद्यालयका शिक्षक कटहरे जेठाकहाँ डेरा गरी बस्थें (लमजेल, २०६९,पृ.२) ।

(ग) आज एक छाक भात दिने छनक नबुझेर आफ्नो आफ्नो घरतर्फ प्रस्थान गरे (लमजेल, २०६९,पृ.६) ।

(घ) श्रीमती सहित तीन जनाको जहान (लमजेल, २०६९,पृ.६) ।

(ङ) श्रम मन्त्री ज्यूबाट उद्घाटन गर्ने राय सर्व सम्मतीबाट पारित भयो (लमजेल, २०६९,पृ.११) ।

(च) टेबल माथिको कागज टिप्तै हाकिमको वाक्य फुट्छ (लमजेल, २०६९,पृ.३९) ।

(छ) यही बाटो हो,जहाँ साहिंला मुखिया घोडामाथि चढेर अघि पछि भरियाको तात लिएर मधेस जान्थें घर फर्कन्थें (लमजेल, २०६९,पृ.४०) ।

(ज) शहिद प्रति श्रद्धान्जली प्रकट गर्दै सभाले मूर्तरुप लियो (लमजेल, २०६९,पृ.५५) ।

(झ) स्थानीय नेताहरु क.जगत सिंहले सरकारको धम्की दिएर जनतालाई पक्राउने तस्करहरु माथि कार्यवाही नभएको मा दुःख प्रकट गरे (लमजेल, २०६९,पृ.५५) ।

(ञ) आफू बस्ने गाउँभरी उनी अब जन्तरे काकाको नामबाट परिचित हुन पुगे (लमजेल, २०६९,पृ.९४) ।

(ट) आफूसँग दुई पैसा छैन (लमजेल, २०६९,पृ.१०९) ।

(ठ) भरे बुझ्दा त प्रभुनाथकी कल्पना आफ्नै साली रहिछ (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.१२. संयोजकको चयन

दुई वा दुई भन्दा बढी वाक्य, उपवाक्य तथा पदहरुलाई जोडने शब्दलाई संयोजक भनिन्छ । यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ । प्रकार्यका दृष्टिले वाक्यलाई पदावली, उपवाक्य आदिलाई जोड्ने बन्द समूहको अविकार शब्द वर्ग हो । (लम्साल, २०६८,पृ. ११) 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका संयोजक शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) चुच्चेको भारी बोक्न नजाऊ भने यो ठाउँमा बास हुँदैन (लमजेल, २०६९,पृ.१) ।

(ख) घर आइपुगेर पेटीमा भारी विसायो र दौराको फेरले नुनिला आँशु पुछ्यो र घरभित्र चिहायो (लमजेल, २०६९,पृ.२) ।

(ग) हुल्याहा बज्याहरु जम्मै श्यामकर्ण तिरै जाउन् र खाउन् (लमजेल, २०६९,पृ.६) ।

(घ) समयले फड्को हान्दै जाँदा पहिलो पल्ट एस.एल.सी पास गऱ्यो र केरेपे गाउँकै प्राथमिक विद्यालयमा शिक्षक काम गर्न थाल्यो (लमजेल, २०६९,पृ.६) ।

(ङ) धेरै धेरै पदक र प्रशंसा पत्र पनि प्राप्त गरेको थियो तर उसको हवाई दुर्घटनामा परेर मृत्यु भयो (लमजेल, २०६९,पृ.११) ।

(च) आमाको कानको एक तोलाको सुन अर्को महिना उकासी दिन्छु भनेर फुकाल्न लगाएर हाकिमको खल्ती भरिदिए (लमजेल, २०६९,पृ.३८) ।

(छ) दस वर्ष भयो बाबु मरेको, मैले चाराना ऋण गरेको छैन भने छ अनि राती घर घेरेर भोलि बिहानै ल्याएर छाला उक्काउनु पर्छ भनेर गमष्टा गरेको सुईको च्याङवाले लिएर आयो (लमजेल, २०६९,पृ.४०) ।

(ज) बजार क्षेत्र जतातत‌ै तुल र व्यानर, ध्वजा पतकाले नव दुलही झैं सिंगारिएको थियो (लमजेल, २०६९,पृ.५५) ।

(झ) गाउँ भ्रमणमा आउने सांसदसँग गाउँले हरु यही विरोध गर्दथे की शिक्षा दिवसको उपलक्ष्यमा  दिलेन्द्र गुरुलाई पुरस्कृत गरिनु पर्छ (लमजेल, २०६९,पृ.६७) ।

(ञ) शोसक साहुको अत्याचर र दमनले डाँडा काटेको थियो (लमजेल, २०६९,पृ.९४) ।

(ट) एउटा सारी, चप्पल र चोली नकिनी भएन (लमजेल, २०६९,पृ.१०९) ।

(ठ) लेख्दै गई भने भविष्यमा राष्ट्रलाई ठूलो योगदान मिल्ने छ (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.१३. निपातको चयन

भाषमा सौन्दर्य चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । निपातले आग्रह, अवधारणा, सहमती, प्रश्न,आशंका, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई धोतन गर्दछन् । ‘आस्थाका पदचापहरु’ कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका निपात शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) ए हजुर किन बोलाउनु भयो ? म त श्रीमती सिकिस्त भएकीले पंखा हम्केर बसिरहेको छु (लमजेल, २०६९,पृ.१) ।

(ख) यसो बारबेरको लागि घोचाघारा कट्नु पऱ्यो नी, के घोचाघारा काट्छौ नी ? (लमजेल, २०६९,पृ.२) ।

(ग) काठमाण्डौ मूलपानी गाउँबाट मान्छे कुटेर रातारात भागेर देउनारायण यहाँ अएको रे । (लमजेल, २०६९,पृ.६) ।

(घ) छोरो पनि माष्टर, आफूलाई खेतबारी, श्रीमती सहित तीन जनाको जहान (लमजेल, २०६९,पृ.६) ।

(ङ) कुनै भन्थे भोलि त यो भाग्छ (लमजेल, २०६९,पृ.७) ।

(च) धेरै धेरै पदक र प्रशंसा पत्र पनि प्राप्त गरेको थियो (लमजेल, २०६९,पृ.११) ।

(छ) मलाई पनि हो त नि भन्ने विश्वासले मष्तिष्कमा जरा गाड्यो (लमजेल, २०६९, पृ.३८) ।

(ज) मैले पो केही बिर्से कि झै लाग्छ (लमजेल, २०६९,पृ.३८) ।

(झ) सर्पलाई पनि नचलाई आफू तिर जाई लाग्दैन नी (लमजेल, २०६९,पृ.४०) ।

(ञ) साहिंली मुखिनीले पोइको आत भेउ पाइन रिसाउँदै सोधिन, रामवीरेले ऋण लगेको थियो र ? (लमजेल, २०६९,पृ.४०) ।

(ट) उनका पिताको जन्म थलो ओखलढुंगा रे (लमजेल, २०६९,पृ.९४) ।

(ठ) 'नानी हो अहिले नयाँ जमाना आएको छ (लमजेल, २०६९,पृ.९४) ।

(ड) दुई छाक खान हम्मे भईरहेको समयमा पाँच हजारको थैली त ठूलै हो (लमजेल, २०६९,पृ.१०९) ।

(ढ) भरे बुझ्दा त प्रभुनाथ की कल्पना आफ्नै साली रहिछे (लमजेल, २०६९,पृ.११०) ।

### ४.४.१.१४. विष्मयादिवोधक चिह्नको चयन

हर्ष, विष्मत, घृणा, आश्चर्य, दुःख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिह्न नै विष्मय चिह्न हुन् । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रयोग गरिएका विष्मयादिवोधक चिह्नलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

(क) ए धने, ए ! धने मरिस क्या हो बजिया ! (लमजेल, २०६९,पृ.१) ।

(ख) त्यसैलाई भोट दिने आँखा फुटेका अन्धाहरु ! (लमजेल, २०६९,पृ.६) ।

(ग) जेल त पठाउनु भयो प्रधानपञ्च ज्यू ! निस्के पछि तपाईको आन्द्राभुँडी गन्ला नी ! (लमजेल, २०६९,पृ.७) ।

(घ) उसकी स्वास्नी र नोकर चाकर, राम ! राम ! के भयो भन्दै पानी छम्कन थाले (लमजेल, २०६९,पृ.१२) ।

**४.४.१.१५. वाक्य चयन**

वाक्य भाषिक संरचनाको सबै भन्दा ठूलो सार्थक एकाई हो । भाषाको कथ्य र लेख्य पक्ष छन् । लेख्य सन्दर्भमा भने वाक्य भन्दा माथि प्रकरण र संकथन पनि आउँछ । मूलतः कथ्य रुपलाई भाषाको मूलरुपमा लिईने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषको आधारभूत एकाइका रुपमा वाक्यलाई लिइन्छ ( ढुंगेल र दाहाल, २०६९, पृ.१७५)

व्याकरणिक संरचनामा वाक्य लघुतम भाषिक एकाइ हो । वाक्यको संरचना पूर्ण हुने हुँदा यो स्वतन्त्र एकाइ हो । वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा वाक्यहरु आदिमा विभाजन गरिएको पाइन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा विभिन्न प्रकारका वाक्यहरु प्रयोग गरिएको पाइन्छ । जसका केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) आफू मात्र आफ्नो जातको भए पनि यो गाउँसँगै तीन पुस्ता देखि नाता गाँसिएको छ उसको (लमजेल, २०६९,पृ.१) ।

(ख) मनमनै दाह्र किट्यो (लमजेल, २०६९,पृ.१) ।

(ग) देउनारायण निराशाले ढाकेको रुन्चे स्वरमा बोल्यो (लमजेल, २०६९,पृ.६) ।

(घ) निस्के पछि तपाईको आन्द्रा भुँडी गन्ला नी ! (लमजेल, २०६९,पृ.७) ।

(ङ) हाम्रो समाजबाट एउटा आँखा हराएको छ (लमजेल, २०६९,पृ.११) ।

(च) आफ्नो छोरो एम.ए. गरेको प्रतापसिंह, कुलनाथ कहाँको गाउँ भाँडा (लमजेल, २०६९, पृ.१२) ।

(छ) हाकिम साहेवलाई मनाउनु भईहाल्छ - चिल्लो घसिन् (लमजेल, २०६९,पृ.३८) ।

(ज) के छ, हरिकृष्ण खबर ? (लमजेल, २०६९,पृ.३९) ।

(झ) म पनि तेरा करङ नभाँची कहाँ छाड्छु भन्दै घरतिर फर्के (लमजेल, २०६९,पृ.४०) ।

(ञ) मन मन गन्छन् पहाड बसाइ भएन (लमजेल, २०६९,पृ.४०) ।

(ट) जानिन रामवीरे ज्यान मचाइदे ..... कहालिन्दै झडङ्गिएर उठे (लमजेल, २०६९, पृ.४१) ।

(ठ) युगो देखि शोषित, दलित महिला, जनजातिका अधिकार सुनिश्चित गरिनु पर्छ भन्नेकुरा प्रकट गरिएको पाइन्थ्यो (लमजेल, २०६९,पृ.५५) ।

(ड) अध्यक्षले अहिले होइन, दिवस सकिए पछि छानविन गर्छौं भने पछि युवाहरु यथास्थानमा बसे (लमजेल, २०६९,पृ.५५) ।

(ढ) सालो, भान्जोलाई व्यवस्था मिलाए ....इत्यादि (लमजेल, २०६९,पृ.६७) ।

(ण) उनले चोयाबासको टुप्पो नुहे झै झुकेर नमस्कार गरे (लमजेल, २०६९,पृ.६७) ।

(त) जन्तरे काकाको वास्तविक नाम के हो थाहा छैन् (लमजेल, २०६९,पृ.९४) ।

(थ) जब सुधिर पढालेखा भयो (लमजेल, २०६९,पृ.९४) ।

(द) साहित्यमा पनि सौदाबाजी चल्छ (लमजेल, २०६९,पृ.१०९) ।

(ध) सभापतिको आज्ञा बमोजिम सबै घर घर लागे (लमजेल, २०६९,पृ.११०) ।

'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका कथमा सरल, संयुक्त, मिश्र र अन्य लामा छोटा सबै किसिमका वाक्यहरु प्रयोग गरेको पाइन्छ ।

### ४.४.१.१६. विन्दु चिह्नको चयन

वाक्यलाई छुट्याउन र अव्यक्त कुरालाई व्यक्त गर्न विन्दु चिह्नको प्रयोग गरिएको हुनछ । विन्दु चिह्नले वाक्यलाई छरितो बनाउँछ । यस्ता चिह्नको प्रयोग 'आस्थाका

पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा विन्दु चिह्न प्रयोग गरिएको पाइन्छ  जसका केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) हामी हाम्रो काम गर्न सकौ, धन्यवाद, श्यामकर्ण, ताली .......(लमजेल, २०६९,पृ.७) ।

(ख) बहुदलले त्यस्ता फटाहाको कहाँ गर्ने, मेरो नाम, मान भाउ छैन....... भन्दा भुँईमा पल्टेर मुर्छा पऱ्यो (लमजेल, २०६९,पृ.१२) ।

(ग) जानिन रामवीरे ज्यान बचाइदे ....... कहान्लिदै झडङ्गिएर उठे (लमजेल, २०६९, पृ.४१) ।

(घ) हामी मिले कसैले केही गर्न सक्तैन ......यस पछि सबै उठेर नयाँ नेपालमा सबैको अधिकार सुनिश्चित हुने कुरामा विश्वस्त हुदै विदा भए (लमजेल, २०६९,पृ.५६) ।

(ङ) सालो, भान्जोलाई व्यवस्था मिलाए ......इत्यादि (लमजेल, २०६९,पृ.६७) ।

### ४.४.१.१७. प्रश्न सूचक चिह्नको चयन

कुनै पनि प्रश्न सोध्दा प्रयोग गरिने चिह्नलाई प्रश्न सूचक चिह्न भनिन्छ । 'आस्थाका पदचापहरु' कथा सङगालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा प्रश्न चिह्न प्रयोग गरिएको पाइन्छ । जसका केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) ए हजुर किन बोलाउनु भयो ? (लमजेल, २०६९,पृ.१) ।

(ख) मालिकको काम गर्नु पर्छ भनेर चेपारे कुरा गर्छस ? (लमजेल, २०६९,पृ.१) ।

(ग) सब गुन विर्सने ? म केमा कम थिएँ ? (लमजेल, २०६९,पृ.६) ।

(घ) कुलनाथ जेल बसेन की ? गाउँ जागृतिका गीत गाउँदै हिडेन की ? (लमजेल, २०६९,पृ.११) ।

(ङ) के छ हरिकृष्ण खबर ? (लमजेल, २०६९,पृ.३९) ।

(च) चाकडी र षडयन्त्रका भरले पाएको पुरस्कारको के मूल्य ? (लमजेल, २०६९,पृ.६७) ।

(छ) हाम्रो जग्गाको अँधिया तिर्नु पर्ने ? (लमजेल, २०६९,पृ.९४) ।

(ज) सबै रुपिया किन बाढ्नु भएको ? (लमजेल, २०६९,पृ.१०९) ।

(झ) आजको कवि गोष्ठी कस्तो लाग्यो ? (लमजेल, २०६९,पृ.११०) ।

उल्लेखित उदाहरणहरुमा जिज्ञासा, आवेग, व्यङग्य, प्रश्न आदि गरिएको अभिव्यक्ति पाइन्छ ।

### ४.४.१.१८. उखान तथा लोकोक्तिको चयन

उखान तथा लोकोक्ति भाषाको आत्मा हुन् । यसले नेपाली हावापानी, नदीनाला, पहाड पर्वत, समथर तराईको लोक जीवनलाई बोकेर नेपाली भाषालाई मिठासपूर्ण बनाएको छ । 'आस्थाका पदचापहरु' कथा सङगालो भित्रका तोकिएका दस कथाहरुमा उखान तथा लोकोक्तिहरुको प्रयोग गरिएको पाइन्छ । जसका केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) हुनुहार दैव नटार (लमजेल, २०६९,पृ.१) ।

(ख) तिन न तेरकालाई दिनु (लमजेल, २०६९,पृ.३९) ।

(ग) सर्पलाई पनि नचलाई आफूतिर जाईलाग्दैन (लमजेल, २०६९,पृ.४०) ।

(घ) मरेको बिरालो रछ्यानमा गन्हाए जस्तो (लमजेल, २०६९,पृ.५६) ।

(ङ) के खोज्छस् काना आँखो भने भै (लमजेल, २०६९,पृ.९४) ।

उल्लेखित उखान र लोकोक्तिले कथालाई मिठासपूर्ण र पाठकलाई पढौं पढौं लाग्ने बनाएको पाइन्छ । कथाको शीर्षक सार्थकतामा पनि उखानले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

### ४.५.विचलनको आधारमा कथाहरुको विश्लेषण

### ४.५.१. परिचय

सामान्य नियम वा प्रचलित अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पक्ष वा मानक प्रयोगलाई उलङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्ने गरिन्छ । विचलन भाषिक एकाइका विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, रुप, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिविम्वित हुने गर्दछ । विचलनले व्याकरण मात्र नभएर शब्द भण्डार एवम् अर्थको स्तरका साथै समग्र शैलीलाई समेत प्रभावित पार्ने गर्दछ ।

प्रचलित ढाँचालाई उलट पुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । सामान्य नियमलाई भङ्ग गरी मानकको अतिक्रमण गर्नु विचलन हो । अभिव्यक्तिको ध्यानाकर्षणका लागि प्रचलित पथ वा संरचनालाई उलङ्घन गर्ने काम विचलन हो । ( भण्डारी र नेपाल २०६७, पृ.३५) मानकको अतिक्रमण वा उलङ्घनलाई विचलन भनिन्छ । ( शर्मा, २०५९,पृ.८) रचनालाई परम्पराबाट मुक्त गरी नविनता ल्याउने प्रक्रियाको निम्ति विचलनले सोद्देश्य भूमिका निर्वाह गरेको हुन्छ । कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिकागत, अर्थतात्विक विचलनहरु देखा परेका छन् ।

### ४.५.२. कोशीय विचलन

सामान्य भाषिक अभिव्यक्तिगत प्रयोगमा नआएका र कोशमा नरहेका नयाँ शब्दहरुको निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो । कोशमा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्तिको सामर्थ्यलाई वहन गर्न नसकेमा स्रष्टाहरुले नयाँ शब्दको निर्माण वा पूरानै शब्दलाई नौलो रुप दिएर प्रयोग गर्छन् भने त्यस्तो विचलनलाई कोशीय विचलन भनिन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा कोशीय विचलन पाइन्छ । जसको केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) ढाकरमा बाकस बोकेर कर्कलेमा जाँदै गर्दा तेरिङमा चोर, अटेर गर्ने भनेर चुच्चेले

धनबहादुरलाई लौरो प्रहार गऱ्यो (लमजेल, २०६९,पृ.२) ।

(ख) हुल्याहा बज्याहरु जम्मै श्यामकर्णे तिरै जाउन र खाउन (लमजेल, २०६९,पृ.६) ।

(ग)हेरौ त्यो माथ्लो गाउँको प्रतापसिंह वि.सी. क्या जेहेन्दार (लमजेल, २०६९,पृ.११)।

(घ) गरिबसँग बोलचाल गरेन, पञ्चायतका पुस्तक लेखेर जनचेतनाको धारलाई भुत्ते बनाउने चेष्टा गर्थ्यो (लमजेल, २०६९,पृ.१२) ।

(ङ) मैले मनको लड्डु घीऊसँग चपाउन बाँकी राखिन (लमजेल, २०६९,पृ.३८) ।

(च) यस्तो  ज्याम्से कमिज, सुरुवाल के लाउनु ? (लमजेल, २०६९,पृ.३८) ।

(छ) सत्य कुरा नभनी नहुने भए पछि साहिंला मुखिया बोक्सी बके झैं गर्न थाल्छन् (लमजेल, २०६९,पृ.४०) ।

(ज) जानिन रामवीरे ज्यान बचाईदे...... कहालिन्दै झडङ्गिएर उठे (लमजेल, २०६९, पृ.४१) ।

(झ) नन्दुसिहं मरेको बिरालो जस्तै मुख लगाएर एकातिर गएर बस्यो (लमजेल, २०६९,पृ.५५) ।

(ञ) अनुहार गोबरमा कुल्चे जस्तो क्वाच्च परेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ट) यो कसैको चाकडी र खुशामदले पाएको पुरस्कार होइन् (लमजेल, २०६९,पृ.६७) ।

(ठ) आकाश छुने घर बनाए (लमजेल, २०६९,पृ.६७) ।

(ड) रीमाको जवाफले डिस्रिक्क पऱ्यो (लमजेल, २०६९,पृ.११०) ।

माथिका रेखाङ्कित शब्दहरु काशीय विचलन भएका शब्दहरु हुन् ।

## ४.५.३. व्याकरणिक विचलन

भाषा व्याकरणीक नियमद्वारा नै व्यवस्थित रहेको हुन्छ । प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्थाहरु हुन्छन् । लिङ्ग, वचन, पूरुष, काल, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणीक विचलन हो । यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा

कृतिको गाम्भिर्य बढाउनका निम्ति स्रष्टाद्वारा आफ्ना कृतिमा गरिएको हुन्छ । साथै रचनाकार व्याकरणिक बन्धनमा बाँधिएर रहन सक्दैन किनकी ऊ आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्य सिर्जनामा व्यक्त गर्न चाहन्छ ।

'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा व्याकरणिक विचलन पाइन्छ । जसको केही निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) उसको हरेक वचन पूरा गरिदिन्छन् गाउँलेहरु (लमजेल, २०६९,पृ.१) ।

(ख) हिजो तेरो जहानको प्राण गयो (लमजेल, २०६९,पृ.२) ।

(ग) चुनावको घोषणा पछि श्यामकर्णका गलामा अविर र फूलको माला (लमजेल, २०६९, पृ.७) ।

(घ) जेल बसेर हिडेको, दुई चार वटा कविता लेख्यो भन्दैमा त्यसको कदर किन बढी ? ( लमजेल, २०६९,पृ.११) ।

(ङ) ठ्याक्क एक जोर सुट,टाई, चप्पल, जुत्ता, चश्मा किन्नु पर्‍यो, रकम नपुग भएको अर्कै महिनाको तलवले फर्स्यौट गर्ने गरी दोकानदार सँग उधारो मग्नु पर्‍यो (लमजेल, २०६९,पृ.३८) ।

(च) के छ हरिकृष्ण खबर ? सोध्छिन् (लमजेल, २०६९,पृ.३९) ।

(छ) बेइज्जती हुनु भन्दा बरु भाग्नै बेस भनेर हिडेको नी (लमजेल, २०६९,पृ.४०) ।

(ज) मानौ भोलिको विज रामवीरेको देखेर सपनामा पनि रामवीरेले लखेट्दै ल्याएको भान भयो अउनलाई (लमजेल, २०६९,पृ.४१) ।

(झ) सबै उज्यालो मुख लगाएर हाँसी मात्र रहे (लमजेल, २०६९,पृ.५६) ।

(ञ) प्रतिनिधि मण्डलले आफ्नो विद्यालयको समस्या दर्शाएर रकम माग गरे सहयोग स्वरुप (लमजेल, २०६९,पृ.६८) ।

(ट) उनका पिताको जन्मथलो ओखलढुंगा रे (लमजेल, २०६९,पृ.९४) ।

(ठ) अघि बढ, संघर्ष गर (लमजेल, २०६९,पृ.९४) ।

(ड) हरिभक्त शिर झुकाएर भुँईमा हेरिरयो क्वारक्वारर्ती एकटक (लमजेल, २०६९,पृ.१०९) ।

(ढ) उद्घोषकले कवि गोष्ठी समापन गरिदिए (लमजेल, २०६९,पृ.११०) ।

### ४.५.४. ध्वनि प्रक्रियात्मक विचलन

उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । विचारहरुको सम्प्रेषणको माध्यम भाषा भएकाले एउटा रुप ध्वनि हो । मानक भाषिक एकाइहरु धवनीबाट नै सार्थक बन्न पुगेका छन् । यसरी भाषिक उच्चारणमा हुने विचलनलाई ध्वनी प्रक्रियात्मक विचलन भनिन्छ । साहित्यकारले रचनालाई सारगर्भित र चमत्कारिक बनाउन मानक भाषाको प्रयोगका साथै कथ्य भाषाको पनि प्रयोग गरेको पाईन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा ध्वनि प्रक्रियात्मक विचलन पाइन्छ । जसलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछन् :

(क) मरिस क्या हो बजिया (लमजेल, २०६९,पृ.१) ।

(ख) एक्लै भइयो सर (लमजेल, २०६९,पृ.२) ।

(ग) हुल्याहा बज्याहरु जम्मै श्यामकर्णेका तिरै जाउन (लमजेल, २०६९,पृ.६) ।

(घ) चुपचाप जमात तितर वितर भयो (लमजेल, २०६९,पृ.११) ।

(ङ) तैछस् एउटा छोरो जे गर्लास (लमजेल, २०६९,पृ.३८) ।

(च) मैले दुःखगरेर एस.एल.सी.गरे ऐले खरदार जागिर भेटें (लमजेल, २०६९,पृ.३८) ।

(छ) तँ जाली शोषक गरीबमारालाई नसस्कारी कहाँ छोड्छु (लमजेल, २०६९,पृ.४०) ।

(ज) मुखमा सुपारी चपाउँदै फेरी थप्थें (लमजेल, २०६९,पृ.६७) ।

(झ) समयले फट्का मार्दै गयो  (लमजेल, २०६९,पृ.६७) ।

(ञ) विहेवारी यतै भयो छोरा छोरी जन्मे बुबा आमाको पनि देहान्त भयो (लमजेल, २०६९,पृ.९४) ।

(ट) बाबै भान्सा गर्न जाऊ  (लमजेल, २०६९,पृ.९४) ।

माथि रेखाङकित शब्दहरु ध्वनि तात्विक विचलन भएर प्रयोगमा आएका छन् ।

### ४.५.५. अर्थतात्विक विचलन

कुनै पनि शब्दको अभिधा मूलक वा कोशीय अर्थ त्यस शब्दको मानक अथै हुन्छ । तर कहिले काही अभिधा अर्थले मात्र नपुगेर लाक्ष्यणिक, व्यञ्जनात्मक, विम्वात्मक आदि विशिष्ट अर्थ व्यञ्जित हुने गर्दछन् । त्यसलाई हामी अर्थतात्विक विचलन भन्ने गर्दछौ । तसर्थ साहित्यमा कोशीय अर्थको अतिक्रमण भई ध्वन्यात्मक र आलङ्कारिक अर्थ प्रतिपादन गर्ने गरिन्छ । वाच्यार्थले चाहेको अर्थ व्यक्त गर्न असक्षम हुँदा रचनामा अर्थतात्विक विचलन हुन आउँछ । यसरी भाषा आर्थी विचलन भएर साहित्यिक रचनामा कलात्मक र सौन्दर्यको उदय हुन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा अर्थतात्विक विचलन पाइन्छ । जसलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) बत्तिस लक्षणले युक्त लीलामाया उसकी श्रीमती हो (लमजेल, २०६९,पृ.१) ।

(ख) गरीबमारा शोषकको कति सेवा गर्नु ? (लमजेल, २०६९,पृ.१) ।

(ग) हुल्याहा बज्याहरु जम्मै श्यामकर्णे तिरै जाउन (लमजेल, २०६९,पृ.६) ।

(घ) साच्चै यो हार शोषककै थियो (लमजेल, २०६९,पृ.६) ।

(ङ) विजुली वेगमा चौतारो निमार्ण भयो (लमजेल, २०६९,पृ.११) ।

(च) हाम्रो समाजबाट एउटा आँखा हराएको छ (लमजेल, २०६९,पृ.११) ।

(छ) आफ्नो टाउको जोगाउनु पर्छ (लमजेल, २०६९,पृ.३९) ।

(ज) साहिंला मुखिया हाँडी घोप्ट्याए जस्तो कालो मुख लगाउछन् (लमजेल, २०६९,पृ.४०) ।

(झ) अनुहार गोबरमा कुल्चे जस्तो क्वाच्च परेको थियो (लमजेल, २०६९,पृ.५५) ।

(ञ) नन्दुसिंहका धुपौरेहरु शोषक बजिया मरेको विरालो रछ्यानमा गन्हाए जस्तो मुख लगाएर घर फर्के (लमजेल, २०६९,पृ.५६) ।

(ट) उनले चोया बाँसको टुप्पो नुहे झैं झुकेर नमस्कार गरे (लमजेल, २०६९,पृ.६७) ।

(ठ) विराट नगरको उखरमाउलो गर्मीले एक वर्ष सम्म टिक्न निकै मुस्किल पऱ्यो (लमजेल, २०६९,पृ.९४) ।

(ड) शारदाले मुखफोरी घरको पुग नपुग केही थाहा छैन् (लमजेल, २०६९,पृ.१०९) ।

माथिका रेखाङ्कित पद तथा वाक्यहरुमा वाच्यार्थमा मात्र नभएर लक्षार्थ र व्याङग्यार्थ साथै विभिन्न प्रतिकात्मक अर्थ बोकेको पाइन्छ ।

**४.५.६. भाषिक विचलन**

मानक भाषाको सट्टा स्रष्टाले सिर्जनालाई विलक्षणता दिन भाषिका तथा उपभाषिकाका शब्दहरुको प्रयोगलाई भाषिक विचलन भनिन्छ । 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुमा पनि विशेष गरेर पूर्वेली भाषिकागत विचलन भएको पाइन्छ  जसलाई निम्न उदाहरणहरुले प्रष्ट पार्दछ :

(क) रहँदै बस्दै जाँदा यसै ठाउँमा उसको आत्मियता गाँसियो (लमजेल, २०६९,पृ.१) ।

(ख) पोहार दुई महिनाको अन्तरमा उसका बाबु आमाले स्वर्गको बाटो साफ गरे (लमजेल, २०६९,पृ.१) ।

(ग) समयले फड्को हान्दै जाँदा पहिलो पल्टै एस.एल.सी. पास गऱ्यो (लमजेल, २०६९,पृ.६)।

(घ) उसकी स्वास्नी भात पकाएर बाड्न नभ्याउने हुन्थी (लमजेल, २०६९,पृ.६) ।

(ङ) कुलनाथ मरेको छैन् (लमजेल, २०६९,पृ.११) ।

(च) तैछस एउटा छोरो जेगर्लास  (लमजेल, २०६९,पृ.३८) ।

(छ) ऐले खरदार जागिर भेटें भेटमा गफ गरौला (लमजेल, २०६९,पृ.३८) ।

(ज) म पनि तेरा करङ नभाची कहाँ छोड्छु भन्दै घर तिर फर्के (लमजेल, २०६९,पृ.४०) ।

(झ) जिस्केर बाँध फटाहालाई भनेको थाँग्रामा बाँधेर भकुर्न थाले (लमजेल, २०६९,पृ.४०) ।

(ञ) डाँडा खेत किर्ते गरेर आफ्नो पार्दा पनि शोषक पञ्चेहरुले बोलिदिएनन् (लमजेल, २०६९,पृ.५६) ।

(ट) उनले तिक्त शब्दमा जवाफ दिए की.... (लमजेल, २०६९,पृ.६८) ।

(ठ) विहेवारी यतै भयो  (लमजेल, २०६९,पृ.९४) ।

(ड) अहिले दिएको लेऊ, बाँकी दुई हजार रुपैया जे गर (लमजेल, २०६९,पृ.१०९) ।

(ढ) लेख्दै गई भने भविष्यमा राष्ट्रलाई ठूलो योगदान मिल्ने छ (लमजेल, २०६९,पृ.११०) ।

माथि रेखाङ्कित गरिएका शब्दहरु कथामा भाषिकागत विचलन भएर प्रयोग भएका छन् ।

**निष्कर्ष**

प्रस्तुत रविमान लम्जेलद्धारा लिखित आस्थाका पदचापहरु कथा सङ्गालोबाट छानिएका धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत जस्ता कथाहरुको कथानक र विश्लेषण गरिएको छ भने चरित्रमा लिङ्गका आधारमा, कार्यका आधारमा, प्रवृत्तिका आधारमा, स्वभावका आधारमा, सामाजिक सम्बन्धका आधारमा, आसन्ताका आधारमा, आवद्धताका आधारमा कथाको विश्लेषण गरिएको छ ।

उक्त कथामा भएका कथाहरुको चयन र विचलनका आधारमा समेत व्याख्या र विश्लेषण गर्ने काम भएको छ, जसमा शब्द चयन अर्न्तगत तत्सम, तदभव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक, द्वित्व, नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात जस्ता शब्द रहेका छन् । चिह्न अर्न्तगत विष्मयादिबोधक, विन्दु र प्रश्नसूचक जस्ता चिह्नको चयन गरिएको छ । वाक्य चयन र उखान तथा लोकोक्तिको चयन समेत उक्त कथाहरुमा भएको छ ।

विचलनको विश्लेषण गर्ने क्रममा कोशीय, व्याकरणिक, ध्वनि, प्रक्रियात्मक, अर्थतात्विक, भाषिक विचलन गरिएको छ ।

# अध्याय पाँच

## उपसंहार

### ५.१. निष्कर्ष

'आस्थाका पदचापहरु' कथाका कथाकार रविमान लमजेलद्वारा लेखिएको सामाजिक यथार्थवादी कथा संग्रह हो । उनले नेपाली समाजमा घटेका घटनाहरुलाई यथार्थ रुपमा उतारेका छन् । 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन गर्ने क्रममा उक्त कथा सङ्ग्रहमा सङ्कलित कथाहरु धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाको कथानक र पात्रका आधारमा शैली वैज्ञानिक अध्ययन विश्लेषण र शैली विज्ञानका प्रमुख मान्यताहरु चयन र विचलनका आधारमा शैली वैज्ञानिक अध्ययन विशलेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत विषय प्रवेश, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमाङ्कन र अधययनको रुपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखालाई प्रस्तुत गरिएको छ । उक्त कार्यले शोधकार्य गर्न सहज र सजिलो बनाएको छ ।

अध्ययनको तेस्रो अध्यायमा शोधकार्य अनुसन्धान विधिलाई प्रस्तुत गरिएको छ । यो शोध तयार गर्दा पुस्तकालयीय, गुणात्मक विधिको प्रयोग गरिएको छ भने अनुसन्धानको प्राथमिक स्रोतको रुपमा 'आस्थाका पदचापहरु' कथा सङ्गालोलाई लिएको छ । अन्य प्रकाशित अप्रकाशित शोधपत्रहरुलाई द्वितीय स्रोतका रुपमा उपयोग गरिएको छ ।

शोधको चौथो अधयायमा कथानक र पात्रका आधारमा 'आस्थाका पदचापहरु' कथा सङ्गालो भित्रका कथाहरु धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको

करामतको शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । जसमा कथाहरुको कथानक तथ्याङ्कलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ । उल्लेखित कथाहरुमा भएका पात्रहरुलाई शैली वैज्ञानिक तालिकामा देखाई तिनीहरुको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अध्यायमा 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा सङ्कलित धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथाहरुको चयन र विचलनका आधारमा शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा तत्सम, तद्भव, आगन्तुक र झर्रा चारै स्रोतबाट आएका शब्दहरुको अध्ययन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी,संयोजक र निपातका आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त कार्यले कथाहरुलाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाउनमा सहयोग पुगेको छ । यी कथाहरुमा विन्दु चिह्न, प्रश्न सूचक चिह्न, विष्मयादिवोधक चिह्नहरुको समुचित प्रयोग गरिएको छ । विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक र अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ ।

## ५.२. सुझाव

नेपाली भाषा नेपालको राष्ट्रिय भाषको मान्यता प्राप्त भाषा हो । यसको संरचना र व्याकरणगत व्यवस्थितता पनि रहेको छ । नेपाली भाषा सरकारी कामकाजको भाष समेत भएकोले सही लेखनमा जोड दिने गरिन्छ । नेपाली भाषामा साहित्यका विभिन्न विधाहरु सिर्जना गर्ने गरिन्छ । भाषा लेखनका आ-आफ्नै शैली अपनाइएको हुन्छ । जुनसुकै शैली अपनाए पनि नेपाली व्याकरणगत नियमलाई पालना गर्नु पर्दछ । कथाकार रविमान लमजेलको 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा शैलीगत सुधार गर्नुपर्ने पक्षलाई बुँदागत रुपमा निम्न प्रस्तुत गरिएको छ :

क) व्याकरणिक नियमलाई पालना गर्नु पर्ने देखिन्छ ।

ख) वाक्य गठनको संरचनामा समेत ध्यान दिनु पर्ने देखिन्छ ।

ग) पात्रगत स्तर अनुसार भएको विचलनमा ध्यान दिनु पर्ने देखिन्छ ।

घ)भाषा मिठासपूर्ण बनाउन स्तरियतामा ध्यान दिनु पर्ने देखिन्छ ।

ङ) साहित्य समाजको पथप्रदर्शक हुने भएकाले सुधारको शैली अपनाउनु पर्ने देखिन्छ ।

## ५.३ अध्ययनको उपयोगिता

'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट धनबहादुरको प्रतिशोध, चुनाव, मूल्याङ्कन, हाकिमको कुटनीति, कागजी बाघ, शहिद दिवस, हात्तीको देखाउने दाँत, जन्तरे काका, मोलतोल, भिनाजुको करामत कथामा विशेष गरेर पूर्वी पहाडि नेपाली समाजमा घटेका घटना र त्यहाँ बसोबास गर्ने नेपालीहरुले भोग्नु परेका समस्याहरुको चित्रण गरिएको छ ।

यस शोधकार्यले कुनै पनि साहित्यिक सिर्जनाहरुको शैली वैज्ञानिक अध्ययन गर्न इच्छुक शोधकर्तालाई उपयोगी  हुनेछ । यस कथा सङ्गालो भित्रका कथाहरुको भाषिक पक्षका बारेमा आँकलन गर्न सहयोग पुग्नेछ । कथाकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त भई आगामी दिनमा सुधारको बाटो खुल्नेछ । यस कथा सङ्गालो भित्रका कथाहरुमा मानक भाषाका साथै कथ्य भाषाको र पूर्वेली भाषिकाको विशेष प्रयोग गरिएको छ । कथा सङ्गालो भित्रका कथाहरु सरल, सहज र सबै तहका पाठक वर्गले बुझ्न सक्ने बोधगम्य रहेका छन् ।

### ५.३.१ शैक्षणिक उपयोगिता

१, प्रस्तुत अध्ययनबाट नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोग पुग्नेछ ।

२, यस अनुसन्धानबाट भाषा शिक्षण विधामा थप अनुसन्धान गर्ने आधार तय हुनेछ ।

३, यस अनुसन्धानबाट कथाको कथावस्तु र पात्र, चयन र विचलनका आधारमा विश्लेषण गर्न विश्लेषकलाई सहयोग पुग्नेछ ।

४, भाषा शिक्षणक विधि र पद्धतिहरुमा थप सहयोग पुग्नेछ ।

५, भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग पुग्नेछ ।

## ५.४ भावी अनुसन्धान पक्ष

कथाकार रविमान लमजेलद्वारा सिर्जना गरिएको 'आस्थाका पदचापहरु' कथा सङ्गालोमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययनले शैली विज्ञानसँग सम्वन्धित विषयमा अनुसन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्वपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति कथाकारका रचना, कृतिहरु भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्न लिखित शीर्षकहरु हुन सक्छन् :

(क) कथाका तत्वका आधारमा 'आस्थाका पदचापहरु' कथा सङ्गालोको विश्लेषणत्मक अध्ययन

(ख) 'कोशी अञ्चलको साहित्यिक इतिहास'को शैली वैज्ञानिक अध्ययन

(ग) 'आकाश चुम्ने रहरहरु' कविता सङ्ग्रहको शैली वैज्ञानिक अध्ययन

(घ) 'उन्मुक्त आवेगहरु' कविता सङग्रहको शैली वैज्ञानिक अध्ययन

(ङ) 'सिर्जनाका छालहरु' कविता सङ्ग्रहको शैली वैज्ञानिक अध्ययन

(च) 'मनभित्रका खुल्दुलीहरु' कविता सङग्रहको शैली वैज्ञानिक अध्ययन

(छ)' आस्थाका पदचापहरु' कथा सङ्गालोका तोकिएका दस कथा बाहेकका कथामा शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६२,) **सामाजिक र प्रायोगिक भाषा विज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, नरेन्द्र प्रकाश (२०७२), **अन्तर्व्यथा : आजको कथा सङ्ग्रहमा समाविष्ट कथाहरुको शैली वैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, झापा : कन्काई बहुमुखी क्याम्पस सुरुङ्गा ।

धमला (२०६१), **अनिदो पहाडसँगै उपन्यासको शैली वैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, काठमाण्डौँ : त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

नेपाल, घनश्याम (सन् १९९२), **शैली विज्ञान**, गान्तोक : आकुरा प्रकाशन ।

पन्थी, कविता (२०६३), **बसाई उपन्यास शैली वैज्ञानिक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।


बम, इन्द्रबहादुर (२०६४), **उपसंहार अर्थात चौथो अन्त्य उपन्यासको शैली वैज्ञानिक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

भण्डारी, एकराज (२०६६), **स्रष्टा रविमान लमजेल : व्यक्ति र कृतित्व**, पाँचथर : लेखक ।

लमजेल, रविमान २०६९), **कथा सङ्गालो, आस्थाका पदचापहरु**, तेह्रथुम : केरेपे प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र प्रसाद (२०५५) **शोधविधि**, काठमाडौ : साझा प्रकाशन ।

# व्यक्तिगत विवरण



नाम : भिमकुमारी भण्डारी
ठेगाना : हिलिहाङ-२, पाँचथर
जन्म मिति : २०२९/१२/०३
बुबाको नाम : भगिरथ शर्मा भण्डारी
आमाको नाम : नैनकला भण्डारी
श्रीमान् : केशवप्रसाद गौतम
लिङ्ग : महिला
राष्ट्रभाषा : नेपाली
सम्पर्क : ९८६२६४६६८४
रुचि : समाजसेवा, अध्ययन र भ्रमण गर्ने
पेशा : शिक्षण
कार्यरत : सिंहपुर पशुपति मा.वि.

## शैक्षिक योग्यता

| क्र.सं. | तह | शैक्षिक संस्था | वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | अमरपुर मा.वि., अमरपुर, पाँचथर | २०४८ |
| २ | आइ.एड. | महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम | २०५१ |
| ३ | बि.एड. | महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम | २०५४ |
| ४ | एम.एड. | पाँचथर बहुमुखी क्याम्पस, पाँचथर | अध्ययनरत |